कु. ४. ५३५

विजया-दशमी

अष्टभुजा भगवती दुर्गा

डाति.पु. ५३५

महिषासुरमर्दिनी भगवती दुर्गा

महिषान्तकारी येन पूजिता स जगत्प्रभुः
महिषासुर (दुष्ट) लाई नाश गर्ने भगवती दुर्गाको
जसले पूजा (उपासना) गरो, त्यो संसारको मालिक भयो
अर्थात् त्यसलाई मन, वुद्धि र शरीरद्वारा कसैले जित्न सक्तैन

५.१
९३००
NEPAL SANSKRIT UNIVERSITY
पुस्तकालय

विजया-दशमी

(देवीभागवत र दुर्गासप्तशतीमा आधारित)

पुण्य निरौला

प्रस्तोता

(सकलक, अनुवादक तथा लेखक)

प्रकाशिका
श्रीमती दुर्गादेवी निरौला
कुरिया गाउं बवरमहल ११
काठमाण्डू

२०४६।४।२२ नाग-पंचमी, ऋषि-तर्पणी

सर्वाधिकार लेखकमा सुरक्षित

मुल्य रू २०।-

प्रथम संस्करण ३००० प्रति

पुस्तकप्राप्तिस्थान:-
-हिमाक्षपुस्तकालय कुरिया गाउं बवरमहल
ख १-८-९ काठमाण्डू २
फो. नं. २-२७२७६
-रत्नपुस्तकभण्डार भोटाहिटी काठमाण्डू

मुद्रक:-
सृजना प्रिण्टर्स ब्रह्मटोल काठमाडौं । फो. नं. २१४६७१

विषय-सूची

क. सं.	विषय	पाना
१.	समर्पण ।	क
२.	श्रीमान उपकुलपति हरिदेव मिश्रज्यू (महेन्द्रसंस्कृतविश्वविद्यालय) को सम्मति ।	ग
३.	नम्र निवेदन ।	ङ
४.	प्रथम भागः-	
	(१) विजया- दशमी पर्वको सामान्य परिचय ।	१–८
५.	द्वितीय भागः-	
	(१) विजया–दशमी पर्वकी अधिष्ठात्री भगवती दुर्गाका स्वरूप, नाम, काम, महानता, सर्वोपरी, सर्वशक्तिसंपन्नता, पूजा र आराधना सम्बन्धी सैद्धान्तिक पौराणिक कुरा ।	९–२७
६.	तृतीय भागः-	
	(१) भगवती दुर्गाको पूजाका लागि चाहिने सामान	२८
	(२) घटस्थापनाका लागि साइतजुराउने शास्त्रीय कुरा ।	३०
	(३) दुर्गापूजास्थानका भूत हटाँउने र पवित्र पार्ने मन्त्र ।	३१
	(४) प्रतिज्ञासंकल्प, गोदान, ब्राह्मणवरण, दियो, कलश, गणेश र अष्टमातृकापूजा, पुण्याहवाचन र नवग्रह–अर्चना ।	३२
	(५) जमरा राख्न जौ धुने र जमरा राख्ने मन्त्र तथा घटस्थापना ।	३३

(६) भगवती दुर्गा, जयादि शक्ति देवीहरू, नवदुर्गा, सरस्वती र ब्रह्मा, लक्ष्मी र विष्णु, पार्वती र शिव, सिंह, महिषासुर, नन्दजा आदि ६ देवीहरू, अष्टमातृका, प्राणीहरूमा रहने २४ देवीहरू, आठ क्षेत्रपाल, अष्टमातृकाका गण, वाहन र हतियारको सोह्र सामाग्रीद्वारा पूजा । ३४

(७) भगवती दुर्गालाई आवाहन र प्रार्थना गर्ने मन्त्र ३८

(८) कन्यापूजा (के का लागि कस्तालाई पूजा गर्ने शास्त्रीय आधार सहित) । ४०

(९) नवार्ण–मन्त्रजप, दुर्गासप्तशतीपाठ, अग्निस्थापना र होम । ४१

(१०) वलि–अर्पण । ४३

(११) दुर्गादेवीको स्तुति, आरति र पुष्पान्जलि गर्ने मन्त्र । ४४

(१२) सप्तमी, अष्टमी, नवमी र दशमीमा गर्नु पर्ने कार्य । ४७

(१३) क्षमायाचना, विसर्जन, अर्पण र टिका लगाइ दिंदा भन्ने मन्त्र । ४९

(१४) विजया–दशमी चाडका उपलव्धी । ५३–५५

७. चतुर्थ भागः–

(१) दुर्गासप्तशतीको देवीकवच, अर्गला (दुवै मूल संस्कृतसहित) र कीलक नेपालीमा रूपान्तर ५६–७१

(२) दुर्गासप्तशतीको १ अध्यायदेखि १३ अध्यायसम्म (देवीसूक्त देवी–स्तुति मूल संस्कृत सहित) नेपाली अनुवाद । ७१–८९

(३) देवी–भागवतका सार कुरा ९०

(४) उपसंहार अन्तर्गत भगवती दुर्गाका भक्तहरू (उपासकहरू) ले जान्नु, बुझ्नु र अनुसरण गर्नु पर्ने कुरा ९१

समर्पण

नाराधितासि विधिना विविधोपचारैः
किं रूक्षचिन्तनपरैः न कृतं वचोभिः ।
श्यामे त्वमेव यदि किन्चन मय्यनाथे
धत्से कृपामुचितमम्ब परं तवैव ॥

हे श्याम वर्णकी आमा, (मैले) नाना प्रकारका पूजा सामाग्रीहरूद्वारा विधिपूर्वक (तपाईको) आराधना गरिन। (मेरा) रूखो कुरामात्र सोच्ने वाणी (वचन) ले के अपराध गरेनन् र ?, अर्थात् कयौं अपराध गरे, त्यसो हुँदा हुँदै पनि तपाईले नै अनाथ म माथि केही कृपा गर्नु भएको छ, हे आमा, (यो) तपाईको उचित र महानता नै हो । किनकि तपाई जस्ती दयामयी आमा नै म जस्ता खराब छोरालाई सहारा दिन समर्था हुनुहुन्छ ।

हे दुर्जन–संहारिका, सज्जन–संरक्षिका, भक्तोद्धारिका, ज्ञानदा, मोहदा, मोक्षदा, सर्वपूज्या, सर्वशक्तिसंपन्ना, सर्वत्र व्यापिनी समस्त शक्तिहरूकी पनि स्वामिनी अर्थात् महाशक्ति, सम्पूर्ण देवता र देवीहरूकी पनि देवी महादेवी, मूल प्रकृति, आदिशक्ति, जगज्जननी, ममतामयी, करूणाकी मूर्ति, दयालु, भगवती दुर्गा माता, तपाईकै

अपार तथा असीम कृपावाट मात्र यो पुस्तक लेख्न, प्रकाशन गर्न तथा उपासकहरूका हातमा पार्न सफल भएकोले यस पुस्तकका समस्त शब्दकुसुम (शब्दरूपी फूल) शिर निहुऱ्याई भक्तिपूर्वक तपाइलाई नै समर्पण गर्दछु (चढाउँछु)।

आमा, ब्रह्मा, विष्णु, रूद्र र इन्द्र आदि कयौं देवताहरू, अनेकौं ऋषिहरू, ज्ञानीहरू, उपासकहरू तथा साधकहरूले पनि आदि अन्त्य पत्ता लगाउँन नसकिएकी तपाईका विशेषता, महिमा, कार्य, लीला, पूजा, उपासनाका काम कुरा प्रकाशमा ल्याउँने हठ र दुष्प्रयास गरी मैले आफ्नो अति अल्पज्ञताको प्रदर्शन गरेको छु, त्यस अपराधका लागि यो अल्पज्ञ र हठी पुत्र हो भनी मलाई माफ गरी दिन तपाईसंग सनम्र प्रार्थना गर्दछु। किनकि आमा, छोरो खराव हुन सक्तछ तर माता कहिल्यै पनि खराब हुनुहुन्न अर्थात् खराव छोराका सम्बन्धमा पनि आमा सधै नै असल काम कुरा सोच्नु र गर्नु हुन्छ। त्यसैले शास्त्रले पनि घोषणा गरेको छ :-

कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति।

भगवती-दुर्गादास

लेखक

सम्मति

शरणागतदीनार्त – परित्राण – परायणे ।
सर्वस्यार्तिहरे देवी नारायणि नमोऽस्तु ते ।।

महेन्द्र संस्कृत विश्वविद्यालयको नवस्थापन । त्यसको अनन्त कार्यावली । त्यसमा मेरो पदीय गुरुतर दायित्व । त्यसैले अत्यन्त व्यस्त दिनचर्या । यस्तो स्थितिमा पनि मैले स्नेहास्पद श्रीपुण्य निरौलाज्यूको आग्रहलाई उपेक्षा गर्न सकिन । जसरी भएपनि समय निकालेर "विजया–दशमी" को पाण्डुलिपि सरसर्ती पढें ।

प्रथमतः आद्याशक्ति जगज्जननी भगवती विजयाको पावन प्रसङ्ग उठाई ',विजया–दशमी" नामक प्रवन्ध रचना गर्न श्री निरौलाज्यूको लेखनी अग्रसर हुनु यही नै साधुवादको विषय हो । जगत–गुरु श्रीशङ्कराचार्य भन्नुहुन्छ –

शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं
न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि
अतस्त्वामाराध्यां हरिहरविरञ्चादिभिरपि
प्रणन्तुं स्तोतुं वा कथमकृतपुण्यः प्रभवति ।।"

भावना गङ्गा–कविता संग्रह, पार्वती, देवता, अस्थिपन्जर, सच्चा प्रेमी आदि समाज सुधारका दृष्टिले लेखिएका कथा, कविता उपन्यासहरूका लेखक श्रीनिरौलाज्यूको वय, विवेक र अभ्यासको परिपाकबाट निःसृत प्रस्तुत रचना विषय, तत्परक विश्लेषण र मिठो एवं सरल भाषा आदि कारणले अझ बढी परिस्कृत र सुन्दर देखिनु स्वभाविक हो ।

यसमा "धाता यथापूर्वमकल्पयन्" को सिद्धान्त अनुसार अनादिकालदेखि चल्दै आई संस्कृतिको रूप लिएको वडा दशैंको राष्ट्रिय चाड एवं त्यससंग सम्बद्ध हाम्रा धार्मिक, आर्थिक, सामाजिक मान्यताका पक्षहरूमा श्रमपूर्ण अनुशीलन भएको छ। यसरी नयाँ साहित्य दिनु भन्दा पूर्व आवश्यक तैयारीका निमित्त अपेक्षित विषयवस्तुको गम्भीर अध्ययन पूर्ण गरेर मात्र लेखकले लेखनी चलाएको स्पष्ट छ।

भगवती शक्तिको पूजा, आराधना र उपासनाका सम्वन्धमा नवरात्रका सन्दर्भमा गरिने आर्षविधिलाई परिशीलन गरेर प्रस्तुत गर्नुभएवाट पनि प्रस्तुत रचना विशेष ग्राह्य हुन जानेछ।

लेखकले हामा सांस्कृतिक चाडमा देखापरेका केही अनपेक्षित विकृतिहरूलाई पनि यथास्थान औंल्याउन छोड्नु भएको छैन र ती विकृतिहरूलाई हेय मान्दै त्याग्न समाजहितका दृष्टिले सुझाव सहित आग्रह गर्नु भएको छ। यसवाट लेखकको स्वतन्त्र विवेचना शक्तिको परिचय मिल्छ।

अन्त्यमा राष्ट्रिय चाडहरूमा प्रमुख "विजया-दशमी" को विषयमा लेखकको लेखन उद्योग प्रशंसनीय छ। पुस्तक उपयोगी छ।

डा० हरिदेव मिश्र

उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

२०४६ नागपन्चमी तथा ऋषितर्पणी
दाङ्ग।

निवेदन

प्राचीन–कालदेखिनै भगवान शंकर (पशुपति) भगवती पार्वती आदि अनन्त देव, देवीहरूले बास गरेको देव–भूमि, वाल्मीकि कुश, गण्ड, ने, याज्ञवल्क, विश्वामित्र आदि विभिन्न ऋषिहरूले तप गरेको तपोभूमि, जनक जस्ता ज्ञानीहरू र अहिंसा तथा शान्तिका पूजारी बुद्धले जन्म लिएको अहिंसा र शान्तिको क्षेत्र नेपालका निवासी हामी नेपालीहरू धार्मिक र सांस्कृतिक संपदाका ज्यादै धनी छौं। हामीसंग धार्मिक र सांस्कृतिक संपत्तिको मूल्यवान र विशाल भण्डार छ। हाम्रो धर्म र संस्कृतिको जग (आधारशीला) विश्वको सबभन्दा प्राचीनतम श्रुति (वेद) र स्मृति (धर्मशास्त्र, रामायण, पुराण, उपपुराण, महाभारत र गीता आदि) हुन्। श्रुति र स्मृतिमा बताए अनुसार गर्छु भन्ने धारणा (दृढ निर्णय) लिनु अर्थात् अठोट गर्नु धर्म हो र त्यस अनुसार गर्नु संस्कृति हो। संक्षेपमा धर्म सिद्धान्त या सूत्र हो, संस्कृति त्यस सिद्धान्त वा सूत्रको प्रयोगात्मक (व्यवहारिक) क्रिया हो। श्रुति र स्मृतिले तोकेको दिन र समयमा नुहाई, व्रत लिई, केही नखाइ, देव-देवीहरूको पूजा, आराधना गर्नु, उनीहरूका महात्म्य सुन्नु र दान गर्नु धार्मिक काम कुराको प्रयोगात्मक क्रिया अर्थात् सांस्कृतिक काम कुरा हुन्। त्यसता दिन र समयलाई वेद र स्मृतिले बहुतनै पवित्र, पुण्य र पर्व दिन वा समय मानेको छ।

त्यसता दिनहरूमा परशुराम-तृतीया (भगवान परशुराम उत्पन्न भएको दिन) नृसिह–चतुर्दशी (भगवानले नृसिंह अवतार लिई हिरण्यकशिपुलाई मारी भक्त प्रह्लादको उद्धार गर्नु भएको तिथी), बुद्धपूर्णिमा (भगवानले बुद्ध अवतार लिएको दिन)

ऋषि–तर्पणी–पूर्णिमा (सात ऋषिहरूलाई पूजी, ज्ञानको प्रीतक यज्ञोपवीत र रक्षावन्धन धारणा गर्ने दिन), कृष्णाष्टमी (भगवानले कृष्ण अवतार लिनु भएको तिथी), तीज (भगवती पार्वतीले भगवान शिवलाई पति पाउन पूजा र आराधना गरेको दिन), बिजया–दशमी (भगवती दुर्गादेवीको पूजा, आराधना गरी शक्ति प्राप्त गर्ने पर्व), तिहार (काग, कुकुर, लक्ष्मी, गाई, यमराज, दाजु र भाइको पूजा गर्ने चाड), श्रीपन्चमी (सरस्वतीलाई पूज्ने दिन), स्वस्थानी–पूर्णिमा (श्रीस्वस्थानी परमेश्वरीको एक महिने पूजा र आराधनासमापन गर्ने तिथी) र राम–नवमी (भगवानले राम अवतार लिनु भएको तिथी) उल्लेखनीय छन् । यी अतिरिक्त अरू पनि चाड छन् । प्रस्तुत दिन र समय किन र कसरी पवित्र ठहरिए ?, पर्व मानिए ?, तिनका विशेषता के हुन् ? र छन् ?, ती दिनहरूमा कसरी व्रत लिने ?, कसको पूजा कसरी, के चिजले, कुन मन्त्रद्व,रा गर्ने ? र त्यसो गर्दा के फल पाइन्छ ? जस्ता विविध कुराहरूको विवेचना श्रुति र स्मृतिहरूमा पाइन्छ ।

प्रस्तुत मध्ये विजया–दशमी पनि एक चाड हो भन्ने कुरा माथि नै उल्लेख भै सकेको छ । यो ज्यादै जनप्रिय, नेपाल–अधि राज्यव्यापी, महत्त्वपूर्ण र राष्ट्रिय पर्व हो । यो पर्व हामी नेपालीहरू प्रत्येक वर्ष आश्विन महिनाको शुक्ल पक्षको प्रतिपदादेखि पूर्णिमा-सम्म अर्थात् पूरा १५ दिन ठूलो हर्ष, उमङ्ग र उत्साहका साथ भव्यरूपले मनाउँछौं । यस अन्तर्गत जमरारोपण (जमरा राख्ने), घटस्थापना, भगवती दुर्गा र अन्य देव देवीहरूको पूजा, आराधना, कन्यापूजा, मान्यजनवाट प्रसाद (टिका र जमरा) लगाउने, आशिर्वाद थाप्ने, मीठो मीठो खाना खाने, राम्रा राम्रा नाना लगाउने, पिङ्ग खेल्ने जस्ता काम कुरा गरिन्छन् ।

यस चाडका विषयमा जान्नु र वुझ्नु पर्ने काम कुरा अनेकौं छन् । प्रस्तुत काम कुराको यथार्थ जानकारी कतिपयलाई छैन । नजानी वा आ–आफूले जे जस्तो जानेको छ, त्यसै अनुसार

भगवती दुर्गाको पूजा र आराधना गर्ने काम भै रहेको छ। सबैलाई जानकारी नहुनुको कारणहरूमा प्रस्तुत काम कुरा अनेकौं पुस्तकहरूमा छरिएर रहनु, एक पुस्तकमा एक किसिमका, अर्कामा अर्कै किसिमका काम कुरा हुनु, संस्कृत भाषामा हुनु, संस्कृत सबैले नजान्नु, जान्नेले नजान्नेलाई नबताउनु, प्रस्तुत सबै कुरा भएको सर्वसाधारणले बुझ्ने किसिमको एउटै पुस्तक नहुनु र प्रचार प्रसार नहुनु जस्ता काम कुरा प्रमुख हुन्। कुनै काम कुरा राम्रो, उपयोगी, लाभदायक र महत्वपूर्ण भएर मात्र हुँदैन। तिनको महत्व र उपयोगिताको बोध सर्वसाधारणलाई पनि हुनु अनिवार्य हुन्छ। तब सर्वसाधारणले पनि ती काम कुरा गरी गराइ, तीबाट फाइदा हासिल गर्न सक्छन्। यथार्थ ज्ञान अथवा महत्वको जानकारीको अभावमा उपयोगी र लाभप्रद काम कुराबाट हामी लाभान्वित हुन सक्दैनौं र ती काम कुरा लोप हुंदै जाने संभावना पनि हुन सक्तछ। यसरी नै महत्व र सार कुराको बोधको अभावबाट हाम्रा धार्मिक र सांस्कृतिक काम कुराहरू पनि क्रमशः लोप हुँदै जाने र एक दिन अपार धार्मिक तथा सांस्कृतिक संपदाका धनी हामी बेगर धर्म र संस्कृतिका तथा खोक्रा हुने स्थितिलाई पनि नकार्न सकिन्न।

त्यसैले विभिन्न ग्रन्थहरूमा छरिएर रहेका आजको युगमा पनि गरिंदै मानिंदै आएका र उपयोगी तथा व्यवहारिक धार्मिक र सांस्कृतिक काम कुरालाई एकत्रित पारी बाझिएका र दोहोरिएका काम कुरालाई हटाई युग सुहाउँदो हुने गरी भरसक सरलीकरण र संक्षेपीकरण गरी आवश्यक कुरा मात्र अर्थ सहित संकृतमा नै रहन दिइ बांकी सब कुरा नेपालीमा उल्था र प्रकाशन गरी गराइ प्रचार प्रसारद्वारा सर्वसाधारणमा पुऱ्याइ तिनको महत्व र उपयोगिताको बोध गराउनु नितान्त आवश्यक हुन आएको छ।

यसका लेखकलाई पनि दुइ वर्ष अगाडि विजया दशमीमा

भगवती दुर्गाको पूजाको विषयमा यकिन कुरा पत्ता लाग्न नसकी ठूलो अप्ठ्यारो पर्न गयो । दुर्गापूजाका विषयमा वार्षिक रत्नावलीमा एक किसिमका कुरा छन् भने रुद्रीको रुद्रार्चन विधीको दुर्गापूजा-प्रकरणमा अर्का किसिमका कुरा छन् । त्यस्तै देवीभागवतमा पनि फरक छ । संस्कृतमा केही दखल भएका यसका लेखकलाई त यस्तो समस्या पर्‍यो भने सर्वसाधारणलाई कस्तो अप्ठ्यारो परेको होला भन्ने ठानी प्रस्तुत ग्रन्थहरूको अध्ययन तिनीहरूमा लेखिएका कुराहरूको मनन, चिन्तन र तत्सम्बन्धी ज्ञाताहरूसंगको छलफलको परिणामस्वरूप यो "विजया-दशमी" आज पाठकका हातमा पुग्न सकेको हो ।

विजया-दशमी चाडको महत्व र विशेषता के हुन् ?, भगवती दुर्गा को हुन् ?, उहांका विशेषता के छन् ?, स्वरूप कस्तो छ ?, उहांले के के गर्नु गराउनु भयो ?, र गर्नु हुन्छ ?, कहिलेदेखि पूजा र आराधना गर्ने परम्परा बस्यो ?, कसले उहाँको पूजा, आराधना गरे ?, र के पाए ?, उहांको पूजाबाट के लाभ प्राप्त हुन्छ ?, उहांको पूजा र आराधना कहिले कसले कसरी गर्ने, पूजा-मण्डप, वेदी र पूजायन्त्र कस्ता आकार र प्रकारका हुनु पर्छ ?, कसरी कहिले जमरा राख्ने ? र घटस्थापना गर्ने ?, उहांको पूजा कुन मन्त्रले गर्ने ?, उहांका साथ कुन कुन देव, देवी र चीजको पूजा गर्ने ?, भगवती दुर्गाको आवाहन, प्रार्थना, स्तुति, आरति र पुष्पान्जलि कुन मन्त्रले गर्ने ?, ती मन्त्रहरूको मतलव के हो ?, कन्यापूजा किन र कसरी गर्ने ? तथा कस्ता कस्ता कन्या पूज्या ठहरिन्छन् ?, नवार्ण-मन्त्र र दुर्गासप्तशतीको पाठको महत्व के छ ?, देवीको प्रसाद (टिका र जमरा) कसरी लगाँउने?, दुर्गासप्तशतीमा के कस्ता कुरा छन् ?, देवीभागवतमा भएका सार कुरा के हुन् ?, भगवतीका भक्तहरू (उपासकहरू) ले जान्नु पर्ने कुरा के छन् ?, र विजया-दशमी मनाउँदाका उपलब्धी के हुन् ? जस्ता सवालहरूको जवाफ यस पुस्तकमा दिन प्रयास गरिएको छ ।

प्रस्तुत उद्देश्यमा म कहाँतक सफल भएँ त्यसको मूल्यांकन पाठक-वर्गले नै गर्नु हुने छ ।

म संस्कृत, धर्म, संस्कृति र धार्मिक तथा साँस्कृतिक काम कुराको विज्ञ होईन । बिशालतमा, गहनतमा, सूक्ष्मतमा जान्न र बुझन नसकिने मूल प्रकृति, आदिशक्ति भगवती दुर्गादेवीको महिमा, महात्म्य, पूजा तथा उपासनाका सम्वन्धमा चर्चा गर्नु आकाशका अनन्त तारा गन्न खोज्नु जस्तो दुष्प्रयास र बालकपन मात्र हो । धार्मिक र सांस्कृतिक काम कुरा प्रतिको मेरो अगाध श्रद्धा र आस्थाले नै मलाइ यो दुष्प्रयास गर्न उत्प्रेरित गऱ्यो । त्यसैले यसमा अल्पज्ञताका कयौं भूलहरू मूर्तरूपमा देखापर्नेछन् । त्यसैले हाम्रो महान पर्व विजया-दशमीका काम कुराहरूको पात्रो यो पुस्तक आ - आफ्ना घरमा राखी पढि दिन, यसमा भएका काम कुराहरूको ख्याल राखी प्रस्तुत चाड शास्त्रीय विधीले मनाउँन र सही सुझाव प्रदान गरी अर्को संस्करणमा भूल सुधार गर्न मौका दिन समस्त धर्मानुयायी, संस्कृति-प्रेमी र भगबतीका भक्तहरूसंग करद्धय जोडी अतिनम्रताका साथ निवेदन गर्दछु ।

अन्त्यमा आफ्नो महानतम र गहनतम जिम्मेवारीको कार्य संपादन गर्न नै कम भएको मूल्यबान समय पनि खर्च गरी सम्मति लेखी यस पुस्तकको गरीमा बढाइ, मलाई पनि हौसला प्रदान गर्नु-हुने विद्वान् तथा संस्कृतका महान ज्ञाता श्रीमान हरिदेव मिश्रज्यू (उपकुलपति, महेन्द्र-संस्कृत-विश्वबिद्यालय) मा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो पुस्तक लेख्न र प्रकाशन गर्न सहयोग दिनु हुने सबै महानुभावहरूलाई पनि हृदयदेखिनै धन्यवाद दिन्छु । अस्तु ।

विनीत
लेखक

निवेदन :-

यस पुस्तकका लेखकद्वारा लिखित "पूजा-दर्पण" जरूरी पढ्नु होस् र जान्नु होस् :- पूजाको अभिप्राय, उद्देश्य, लाभ, किसिम, पूजा गर्ने मन्त्र र स्तोत्र, तिनको अर्थ, पूजामा चाहिने सामान, ती तयार पार्ने तरिका, पूजासंवन्धी काम कुरामा पहिलेनै जानी राख्नु पर्ने कुरा, मण्डप, वेदी र चक्रका नमूना, मतलव र नेपाली अर्थसहित संकल्प, दियो, कलश र गणेश-पूजाविधी, क्षमा-याचना, विसर्जन, अभिषेक गर्दा, तिलक, टिका लगाई दिंदा र डोरो वाध्दा भन्ने मन्त्र (अर्थ सहित) जस्ता देवदेवीका पूजासंवन्धी कुरा अनि तपाई पनि पण्डित र पुरोहित वेगर नै पूजा गर्न गराउँन सक्ने बन्नुहोस् । प्रस्तुत पुस्तक पनि यो पुस्तक प्राप्तिस्थानमानै पाइन्छ ।

प्रकाशिका

विजया-दशमी

प्रथम भाग

मौसम र सफा सुग्घरको दृष्टिमा शरद ऋतु अति उत्तम मानिन्छ । यस ऋतुमा न बढी गर्मी हुन्छ, न जाडो नै । वर्षा बन्द भै सबतिर ओभानो, सफा सुग्घर र आकाश निर्मल हुन्छ । जमिनमा सबतिर हरियो कपडा बिछ्याए झैं हरियाली देखिन्छ । ठाउँ ठाउँमा पाकेको भदै धान, फुलेको तोरी, फिलुङ्गे र सयपत्री फूल त्यस हरियो कपडाको बीच बीचमा पहेंला रंगका बुट्टा जस्ता भान पर्छन् । यस बेला प्रकृति पनि ज्यादै मनोहर र सुन्दर देखिन्छ । मानौं पहेंला बुट्टा भरिएको हरियो ओड्ने ओढेकी प्रकृति देवी हाँसि-रहेकी, नाचिरहेकी र रमाइरहेकी छिन् । त्यसरी प्रकृति देवी रमा-एकी यस ऋतुमा वैदिक दर्शनका अनुयायीहरू पनि पितृहरू, देवीहरू र देवहरूलाई पूजी, प्रसाद टिका लगाई, मीठो मीठो खाई, राम्रा राम्रा लुगा लगाई रमाइलो मनाउँछन् । त्यस कारण शरद ऋतुलाई पितृहरू, देवी, देवताहरू र मानिसहरूलाई असीम प्रसन्न, खुशियाली र आनन्द-प्रदाता भन्नु अत्युक्ति हुने छैन ।

यस ऋतुको आश्विन महिनाको कृष्ण-पक्ष (प्रतिपदादेखि औंसीसम्म) मा पितृहरूको पूजा, स्तुति र प्रार्थना गरिन्छ । त्यसैले यस पक्षलाई पितृ-पक्ष भन्ने गरिएको छ ।

यसै शरद ऋतुको आश्विन महिनाको शुक्ल–पक्षमा प्रसिद्ध चाड (पर्व) विजया दशमी पर्दछ र प्रतिपदादेखि नवमीसम्म नवरात्र व्रत लिई शक्तिकी प्रतीक भगवती दुर्गाको पूजा, आराधना, उपासना र प्रार्थना गरिन्छ । त्यसैले यस पक्षलाई **देव–पक्ष** भनिन्छ ।

प्रतिपदादेखि नवमीसम्म अर्थात नौ दिन भगवती दुर्गाको पूजा, आराधनाबाट दशमीका दिन विजया (सिद्धि) प्राप्त हुने हुँदा यस चाडलाई **"विजया–दशमी"** भनिएको हो । यस चाडलाई "दशैं" (विजया–दशमीका महत्वपूर्ण दिन प्रतिपदादेखि दशमी–त्यसै दिन भगवती दुर्गाको विसर्जन गरी प्रसाद टीका र जमरा लगाइन्छ–सम्म अर्थात् दश दिन भएकाले त्यसैको आधारमा दश दिन, दशै दिन, दशैं भन्दा भन्दै बोलीचाली शब्दमा दशैं भनिन लागिएको हो ।) दुर्गाको पूजा हुने हुनाले **"दुर्गा–पूजा"**, टीका लगाइने हुँदा **"टीका"** नौ रातसम्म व्रत लिइने हुनाले **"नवरात्र व्रत"** चैत्रमा पनि दशैं मनाइने हुनाले त्यसलाई दशैं मात्र र यसलाई, **"बडा दशैं"** र **"नौ–रथा"** (नवरात्रसम्म व्रत लिई भगवती दुर्गाको पूजा, आराधना हुने हुँदा अप–भ्रंस हुँदै नवबाट नौ, रात्रबाट रात, रातबाट राथ, राथबाट रथ, रथबाट रथा हुन गै नौरथा नाम रहन गएको हुनु पर्छ) पनि भनिन्छ ।

विजया–दशमी नेपालीहरूको अत्यधिक प्रिय, महत्वपूर्ण र राष्ट्रिय चाड हो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका र विदेश-स्थित नेपालीहरू पनि यो चाड समानरूपले रमाइलोसँग मनाउँछन् । भौगोलिक, सामाजिक, आर्थिक र शारीरिक अवस्था आदि कारणबाट खुवाई र लगाइमा फरक परेता पनि यस चाड प्रति सबै नेपालीहरूको श्रद्धा, आस्था, आदर, उत्साह र उमङ्ग समान पाइन्छ । यो चाड मनाउन एक महिना वा पन्ध्र दिन अगाडिदेखि नै तयारी सुरू गरिन्छ । व्यक्तिगत घर, सामाजिक र सरकारी भवनहरू तथा मन्दिर आदिको पोत लिप र रंग रोगन गरिन्छ । घर र भवनहरूका

आसपासका बाटाहरू, सडकहरू मर्मत, सुधार गर्ने, माटो, ढुङ्गा, रुख, झार, मैलो र फोहोर हटाउने काम हुन्छ । कपडा किनिन्छ र लुगा सिलाइन्छ । दुना, टपरी गाँस्ने, विभिन्न अचार वनाउँने, चामल, चिउरा कुट्ने, किन्ने, दही, दूध, कुराउनी, घिउ, तेल, चिनी, मिश्री, सख्खर, खसी, वोका, राँगा, कुखुरा, हाँस, अनेकौं मसला र पूजाका सामानको जोहो अर्थात् किन्ने, तयार पार्ने, साँचेर राख्ने जस्ता काम गरिन्छन् । अधिकाँश दशैंका लागि भनि पहिले देखिनै घिउ, चामल, दही साँचेर, खसी, वोका, सुंगुर, राँगो र कुखुरा पालेर राख्छन् पनि । गरीबहरू पनि ऋण गरी वा भएको आफ्नो अन्य चीज बेची दशैंलाई चाहिने सामान वन्दोवस्त गर्छन् । त्यसरी "उ वा त्यो भन्दा म के कम" भन्दै दशैं मनाउन, सामानको जोहो गर्न सबै नेपालीहरूमा होड चल्छ । त्यसैकारण यस चाडलाई राष्ट्रिय चाड भनिएको हो ।

यो चाड अरू व्रतका दिनहरू (शिवरात्री, रामनवमी र कृष्णाष्टमी जस्ता) मा निराहारी (केही नखानु), फलहारी (फल मात्र खानु), एक छाक खानु जस्ता नियम (वन्देज) परक भन्दा राम्रा राम्रा लुगा लगाउनु, मीठो मीठो खानु, रमाइलो गर्नु र खुशीयाली मनाउँनु जस्तो मनोरञ्जन (आमोद प्रमोद) मूलक हो । त्यसो भन्दैमा दशैंमा खानु र लाउनु जस्ता भौतिक काम कुरा मात्र हुंदैनन्, भगवती दुर्गाको पूजा, आराधना, स्तुति, कथा–पठन, श्रवण, दान, हवन, प्रसाद टीका जमरा र आशिर्वाद मान्यजनवाट थाप्नु जस्ता धार्मिक र आध्यात्मिक काम कुरा पनि हुन्छन् । शक्ति अर्थात् भगवती दुर्गा, पूजा, आराधना र उपासनावाट खुशी भै सु–स्वास्थ्य दीर्घायु, समृद्धि प्रदान गर्नु हुन्छ, शत्रु, ताप, पाप, रोग, नाश गर्नु हुन्छ, सन्तान, पति, पत्नी दिनु हुन्छ भनिन्छ । महालक्ष्मी (उहाँकै स्वरूप दुर्गा मानिनु हुन्छ) सद्बुद्धि, सद्विद्या, सुख र समृद्धिकी खानी हुनुहुन्छ, उहाँको उपासनावाट अज्ञानता, अहंकार, इर्ष्या,

काम, क्रोध आदि आसुरी दुर्गुणहरूको नास र दया, परोपकार, सद्बुद्धि, सद्ज्ञान आदि दैवि गुणको उदय भै मानिस देव देवी समान हुन्छ, यस जीवनमा सुख र समृद्धि भोगी मरे पछि स्वर्ग जान्छ र मोक्ष हुन्छ भन्ने भनाइ पनि छ ।

यो चाड आश्विन महिनाको शुक्ल पक्षको प्रतिपदादेखि उक्त पक्षको पूर्णिमा सम्म मनाइन्छ । प्राय धेरै जसो आश्विन महिनामा पर्ने यस चाडका अन्तिम दिनहरू मलमासको कारणबाट यदा कदा कार्तिक महिनासम्म तन्किन्छन् । यस चाडको प्रथम र महत्व-पूर्ण दिन प्रतिपदा हो । यसै दिन शास्त्रीय विधि अनुसार घर घरमा घटस्थापना गरी जमरा राखिन्छ । यस दिन नेपाल अधिराज्यका सबै शिक्षण संस्था र अड्डा खानाहरूमा सरकारी छुट्टी हुन्छ । यसै दिनदेखि उक्त पूर्णिमासम्मका लागि नेपालका सबै शिक्षालयहरू ~~र न्यायालयतर्फका अड्डाहरू~~मा विदा हुन्छ । यसै दिनदेखि नेपाली-हरूका प्रत्येक घरमा र देवीका मन्दिरहरूमा भगवती दुर्गाको पूजा, आराधना, प्रार्थना, स्तुति पाठ र सप्तशती-पाठ सुरू हुन्छ । यी काम नवमीसम्म अर्थात नौ दिन चल्छन् । घटस्थापनाका दिन जमरा मात्र राखी सप्तमी, अष्टमी र नवमीमा भगवती दुर्गाको पूजा, आराधना गर्ने चलन पनि छ ।

विजया दशमीको दोस्रो महत्वपूर्ण दिन सप्तमी हो । यस दिन फूलपाती (केरा, दारिम, धान र वेलपाति आदिका नौ पात) घटस्थापना गरेको अर्थात जमरा राखेको ठाउंमा भित्र्याइन्छ र पूजा पनि गरिन्छ । केरा र धान आदिका वोट पनि भित्र्याउने चलन छ । फूलपाती भित्र्याइने हुनाले यस दिनलाई फुलपातीको दिन पनि भनिन्छ । यस दिन विशेषरूपले महासरस्वती र पुस्तक-हरूको पूजा पनि गरिन्छ । यस दिन किसानहरू खेतमा गै चन्दन, अक्षता र फूलले धानको पूजा गरी धानका वाला र वोट घरमा भित्र्याउँछन् ।

यस दिन देशको राजधानी काठमाडौंको प्राचीन हनुमान ढोका दरवार (त्यसै दरवारमा नेपालको एकीकरणको सिलसिलामा **श्री ५ वडा महाराजाधिराज पृथ्वी नारायण शाह** इन्द्रजात्राको दिन अर्थात विक्रम संवत १८२५ साल असोज महिना १४ गते तदनुसार इस्वी सन् २५ सेप्टेम्वर १७६८ मा सर्वप्रथम प्रवेश गरिवक्सिएको थियो । **श्री ५** हरू पहिले त्यसैमा वसीवक्सन्थ्यो, नारायणहिटी राजदरवार वनेपछि त्यहाँ वस्न छोडी नारायणहिटी राजदरवारमा राज हुन लागि वक्सेको हो ।) मा विशेष समारोहको बीचमा सरकारी स्तरवाटै फूलपाती भित्र्याइन्छ । यस दिन तोकिएको समयमा श्री ५ को सरकारका र संवैधानिक अङ्ग समेतका निजामती, प्रहरी, शाही सेनाका उच्च पदस्थ पदाधिकारीहरू उर्दीको पोशाकमा सर्वप्रथम त्यस दरवारमा भेला हुन्छन् र स्तुति, गान तथा बाजा गाजाका साथ जुलुशको रूपमा काठमाण्डौंको रानी पोखरीको उत्तर तर्फ स्थित जमलमा गै गोर्खा दरवारवाट लगी त्यहाँ राखिएको फूलपाती पूजी त्यहाँवाट लगी हनुमान ढोका दरवारमा भित्र्याउँछन् । यस दिन त्यसरी फूलपाती भित्र्याउने काम गोर्खा दरवारमा पनि हुन्छ । जमलमा फूलपाती पूजेको बेला टुँडिखेलमा शाही सेनाद्वारा वढाई पनि हुन्छ । **श्री ५ महाराजाधिराज र श्री ५ वडामहारानी** टुँडिखेलको वढाइँ र हनुमान ढोका दरवारमा फूलपाती भित्र्याउने समारोहमा ती ठाउँहरूमा सवारी होइवक्सन्छ । यसै दिनदेखि पूर्णिमासम्मका लागि कार्यपालिका र व्यवस्थापिकासम्वन्धी कार्यालयहरूमा विदा हुन्छ ।

जीविका र अन्य विभिन्न कामका लागि घरवाट वाहिर गएकाहरू दशैंमा घर फर्कन्छन् । एकले अर्कालाई लिखित र मौखिक रूपमा विजया दशमीको उपलक्ष्यमा दीर्घायु, सु-स्वास्थ्य र समृद्धिको शुभकामना दिइन्छ । प्रतिपदादेखि नै गाउँमा दमाइहरू घर घरमा घुमी, सनाइ,नर्सिङ्गा, ट्याम्पो र क्याम्टा आदि बाजा बजाइ विहेर्मा पा

वेठी लगाइएको रोपाईंको जस्तो वातावरण सिर्जना गर्छन । जताततै रोटे पिङ्ग र लिङ्गे पिङ्ग झुण्ड्याइन्छन् र तिनमा रंगी विरंगी लुगा लगाएका ठिटा ठिटीहरू झुम्मिएका देखिन्छन् । गाउँ घरमा घटस्थापनादेखि नवमीसम्म विहान बेलुकै शंख, घण्ट र डमरू वज्छन् तथा धुप र आहुतिको मीठो वासना चल्छ ।

यस चाडका तेश्रो र चौथो महत्वपूर्ण दिन अष्टमी र नवमी हुन् । अष्टमीका दिन महाकाली (भद्रकाली) को र नवमीका दिन महालक्ष्मीको विशेष रूपले पूजा गरिन्छ । अष्टमीका दिन महाकाली-लाई वोका, परेवा, कुखुरा, हाँस र राँगो वलि दिइन्छ । यी दिन-हरूमा मानिसहरू आ-आफ्ना कुल देवी, देवता र स्थानीय देवीहरू-लाई पूजी वलि दिन्छन्, कन्या पूजा गर्छन, दुर्गा-सप्तशती पाठ गर्छन् र आहुति पनि दिन्छन् । मासु नखाने वा किन्न गच्छे नभएकाहरू कुभिण्डो वा घिरिम्लो वलि दिन्छन् । यी दिनहरूमा काठमाण्डौका दक्षिणकाली, शोभा-भगवती, भद्रकाली र मैतिदेवी आदि देवीहरू-लाई पनि वलि दिइन्छ । सरकारीस्तरवाटै हनुमान ढोका दरवार, भक्तपुर दरवार र पाटन दरवारका तलेजु भवानीलाई र गोर्खा दर-वारमा गोरखकालीलाई कयौं राँगा, वोका, कुखुरा, हाँस र परेवाको वलि दिइन्छ । अष्टमीका दिन हनुमानढोका दरवारको मूलचोकमा तलेजु भवानीलाई ५४ राँगा र त्यति नै बोका बलि अर्पण गरिन्छ । कुन देवीलाई के र कति वलि दिइने हो, दरवन्दी नै तोकिएको हुन्छ । नवमीका दिन कोत र मौलाहरूको पनि पूजा गरि वली दिइन्छ । यस दिन कलपूर्जा, सवारीका साधन र हतियारहरूको पनि पूजा हुन्छ । शाही सेना रहेका ठाउँहरूका मौलाहरूको पनि पूजा गरिन्छ ।

सप्तमी, अष्टमी र नवमीमा भगवती दुर्गाका भक्तहरू आ-आफ्ना घरका नजिकका देवीका मन्दिरहरूमा गै देवीको पूजा र दर्शन गर्छन् । यी तीनै दिन काठमाण्डौ उपत्यकाभित्रका तीर्थस्थलहरूमा

नुहाउनेहरू र शक्ति देवीहरूका मन्दिरहरू (खास गरी काठमाण्डौका गुहेश्वरो, मैतिदेवी, नक्साल–भगवती, कालिका स्थानकी कालिका, शहीद गेट पूर्वको भद्रकाली, नरदेवी, विष्णुमतीको पश्चिमी किनारामा अवस्थित शोभा-भगवती, विजयेश्वरी, विष्णुमतिकै पूर्वतट स्थित इन्द्रायणी, कंकेश्वरी, ळंकेश्वरी, नयाँ सडक दक्षिणस्थित संकटा, दक्षिणकाली, ललितपुरका कुम्भेश्वरकी बँगलामुखी, कृष्ण-मन्दिर नजीकैकी छिन्नलता, धुमावती, भुवनेश्वरी र वालकुमारी आदिका मन्दिरहरु) मा देवीको पूजा र दर्शन गर्ने भक्त नर नारीहरूको ठूलो भीड लाग्छ ।

यस चाडको पाँचौ र अन्तिम महत्वपूर्ण दिन दशमी हो । यस दिन भगवती दुर्गाको विसर्जन गरी प्रसाद (अवीर र दहीमा मुछेको चामलका टिका निधारमा र जमरा टाउकामा) लगाइन्छ । सर्वप्रथम घरका ठूला मान्छेले घरका आफू भन्दा मुनिकालाई टिका र जमरा लगाई दि नव दुर्गा भगवतीको प्रसादबाट कल्याण होस, स्वास्थ्य राम्रो होस, संपत्ति थुप्रै होस, आयु लामो होस, चिताएको काम कुरा पूरा होस, रोग र शत्रुहरूको नाश होस् तथा मान्छेको पेशा, अवस्था, उमेर र स्वभावका आधारमा कसैलाई छिट्टै विहे होस्, कसैलाई राम्रो केटो वा केटीसँग विहे होस्, कसैलाई छोरा छोरी होउन्, कसैलाई बाबु आमाले भनेको मान्नु, कसैलाई विद्या आओस्, कसैलाई जागीर मिलोस्, कसैलाई बढुवा होस्, कसैलाई व्यापार सप्रियोस्, कसैलाई खेती राम्रो होस्, कसैलाई ज्ञानी र विद्धान हुनु जस्ता शुभ आशिर्वाद दिन्छन्, बुढा,-बुंढी, जवान र केटा-केटी, स्त्री-पुरूषहरू राम्रा राम्रा लुगा लगाइ सर्वप्रथम आफ्ना नजीकका मान्यजन र त्यसपछि अरू मान्यजनका हातबाट नव दुर्गा भगवतीको प्रसाद टीका र जमरा लगाई आशीर्वाद थाप्छन् र आ–आफ्ना रूचि अनुसार चिउरा र मासु, दही र चिउरा, मासु र भात मिठाई आदि खान्छन् ।

श्री ५ महाराजाधिराज दशमीका दिन विहान विजया दशमीको उपलक्ष्यमा देशवासीको नाममा वक्सेको सन्देशमा संपूर्ण नेपाली-हरूको सुस्वास्थ्य, दीर्घायु, समृद्धि र प्रगतिको शुभ कामना प्रकट गरिवक्सन्छ । यसै दिन **श्री ५ महाराजाधिराज** तथा **श्री ५ वडा महारानी सरकार**, अर्ध सरकारी र गैर सरकारी निकायका पदाधिकारी तथा सर्वसाधारण नर नारीलाई टिका लगाइ दि वक्सन्छ । यस दिन नारायणहिटी राजदरवारमा विहान सबेरैदेखि बेलुकासम्म सरकारहरूका वाहुलीवाट टिका थाप्न जानेहरूको ठूलो भीड लाग्छ ।

दशैंमा मान्छेहरू कयौं दिनको बाटा परे पनि धाइ धाइ मान्यजनको हातवाट टिका लगाउन जान्छन् । कयौं समयदेखि नबोलेका र आवत जावत वन्द भएकाहरू पनि वैरभाव छोडी मनको मैलो पखाली टिका र जमरा लगाई आशिर्वाद दिने तथा टिका र आशिर्वाद थाप्ने गर्दछन् । कुनै कुनै टिका लगाउन मान्यजन कहाँ जाँदा कोसेली (केरा, कुराउनी, नरिवल, मिश्री, चिनी, फल र मिठाइ आदि) लाने पनि गर्दछन् ।

त्यसरी टिका लगाउने काम पूर्णिमासम्म चल्छ । आजकल शहरमा कुनै कुनै दशमीका दिनमा मात्र टिका लगाउँछन् । लिम्बु जातिमा कार्तिक महिनाको औंसी (लक्ष्मी–पूजा) सम्म टिका लगाउने चलन छ ।

द्वितीय भाग

भगवती दुर्गा को हुन् ?,उनको शक्ति र स्वरूप कस्तो छ ?, उनका नाम के के हुन् ?, शक्ति पूजाको प्रारम्भ कहिलेदेखि भएको हो ?, शक्ति पूजाबाट के कस्ता लाभ वा फल प्राप्त हुन्छन् ? र पूजा कहिले र कसरी गर्ने जस्ता कुराहरुको ज्ञान हुनु पनि यस प्रकरणमा आवश्यक देखिन्छ ।

प्राचीन आचार्यहरू (महर्षि, राजर्षि, र ऋषि पनि भनिन्छ) ले विशाल, विषम, विविध र आश्चर्यमय, जान्न तथा बुझ्न नसकिने यस ब्रह्माण्ड (विश्व) र यसका अनेक, असमान, अचम्मका प्राणीहरूको संरचना, संचालन, संरक्षण एवं विनाश कुनै संयोग वा मनुष्यको प्रयासबाट मात्र भएको हैन र छैन, यी सब काम कुरा नियमित र व्यवस्थित रूपले गर्ने गराउने दुई सर्वशक्ति-सम्पन्न (जे पनि गर्न ,गराउंन, जहाँ पनि पुग्न र जे पनि बन्न, बनाउंन सक्ने) तत्व छन्, ती तत्व– पुरूष (मूल पुरुष, आदि पुरुष, परम-पुरुष परब्रम्ह र सच्चिदानन्दस्वरूप आदि पनि भनिन्छ) र प्रकृति (आदिशक्ति, मूल-प्रकृति, महाशक्ति सत्यरज-तममयी माया आदि पनि भनिन्छ) हुन्, तिनै पुरुष र प्रकृति मिलेर यस ब्रम्हाण्ड (विश्व) र यसका देवता, असुर, मानिस,जनावर, पंक्षी, वृक्ष आदि स्थलचर, नभचर एवं जलचर प्राणीहरुको रचना, संचालन, पालन र संहार

गर्दछन्, विश्वमा जे जति काम कुरा भए, भैरहेका छन् र पछि हुने छन्, ती सब गर्ने गराउने उनीहरू नै हुन्, हामी निमित्त मात्र हौं भनेका छन् । वेद्, उपनिषद्, दर्शन, पुराण, गीता र तत्सम्बन्धी अन्य ग्रन्थहरूमा तिनै पुरुष र प्रकृतिका अनन्त स्वरुप, कार्य, शक्ति, नाम तथा प्राप्तिका उपायहरू समेतको विवेचना विस्तार-पूर्वक गरिएको छ ।

वेद (शुक्ल यजुर्वेद अध्याय ३३) ले[१] पुरूष हजारौं (हजार भन्दा पनि बढी अनन्त[२]) शिर, हजारौं आँखा, हजारौं पाउ अंग भएका हुनु हुन्छ, उहाँका चार अंश मध्ये तीन अंश ब्रह्माण्ड भन्दा पनि पर अविनाशी (कहिल्यै नाश नहुने) मै प्रकाशपुन्ज (ज्योति)का रुपमा रहन्छन्, उहाँको बाँकीं एक अंश ब्रह्माण्डका प्राणी हुन् अर्थात् उहांको एक अंशबाट ब्रह्माण्ड र यहाँका प्राणीहरू उत्पन्न भएका हुन् भनेको छ ।

गीतामा भगवान श्रीकृष्णले पनि[३] "त्रिगुणमयी माया (प्रकृति) को सहारा लि मायाकै इच्छानुसार मायाकै वशमा रहने यी सम्पूर्ण प्राणी समूहलाई वारम्वार रच्तछु अर्थात् सृष्टि गर्छू, संहार गर्छु वरावर सृष्टि संहार गरि रहन्छु" भनेको छ ।

---

१ सहस्रशीर्षाः पुरूषः सहस्राक्षः सहस्रपात् ।१।
पादोऽस्य विश्वा-भूतानि त्रिपादस्यऽमृतं दिवी ।३।

२ सव प्राणी आदि पुरूषकै अंग भएकाले उनीहरूका अंग (हात, गोडा आदि) आदि पुरूषकै अंग मानिने हुंदा उहाँलाई हजारौं (अनन्त) अङ्ग-वाला भनिएको हो ।

३ प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूत-ग्राममिमं कृत्स्नमवशं प्रकृते र्वशात् ।।९।८।।

प्रकृति या आदिशक्ति सर्वत्र हुनुहुन्छ र विभिन्नमा विभिन्न नामले रहनु हुन्छ, उहाँका रुप, काम र नाम पनि अनन्त छन् । मूल पुरुषसंग प्रकृति, मूल प्रकृति, आदिशक्ति, महाशक्ति, सत्य-रजतममयी माया, योगमाया, माया, [४] सच्चिदानन्दस्वरुपा, महा-लक्ष्मी, महासरस्वती, महाकाली आदि नामले, विष्णुसंग लक्ष्मी, वैष्णवी, नारायणी आदि नामले, ब्रह्मासंग सरस्वती, भारती आदि नामले शिवसंग पार्वती, रौद्री महेश्वरी, कालो, भद्रकाली आदि नामले, इन्द्रसंग ऐन्द्री नामले, त्यसरी नै अन्य देवताहरूसंग विभिन्न नामले प्राणीहरुमा चेतना, छांया, शक्ति, स्मृति, श्रृति, मातृ आदि नामले स्थावर (ढुङ्गा आदि) मा जड नामले रहनु हुन्छ । उहाँका अन्य नामहरुमा शैलपुत्री, ब्रम्हचारिणी, चन्द्र-घण्टा, कुष्माण्डा, स्कन्द-माता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री, जया, विजया, अपरा, अपराजिता, जयन्ती, मंगला, काली, भद्रकाली, कपालिनी, रक्तदन्तिका, भ्रामरी, नन्दजा, साकम्भरी, भीमा आदि छन् । उहाँलाई छ ऐश्वर्यले युक्त हुनाले **भगवती** (भग = षडैश्वर्ययुक्ता भगवती) आफू उज्यालो भै अरूलाई पनि उज्यालो दिने हुनाले **देवी** (याः स्वयं दीव्यति अन्यांश्च द्योतयति सा देवी) दुःखले मात्र प्राप्त गर्न सकिने हुनाले दुर्गा (दुर = दुखेन, गम्यते = प्राप्यते या सा दुर्गा) आदि नामले पनि पुकारिन्छ । आचार्य-हरूले दुर्गा र भगवतीको व्याख्या यसरी पनि गरेका छन्ः–

[५] जुनद्वारा यो संसार घुमिरहन्छ, जसलाई योगिहरू चिन्तन गर्द-

---

४ सैयं शक्ति महामाया सच्चिदानन्दरूपिणी ।

५ ययेदं भ्राम्यते विश्वं योगिभिर्या विचिन्त्यते ।

यद् भासा भासते विश्वं सैका दुर्गा जगन्मयी ।।

छन्, जसका प्रकाश (उज्यालो) द्वारा संपूर्ण विश्व प्रकाशित (उज्यालो) हुन्छ, उहाँ एउटै जगत्व्यापी दुर्गा हुनु हुन्छ ।[६] जुन तत्वमा यो सारा विश्व र यसका संम्पूर्ण प्राणीहरु लीन हुन्छन् अर्थात् मिल्छन् तथा जहांबाट उत्पन्न हुन्छन् तथा जसलाई श्रेष्ठ तत्व भनिन्छ ती तत्व एउटै भगवती हुन् ।

जसरी आगो बिभिन्न ठाउँमा रहन्छ, आगाका नाम पनि विभिन्न हुन्छन तापनि आगो एउटै हो र आगालाई तथा आगाको डढाउँने शक्तिलाई अलग गर्न सकिन्न, त्यसरी नै विभिन्न ठाउँमा रहे वा विभिन्न काम भए पनि भगवती एउटै हुनुहुन्छ र उहाँलाई शक्तिमानवाट अलग गर्न सकिन्न ।

देवी भागवतमा "मूल पुरूषकी शक्ति नै मूल प्रकृति वा भगवती योग-माया वा देवी हुन्, भगवती,अनादि, नित्या, सनातनी हुनुहुन्छ, सब तिर रहनु हुन्छ, सर्वेसर्वा र शक्तिशाली हुनुहुन्छ, सृष्टि, पालन र नाश गर्नु हुन्छ, सज्जन तथा भक्तहरुको उद्धार दुर्जनहरुको संहार गर्नु हुन्छ, नानारूप धारण गर्नु हुन्छ, अवतार लिनु हुन्छ, उपासकहरुलाई यस जीवनमा सुख आनन्द तथा मरणोपरान्त स्वर्गवास एवं मोक्ष प्रदान गर्नु हुन्छ" भनिएको छ ।

युगको सुरुमा अर्थात् सृष्टि हुनु भन्दा पहिले "[७]जुन बेला ब्रह्मा, विष्णु, रूद्र, सूर्य, इन्द्र आदि देवताहरू हुँदैनन्, भूमण्डल-हुँदैन, भूमण्डललाई थाम्ने पहाडहरू हुँदैनन्, त्यस बेला निराकार,कल्याण गर्ने,प्रकृति (मूल प्रकृति या आदि-शक्ति भगवती) परम पुरुष (मूल पुरुष) संग एक भएर विहार गर्नु (रहनु) हुन्छ । अनादि (जसको आदि छैन) उहाँको उत्पत्ति भएको हैन । त्यसै कारण उहाँ नित्या (सँधै रही रहने) र सर्वोपरि शक्ति (महाशक्ति) हुनु-

---

६ यदन्तः स्थानि भूतानि यतः सर्वं प्रवर्तते ।
यदाहुस्तत्परं तत्वं सैका भगवती हि सा ।।

७ न ब्रम्हा न यदा विष्णु र्न रूद्रो न दिवाकरः ।

हुन्छ । (उहाँ सबैकी आत्मा, सबै काम कुरा गर्न समर्था, सब कारणका कारण, सबकी मालिकिनी, सबकी आदिशक्ति, सर्व-विज्ञा, सबकी पालिका र संरक्षिका, सबकी साक्षी, सबकी आधार, उत्तम भन्दा पनि उत्तम, विशिष्ट माया (शक्ति) ले परिपूर्ण हुनुहुन्छ) । स्वयं आदि पुरूष पनि प्रकृति (उहाँ) संग मिली जसरी आगोको ज्वाला (शक्ति) अर्थात् आगो र आगाको दाहक (डढाउँने) शक्ति एकै ठाउँमा रहन्छन्, भिन्न रहदैनन्, त्यसरी नै रहनु हुन्छ ।

(स्वयं आदि शक्तिले भन्नु भएको छ): "'पहिले मनै एक थिएँ, अरू कोही र केही थिएन, त्यस समयमा मेरा नाम आत्मस्वरुपा, चेतन्य-स्वरूपा, ज्ञानस्वरूपा, परब्रह्म-स्वरुपा र अद्वितीया स्वरूपा थिए' मवाटै 'माया' नामले प्रसिद्ध सिद्धा शक्ति प्रकट भइन्।

न चेन्द्राद्याः सुरा सर्वे न धरा न धराधरा ।।३२।।
तदा सा प्रकृतिः पूर्णाः पुरूषेण परेण वा ।
संयुता विरहत्येवं युगादौ निर्गुणाःशिवा ।।३३ (१।३।३०+)
न चोत्पत्तिरनादित्वान्नृप तस्याः कदाचन ।५५।
नित्यैव सा परा देवी. . . . . ।५६।(१।५।३३)
स्वयं पुमाश्च प्रकृतिस्तावभिन्नौ परस्परम् ।
यथा वह्नेस्तस्या शक्ति र्न भिन्नाऽस्त्येव कुत्रचित् ।।
८ अहमेवास पूर्वं तु र्नान्य किंचिन्नगाधिप ।
तदात्मरूपे चित्संवित् परब्रह्मैकनामकम् ।।२।।
तस्य काचित्स्वतः सिद्धा शक्ति र्मयेति विश्रुता ।३।(१।७।३२)

+ प्रस्तुत १ (एक) बाट देवी भागवत भन्ने बुझ्नु पर्छ । त्यस पछिका अङ्क क्रमशः स्कन्ध र अध्यायका संख्या बोधक हुन् ।

'६ जसरी सब देवताहरू आदि शक्तिका अधीनमा रहन्छन्, त्यसरी उहाँ कसैका अधीनमा हुनुहुन्न । उहाँ आफ्नै पुरुषार्थले सब काम कुरा गर्नु हुन्छ र कालका वशमा पनि हुनुहुन्न । उहाँ ज्यादै शक्तिशाली हुनुहुन्छ र देवता र प्राणीहरूलाई पनि शक्ति प्रदान गर्नु हुन्छ । प्राणी उहाँको शक्ति वेगर विल्कुलै मुर्दा जस्तो हुन्छ र उहाँको शक्ति वेगर कोही चटपटाउँन पनि सक्दैन ।विष्णुकी पालना शक्ति, ब्रह्माकी सिर्जना–शक्ति, रुद्रकी संहार-शक्ति र आदि पुरूषकी उत्तम कल्याणकारी-शक्ति पनि उहाँ नै हुनुहुन्छ । स्वर्ग, मर्त्य र पातालमा जहाँ कही दृश्यमान र अदृश्यमान चीज छन्, ती सबको जुन शक्ति छ, त्यो शक्ति पनि उहाँकै हो' ।

उक्त (१ ३।३०) वाट क्रमशः देवीभागवत, तृतीय स्कन्ध र तीसौं अध्याय भन्ने बुझ्नु पर्छ । यस किताबमा अन्यत्र कोष्ठभित्र लेखिएका अङ्कमा पहिलो अङ्क १ आएमा यसरी नै जान्नु पर्छ ।

६ देवाधीना न सा देवी यथा सर्वे सुरा नृप ।६०।

न कालवशगा नित्यं पुरूषार्थप्रवर्तिनी ।६१। (१।५।३३)

शववच्छक्तिहीनस्तु प्राणी भवति सर्वथा ।५७।

तस्य शक्ति विना कोऽपि स्पन्दितुं न क्षमो भवेत् ।२९।

विष्णोः पालनशक्तिः सा कर्तुशक्तिः पितुर्मम ।

रुद्रस्य नाशशक्तिः सा त्वन्या परा शिवा ।।३०।।

यच्च किंचित्क्वचिद्वस्तु सदसद् भुवनत्रये ।

तस्य सर्वस्य या शक्ति ...... ।।३१।। (१।३।३)

ऋग्वेदको देवी सूक्तमा स्वयं देवी (आदिशक्ति) ले भन्नु भएको छ [१०] "जो अन्न खान्छ,जो देख्छ, जो सास फेर्छ, जो भनेको कुरा सुन्छ, त्यो मेरो सहायताले गर्छ अर्थात् भोक्तृशक्ति, स्पन्दन-शक्ति, दृश्यशक्ति र श्रवणशक्ति म नै हुँ । म नै जव सम्पूर्ण चौध भुवनको सृष्टि आरम्भ गर्छु तब अर्काको प्रेरणा वा सहयोग विना नै म वायु कैं घुम्छु । म पृथ्वी र आकाश भन्दा पनि पर (टाढा) छु, म रूद्रहरू र वसुहरूसंग घुम्छु, म आदित्यहरुसंग घुम्छु ।

त्यसरी आदिशक्ति देवताहरुसंग रहनु हुन्छ । उहाँ यस चराचर विश्वका चल अचल प्राणीहरूमा रहनु हुन्छ । उहाँ नभएको ठाउँ र चीज छैन । **योगवासिष्ठमा** भनिएको छ:– आदि शक्तिकी चित्शक्ति चैतन्य प्राणीहरूमा, स्पन्दन–शक्ति वायुमा र जड-शक्ति ढुङ्गा आदिमा देखिन्छन् । कर्म पुराणमा "ती देवी नै एक मात्र अद्वितीया, सर्वब्यापी,सूक्ष्मा, कुटस्था, अचला र नित्यस्वरुपा हुनुहुन्छ" भनिएको छ । (स्वयं देवीले भन्नु भएको छ):- [११] म ईश्वर हुँ, म सूत्रात्मा हुँ, म विश्वरूपा हुँ, म आत्मा हुं, म नै ब्रह्मा, विष्णु, रूद्र, सरस्वती, लक्ष्मी, पार्वती, हुँ, म सूर्य हुँ, म नक्षत्र हुँ, म चन्द्रमा हुं (म बुद्धि हुँ, म संपत्ति हुँ, म घृति, कीर्ति, स्मृति, श्रद्धा, मेघा, दया,लज्जा, क्षुधा, तृष्णा, क्षमा,कान्ति, शान्ति, पिपासा, निन्द्रा, तन्द्रा, जरा, अजरा, विद्या, अविद्या,स्पृहा,वान्छा,

---

१० मया सो अन्नमत्ति यो बिपश्यति य: प्राणिती य ई श्रुणोत्युक्तम् ।
अहमेव वात इव प्रभाम्यारभमाणा भुवनानि विश्वा ॥
परो दिवा पर एना पृथिव्या . . . . ।
अहं रूद्रेभि र्वसुभिश्चराम्यमादित्यैरूत विश्वदेवै:

११ ईश्वरोऽहं च सूत्रात्मा विराडात्मा, ऽहमस्मि च ।३।
ब्रम्हा ऽहं विष्णुरूद्रौ च गोरी ब्राम्ही च वैष्णवी ।
सूर्योऽहं तारकाश्चाहं तारकेशप्रभा ऽस्म्यहम् ।४।(१।७।३३)

शक्ति र अशक्ति पनि मै हुँ । माहेश्वरी, ब्राह्मी, रौद्री, वाराही, वैष्णवी, शिवा, वारूणी, कौवेरी, नारसिंही र इन्द्राणी पनि म हुँ ।)

[11]संसारमा यस्तो कुनै चिज छैन, जहाँ म न हुँ । यसरी निश्चय सब नै म हुँ अर्थात् सब मेरो रूप हो । म नै सब देवता-हरूमा विभिन्न रूपले रहन्छु र उनीहरूका शक्तिका रूपमा काम गर्छु । पानीमा शीतलता, आगामा उष्णता, सूर्यमा ज्योति (उज्यालो), चन्द्रमामा आल्हादकता पनि म नै हुँ र जस्तो इच्छा गर्‍यो त्यस्तै हुन्छु । संसारमा मैले त्यागी दिएको अर्थात् म वेग-रको (शक्तिहीन) प्राणी (चीज) चटपटाउँन पनि सक्दैन । जुन जे चीज देखिन्छ वा सुनिन्छ ती सबका भित्र र वाहिर संधै म व्याप्त भएर रहन्छु अर्थात् वस्छु ।

---

११ किं नाहं यस्य संसारे मद्वियुक्तं किमस्ति हि ।

सर्वमेवाहमित्येवं निश्चयं विद्धि पद्मज ॥११॥

नूनं सर्वेषु देवेषु नानानामधरा ह्यहम् ॥१३॥

जले शीतं वन्हावुष्णं ज्योति र्दिवाकरे ।

निशानाथ हिमा कामं प्रभवामि यथा तथा ।१६॥

मया त्यक्तं विधे नूनं स्पन्दितुं न क्षमं भवेत् ।

जीवजातं च संसारे .... ॥१७।(१।३।६)

यच्च किंचित्क्वचिद्वस्तु दृश्यते श्रुयतेऽपि वा ।

अन्तर्वहिश्चतत्सवं व्याप्योऽहं सर्वतः स्थिता ॥६।(१।७।३३)

[12] सब प्राणीहरूमा रहेको चैतन्य-शक्ति नै उहाँको रूप हो । निराकार (नदेखिने), साकार (देखिने), सत्व, रज र तम गुणमयी, सबकी आदिशक्ति परमेश्वरी महालक्ष्मी संपूर्ण विश्वलाई ढाकेर रहनु भएको छ । उहाँ नित्या र संसारकी मूर्ति हुनुहुन्छ । उहाँले नै यो सम्पूर्ण संसार ढाकेको छ । उहाँ सब प्राणीहरूमा मातृ आदि नामले रहनु हुन्छ ।

आदि–शक्ति नै सृष्टि, पालन र संहार गर्नु हुन्छ । [13] उहाँ नै आदि शक्ति पछिबाट अर्थात सृष्टिको शुरूमा साकार भै (रूप-धारण गरी) सर्वप्रथम ब्रह्मा, विष्णु र शिवको सिर्जना गरी उहाँहरूलाई क्रमशः सिर्जनात्मक, पालनात्मक र संहारात्मक शक्तियुक्त पारी स्वर्ग, मर्त्य र पाताल तीनै लोकको सृष्टि (पालन र संहार समेत) गर्नु हुन्छ । पुरूष (आदि पुरूष) देखिएको यस सब संसारको द्रष्टा मात्र हुनुहुन्छ, स्रष्टा हैन, देखिने र नदेखिने आदि शक्ति नै यस विश्वको

---

१२ चित्-शक्ति सर्वभूतेषु रूपं तस्यास्तदेव हि ।।५७।।(१)

सर्वस्याद्या महालक्ष्मी स्त्रीगुणा परमेश्वरी ।
लक्ष्यालक्ष्यस्वरूपा सा व्याप्य कृत्स्नं व्यवस्थिता ।।४।।(२ प्रा +)
नित्यैव सा जगन्मूर्तिस्तया सर्वमिदं ततम् ।।६४।।(२।१।०)
या देवी सर्वभूतेषु मातृरूवेण संस्थिता ।।७१।।(२।५)

+ २ को मतलव दुर्गा सप्तशती र प्रा. को प्राधानिक रहस्य हो । यस कितावमा अन्यत्र यस्तो लेखिएकोमा पनि यसरी बुझनु पर्छ ।

० २ को मतलव दुर्गा सप्तशती र त्यस पछिको अंक अध्याय संख्याको अंक हो । (२।१) को पूरा मतलव दुर्गा सप्तशती पहिलो अध्याय हो । यस कितावमा अन्यत्र यस्तो लेखिएकोमा यसै अनुसार बुझ्नु पर्छ ।

१३ सा भूत्वा सगुणाः पश्चात्करोति भुवनत्रयम् ।

पूर्वं संयोज्य ब्रह्मादीन् दत्वा शक्तींश्च सर्वशः ।।३४।।(१।३।३०)
अकर्ता पुरूषो द्रष्टा दृश्यं सर्वमिदं जगत् ।६१।
दृश्यस्य जननी सैव देवी सदसदात्मिका ।
पुरूषं रन्जयत्येका कृत्वा ब्रह्माण्डनाटकम् ।।६२।।(१।५।३३)
तया विसृज्यते विश्वं जगदेतच्चराचरम् ।।५६।।(२।१)

जननी (पैदा गर्ने) अर्थात स्रष्टा हुनुहुन्छ। उहाँ नै ब्रम्हाण्ड नाटक रचना गरेर आदि पुरूषलाई खुशी पार्नु हुन्छ अर्थात जसरी नाटककार आफ्नै क्षमतावाट नाटक लेख्छ र विभिन्न पात्रहरू तयार पारी स्वयं निर्देशक र नियन्त्रक वनी निर्देशन दि नियन्त्रण गरी पात्रहरू-द्वारा विभिन्न काम कुरा गराउँछ, कुनै पात्रलाई हसाउँछ, कुनैलाई रूवाउँछ, कुनैलाई झगडा गराउँछ, मराउँछ, दर्शकलाई खुशी पारी अन्त्यमा नाटक समाप्त गर्दछ, त्यसरी नै आदि-शक्ति पनि आफ्नै सामर्थ्यबाट ब्रह्माण्ड र यसका प्राणीहरूको रचना गर्नु हुन्छ, आफ्नो मायाले उनीहरू-द्वारा अनेकौं काम कुरा गराउँनु हुन्छ, कसैलाई छिटै, कसैलाई ढिलो मराउँनु हुन्छ र अन्त्यमा ब्रह्याण्डलाई नै समाप्त (नाश) गर्नु हुन्छ। महालक्ष्मी (आदि शक्ति) नै यो चर अचर संसार (यसका प्राणीहरू समेत)को रचना गर्नु हुन्छ।

दुर्गा सप्तशती (प्राधानिक रहस्य) मा महालक्ष्मी (आदिशक्ति)-ले नै तमोगुणद्वारा महाकालीको र सत्वगुणद्वारा महासरस्वतीको रचना गर्नु भयो र उहाँहरूलाई स्त्रीपुरुषको एक एक जोडी सृष्टि गर्न लगाइ, आफूले पनि एक जोडी स्त्रीपुरुषको सृष्टि गर्नु भयो, आफूले सृष्टि गरेकाको नाम ब्रह्मा र लक्ष्मी, महाकालीले सृष्टि गरेकाको नाम रूद्र (शिव) र सरस्वती, महासरस्वतीले रचना गरेकाको नाम विष्णु र गौरी राख्नु भएको र "[१४] सरस्वती, गौरी र लक्ष्मीलाई पत्नीको रूपमा ग्रहण गर्न क्रमशः ब्रम्हा, शिव र विष्णुलाई दिनु भएको तथा ब्रम्हाले सरस्वतीका साथ ब्रम्हाण्ड र यसका देवता देवी र प्राणीहरूको रचना गरेको, विष्णुले लक्ष्मीका साथ संयुक्त भै पालना गरेको, रूद्रले गौरी-

१४ ब्रह्मणे प्रददौ पत्नीं महालक्ष्मीनृ॑पत्रयीम्।
रूद्राय गौरीं वरदां वासुदेवाय च श्रियम् ।।२६।।
स्वरया सह संयुक्तो विरिन्चोऽण्डमजीजनत् ।२७।
पुपोष पलयामास तल्लक्ष्म्या सह केशवः।
संजहार जगत्सर्वं सह गौर्या महेश्वरः ।।२९।। २ प्रा

संग संयुक्त भै संहार गर्ने गरेको" कुरा उल्लेख छ ।

देवताहरूको कार्यसिद्ध गर्न, भक्तहरूको रक्षा र कल्याण गर्न तथा असुर (दुर्जन समेत) को नाश गर्न आदिशक्ति (भगवती दुर्गा देवी) विभिन्न रूपमा प्रकट हुनु हुन्छ र अवतार लिनु-(पृथ्वीमा ओर्लनु) पनि हुन्छ । उहांले भन्नु भएको छः- "१५ यसरी संसारमा जव जव आसुरी विघ्न वाधा उत्पन्न हुन्छ, तव तव म अवतार लिन्छु र दुष्टहरुको संहार गर्छु । रुप-रहित भएर पनि महामाया भक्तहरुलाई अनुग्रह (कृपा) गर्न विभिन्न रूप धारण गर्नु हुन्छ । महामायाको प्रादुर्भाव (उत्पत्ति) र अन्तर्ध्यान देवताहरूको कार्य सिद्ध गर्नका लागि हुन्छ । जव देवताहरु, मान्छेहरु उहांको स्तुति गर्छन्, तव प्राणीहरूको दुःख नाश गर्न अनेकौं रुप धारण गर्ने र अनन्त शक्तिले युक्त अम्बिका (दुर्गा) देवी उत्पन्न हुनु हुन्छ । सवकी मालिकिनी देवी काम गर्ने आफ्ना इच्छाले प्रकट हुनु हुन्छ ।

उहां भक्त र सज्जनका लागि ज्यादै दयालु हेरी रहूँ जस्ती कस्ती कस्ती जन्म दिने आमा र दुष्टका लागि हेर्न नसकिने ज्यादै डरलाग्दी काल जस्तै हुनु हुन्छ । उहांले लक्ष्मी, सरस्वती, पार्वती जस्ता दयालु र शान्त, चामुण्डा, चण्डिका, काली, कालिका, भद्रकाली, भीमा र रक्तदन्तिका आदि डर लाग्दा र संहारकारी रुप धारण गर्नु भएको छ र गर्नु हुन्छ । सीता, सावित्री र राधा

---

१५ इत्थं यदा यदा वाधा दानवोत्था भविष्यति ।
तदा तदावतीर्णाऽहं करिष्याम्यरिसंक्षयम् ।।५।। २।११
रूपं विभर्त्यरूपा च भक्तानुग्रहहेतवे ।
आविर्भावतिरो- भावौ देवानां कार्यसिद्धये ।
यदा स्तुवन्ति तां देवा मनुजाश्च विशाम्पते ।।५८।।
प्रादुर्भवति भूतानां दुःखनाशाय चाम्बिका ।
नाना रूपधरा देवी नाना-शक्ति-समन्विता ।।५९।।
आविर्भवति कार्यार्थं स्वेच्छया परमेश्वरी ।।६०। १ ५।३३

आदि पनि उहांकै अवतारित रूप हुन् । " [16] संसारका सबै स्त्रीहरू उहांकै अंश हुन्" ।

[17]" महामाया सबलाई मोहित पार्नु हुन्छ । महामायाका मायामा मोहित भै वन्धन वा भ्रममा परी देवता र मानिसहरू खराव काम कुरा गर्छन्, नाना दुःख पाउंछन् । उहां आराधना र उपासना गर्नेलाई सुख, आनन्द र मोक्ष प्रदान गर्नु हुन्छ । महामाया नामले प्रसिद्ध उहां नै संसारका सबै प्राणीहरुका वन्धन र मुक्तिकी कारण हुनुहुन्छ । सव देवता, मानिस, गन्धर्व, सर्प, राक्षस, विभिन्न रुख, लहरा, पशु, मृग र पंछीहरू, ती सबै महामायाकै वशमा परी वन्धन(मायाका जालमा बांधिइ वरावर जन्मने र मर्ने) र मुक्ति (मरेपछि कहिल्यै नजन्मने) प्राप्त गर्छन् । ब्रम्हा, शिव र विष्णु परम ज्ञानी भएर पनि महामायाकै मायाका वशमा परी मोहित भै संसारमा घुम्छन् अर्थात् पृथ्वीमा ओर्ली जन्म र मरणको चक्करमा पर्दछन् । दुर्गा सप्तशती (अध्याय १) मा पनि" भगवान विष्णुकी भगवती योग-माया नै यस जगतलाई मोहित पार्नु हुन्छ, योगमाया भगवती देवी नै ज्ञानीहरूको मनलाई पनि जवर्जस्ती अर्कातिर लगाइ मोह (मायाको जाल)मा फसाइ दिनु हुन्छ" भनिएको छ । त्यसैकारण आदि शक्ति महामाया नै

---

१६ स्त्रियः समस्ता सकला जगत्सु ।११।(२।६)

१७ महामायेति विख्याता सर्वेषां प्राणीनामिह ।।११।।
मायाधीनाश्च ते सर्वे भाजनं वन्धमोक्षयोः ।१३।
सर्वे देवा मनुष्याश्च गन्धर्वोरगराक्षसाः ।
वृक्षाश्च विविधा वल्य पशवो मृगपक्षिणः ।।१२।।
ब्रम्हेशवासुदेवाद्या ज्ञाने सत्यपि शेषतः ।१५।
तेऽपि रागवशाल्लोके भ्रमन्ति परिमोहिताः ।१६।(१।३।३३)
ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ।।५५।।
वलादाकृष्य मोहाय महामाया प्रयच्छति ।५६।(२।१)
मोहदा ज्ञानदा सैव वन्ध-मोक्ष-प्रदा सदा ।५४।(१।३।३३)

मोहमा पार्नें, ज्ञान दिने, वन्धन र मोक्ष प्रदान गर्नें हुनु हुन्छ"।

दुर्गा सप्त-शतीको १ अध्यायमा पनि [१८]"उहाँ प्रसन्न भै मानिस-हरूलाई मुक्तिका लागि वर दिनु हुन्छ, उहाँ नै उत्तम ज्ञान, सांसारिक माया जाल (वन्धन) र मोक्षको कारण हुनु हुन्छ, उहां सनातनी देवीहरु र देवताहरुकी पनि देवी महादेवी हुनु हुन्छ, आराधना गरिएकी उहाँ नै मानिसलाई बाँचुन्जेल सुख, आनन्द, धन र मरे-पछि स्वर्ग तथा मोक्ष प्रदान गर्नु हुन्छ। उहाँ उपासक भक्तहरु-लाई पाप, ताप, आपत, विपत, रोग, शोक, गरीबी र दुःखबाट मुक्त पार्नु हुन्छ, रुप, पति, पत्नी, छोरा, छोरी, इज्जत, संपत्ति, सुस्वास्थ्य, सौभाग्य, विद्या, ज्ञान र शारीरिक तथा मानसिक शक्ति पनि प्रदान गर्नु हुन्छ" भनिएको छ। ऋग्वेदको देवी सूक्तमा उहाँले [१९]" जुन पुरूषको रक्षा गर्न चाहन्छु, त्यसलाई अधिक शक्ति-शाली, ब्रम्हज्ञानी, परोक्ष कुरा जान्ने ऋषि र बुद्धियुक्त वनाउँछु (गराउँछु)" भन्नु भएको छ। त्यसरी उहाँलाई आराधना र उपासनाद्वारा खुशी गराए पछि जे मागे पनि दिनु हुन्छ। उहाँले प्रदान गरेको वर या सिद्धि राम्रो काम कुरा अर्थात् कल्याणकारी र परोपकारी कार्यमा लगाइयो भने आफ्नो र प्राणी मात्रको भलो हुन्छ तर घमण्ड गरी अर्काको अहित हुने काम कुरामा लगाइयो भने मधु र कैटभ असुरझैं आफ्नै नाश हुन्छ। यो सूक्ष्म र सारतत्व उपासकहरूले बुझ्नु पर्दछ।

आदिशक्ति भगवती दुर्गा देवीको आराधना र उपासना सर्ब-प्रथम सृष्टिकर्ता ब्रम्हाजीले सृष्टिको सुरुमा, त्यस पछि भगवान विष्णु, भगवान शिव, इन्द्र आदि देवताले गरेको र फलतः ब्रम्हा,

---

१८ सैषा प्रसन्नवरदा नृणाँ भवति मुक्तये।
सा बिद्या परमामुक्तेर्हेतु- भूता सनातनी ।।५७।।
संसारवन्धहेतुश्च सैव सर्वेश्वरीश्वरी ।५८।(२।१)
आराधिता सैव नृणाँ भोगस्वर्गापवर्गदा ।५। (२।१३)

१९ यं कामये तमुग्रं कृणोमि तं ब्रम्हाणं तमृषि तं सुमेधाम्।

मधु र कैटभलाई मराउँन र प्राणीहरुको सृष्टि गर्न भगवान विष्णु उनीहरुलाई मार्न र प्राणीहरुको पालन गर्न, भगवान रूद्र संहार गर्न, इन्द्रादि देवता महिषासुर, धुम्रलोचन, चण्ड, मुण्ड, रक्त-वीज, निशुंभ र शुंभलाई मार्न तथा भगवान श्रीराम देवीकै आराधना गरी रावणलाइ मार्न सफल (सक्षम) हुनु भएको कुरा पुराणहरुमा पाइन्छ। भगवान श्रीकृष्णले पनि देवीको आराधना गर्नु भएको थियो। त्यस पछि कयौं ऋषिहरू, महर्षिहरु, राजर्षिहरु र सर्वसाधारण मानिसहरुले देवीको आराधना र स्तुति गरी उहाँबाट मनोवान्छित वर (सिद्धि) प्राप्त गरे। त्यसप्रकार देवी (शक्ति) को आराधना, उपासना, स्तुति र पूजा गर्ने प्रक्रिया सृष्टिको प्रारम्भदेखि नै निरन्तर रूपमा चलेर आएको पाइन्छ। पछि अनेक किसिमका मन्दिर बनाइ त्यहां भगवतीका अनेकौं रुप, नाम र आकारका मूर्ति स्थापना गरी मूर्ति पूजा गर्ने प्रथा पनि चल्यो। त्यसैकारण मान्छे बस्ने गरेको शहर र गाउँमा, मान्छे नबस्ने निर्जन वनमा, विकट पहाडमा, भीरमा, नदी र खोलाका किनारमा, भन्ज्याङ्गमा जतातत‌ै देवी मन्दिर र मूर्तिहरू देखिन्छन्। अनौठो ढुङ्गो भेटिएमा पनि त्यसलाई स्थापना गरी देवीको रूप मानी पूजा गर्ने गरेको पनि पाइन्छ। राज्य -संचालनमा शक्तिको बढी आवश्यकता पर्ने हुनाले राज्य -संचालनका अभिभारा लिएका राजाहरुले बढी मात्रामा मन्दिर बनाई भगवतीका मूर्ति स्थापना गरी शक्तिको पूजा (आराधना) गर्ने गरेका उदाहरण पनि प्रशस्त छन्। उदाहरणका रूपमा गोर्खा दरबारकी गोरख-काली, हनुमानढोका, भक्तपुर र पाटन दरबारका तलेजु भवानीका मन्दिरहरू र ती मन्दिरहरूमा निरन्तर हुने गरेको पूजालाई अघि सार्न सकिन्छ। राजाहरू तन्त्रद्वारा देवीलाई पूजास्थानमा बोलाइ देवीसंग कुरा नै गर्दथ्ये भन्ने कुरा पनि इतिहासमा उल्लेख भेटिन्छ।

शास्त्रले शक्तिहरूमा मन या ज्ञानसम्बन्धी अर्थात् मनलाई

राम्रा राम्रा काम कुरामा लगाउने, अज्ञानता नाश पारी ज्ञानी र विद्वान वनाउने मानसिक वा ज्ञानशक्ति, शरीरलाई निरोगी राखी अस्त्र शस्त्र चलाउन सक्ने बलियो, लामो आयुको र सुन्दर वनाउने शारीरिक शक्ति र ती दुवै शक्तिलाई प्राप्त गर्न सहयोग गर्ने धन (यसमा जमीन, घर, पैसा,सामान,अन्न आदि पर्दछन्) शक्तिलाई मुख्य तथा प्रस्तुत शक्तिहरूलाई क्रमशः महासरस्वती, महाकाली र महालक्ष्मी मानेको छ । प्रस्तुत तीनै शक्ति या देवी एउटै हुन् । प्रस्तुत कुरालाई दुर्गा-सप्त-शतीको वैकृतिक रहस्यमा लेखिएको [20] "महिषासुरलाई मार्ने, पूजा, (आराधना उपासना समेत) गर्न योग्य अठार हातवाली, [21] महाकाली र महालक्ष्मी नै महासरस्वती हुनु हुन्छ अर्थात् तीनै महादेवीहरू एउटै हुनु हुन्छ' भन्ने कथनले पनि पुष्टि गर्दछ । शास्त्रमा नै ज्ञानशक्ति (विद्या या मानसिक शक्ति) प्राप्त गर्न महासरस्वती अर्थात् सरस्वतीको, वल र लामो आयु प्राप्त गर्न महाकाली अर्थात् कालीको, धन प्राप्त गर्न महालक्ष्मीको उपासना गर्नु पर्ने कुरा र प्रस्तुत तीनै देवीहरुको संयुक्तरूपमा जहिलेसुकै र पृथकरुपमा माघ महिनाको शुक्ल पक्षको पन्चमी तिथी (जसलाई श्रीपन्चमी र वसन्त–पन्चमी पनि भनिन्छ) मा सरस्वतीको, असोज महिनाको शुक्ल पक्षको प्रतिप्रदादेखि नवमीसम्म कालीको र कार्तिक महिनाको औंसीमा लक्ष्मीको विशेषरूपले उपासना, आराधना, स्तुति र पूजा गर्नु पर्ने विधान छ र त्यस अनुसार गरिन्छ पनि ।

देवी भागवतमा:– "देवीको आराधना, स्तुति र पूजा जहिले, जहाँ, जसले पनि गरे हुन्छ" भनिएको छ । खास गरी देवीको

---

२० अष्टादशभुजा चैवा पूज्या महिषासुर–र्मादिनी ।
महाकाली महालक्ष्मी सैव प्रोक्ता सरस्वती ॥

२१ महाकालीलाई अठार हातवाली, महालक्ष्मीलाई दश हातवाली र महासरस्वतीलाई आठ वा चार हातवाली मानिएको छ ।

उपासनाका लागि बसन्त र शरद ऋतुका नौ दिन अर्थात् शरत्कालीन असोज महिना र वसन्तकालीन चैत महिनाका शुक्ल पक्षका प्रतिपदादेखि नवमीसम्मका नौ दिन उत्तम र ती मध्ये पनि शरत्कालीन प्रस्तुत नौ दिन अति उत्तम मानिएका छन् । त्यसैले [22] " विशेष गरी शरदकालमा पुण्यदायक नवरात्र (नौ रात) व्रत गर्नु (लिनु) पर्दछ, नवरात्र व्रत सब व्रतहरूमा उत्तम व्रत हो, जो मानिस असोज महिनाको शुक्ल पक्षमा श्रद्धाका साथ नवरात्र व्रत गर्दछ (लिन्छ) त्यसले सबै इच्छा प्राप्त गर्दछ । नौं रातसम्म नियमित रूपले पूजा गर्न नसक्ने भए सप्तमी,अष्टमी र नवमी तीन दिन भक्तिपूर्वक उपवास वसी तीन रात देवीको पूजा गर्नाले पनि शास्त्रमा वताए अनुसारका सवै फल पाइन्छन्, संसारमा अरू जति ब्रत र अनेक प्रकारका दानहरू छन्, ती सब एउटै नवरात्र ब्रतको वरावर हुन सक्दैनन् भनिएको छ।

देवी भागवत (स्कन्ध ३ अध्याय २६ र स्कन्ध ५ अध्याय ३८) मा नवरात्रव्रतवाट, अन्न, सुख, सन्तान, लामो आयु, आरोग्य प्राप्त हुन्छ, मरणोपरान्त स्वर्गमा वास र मुक्ति मिल्छ, विद्या, धन, सन्तान चाहनेले यो ब्रत लिनु पर्छ, यो ब्रत लिनाले भगवती देवीको

---

२२ . . . . .नवरात्रव्रतं शुभम् ।
शरत्काले विशेषेण कर्तव्यं विधिपूर्वकम् ॥३॥ (१।३।२६)
नवरात्रव्रतं प्रोक्तं व्रतानामुत्तमं व्रतम् ।३५।
आश्विनशुक्लपक्षे तु नवरात्रव्रतं शुभम् ।
करोति भावसंयुक्तः सर्वान् कामानवाप्नुयात् ॥२२॥ (१।५।३८)
अशक्तो नियतं पूजां कर्तुं चेन्नवरात्रके ।८।
उपोषत्रयं प्रोक्तं यथोक्तं फलदं नृप ॥१२॥
सप्तम्यां च तथाऽष्टम्यां नवम्यां भक्तिभावतः ।
त्रिरात्रकरणात्सर्वं फलं भवति पूजनात् ॥१३॥
व्रतानि यानि चान्यानि दानानि विविधानि च ।
नवरात्रव्रतस्यास्य नैव तुल्यानि भूतले ॥१५॥ (१।३।२७)

आराधना, पूजा र उपासना गर्नाले [23] गरीबले धन भेट्छ, रोगी रोगबाट मुक्त हुन्छ, अपुत्राका सन्तान हुन्छन्, विद्यार्थी विद्वान बन्छ र यस लोकमा आफूले चिताए अनुसार सुख भोगी मरे पछि उत्तम स्थान प्राप्त गर्दछ" भनिएको छ ।

देवी भागवत (स्कन्ध ३ अध्याय २६) मा नै [24] "चोखो र सम्म ठाउँमा सोह्र हाते लामो र चौडाको केराका थाम र ध्वजाले सजाइ मण्डप बनाउनु पर्छ, पीठका लागि त्यस मण्डपका बीचमा चार हाते लामो त्यति नै चौडाको सम्म र सुन्दर वेदी (चोका) बनाउँनु पर्छ, (नाना प्रकारका तोरण लगाई वेदीका बीचमा चंदुवा टांग्नु पर्छ) वेदी माथि (सुन, चांदी, तामा मध्ये एकको सिंहासन राखी त्यसमा मुलायम वस्त्र बिछ्याइ हतियारहरू लिएकी चार हाते दुर्गा देवी (देवीको प्रतिमा) स्थापना गर्नु पर्छ र (संकल्प गरी दियो, कलश, गणेशलाई पूजी) संसारलाई पालना गर्ने भगवती दुर्गालाई विधिपूर्वक धूप र दीप आदिहरूले पूज्नु पर्छ । (कुमारीको पूजा र दुर्गा सप्तशती पाठ, होम गर्नु र बलि पनि दिनु पर्छ) भनिएको छ । दुर्गा सप्तशती अध्याय १२ मा

---

२३ निर्धनो धनमाप्नोति रोगी रोगात्प्रमुच्यते ।
अपुत्रो लभते पुत्रान् पुमांश्च वशवर्तिनः ।।
इह लोके सुख-भोगान् प्राप्नोति मनसेप्सितान् ।
देहान्ते परमं स्थानं प्राप्नोति व्रततत्परः ।।३३।।

२४ मण्डपस्तु प्रकर्तव्यः समे देशे शुभे स्थले ।
हस्तषोडशमानेन स्तम्भध्वजसमन्वित ।।९।।
तन्मध्ये वेदिका शुभ्रा कर्तव्या च समा स्थिरा ।१०।
चतुर्हस्ता च हस्तोच्छ्रा पीठार्थं स्थानमुत्तमम् ।।११।।
वेद्यां सिंहासनं स्थाप्य क्षौमवस्त्रसमन्वितम् ।
तत्र स्थाप्याऽम्बिका देवी चतुर्हस्ता युधान्विता ।।१८।।
पूजयेज्जगतां धात्रीं धुपै र्दीपै र्विधानतः ।२६।
स्तुता संपूजिता पुष्पै र्धूपैर्गन्दादिभिस्तथा ।
ददाति वित्तं पुत्रांश्च मतिं धर्मं गतिं शुभाम् ।।४१।।

फूल, धूप र चन्दन आदिहरूले भक्तिपूर्वक पूजा र स्तुति गरिएकी महालक्ष्मी धन, पुत्र, धार्मिक बुद्धि र उत्तम गति प्रदान गर्नु हुन्छ भन्ने उल्लेख छ । दुर्गा सप्तशतीको वैकृतिक रहस्यमा पनि

२५ "जसले महिषासुरलाई मार्ने महालक्ष्मीको पूजा र आराधना गऱ्यो, त्यो संसारको मालिक भयो, त्यसकारण विश्वलाई नै पालना गर्ने भक्तवत्सला (भक्तहरूको माया गर्ने) भगवती महालक्ष्मीको अवश्य अर्घ, आभूषण (गहना र लुगा) चन्दन, फूल, अक्षता, धूप, दीप र विभिन्न खाद्य पदार्थले युक्त नैवेद्यहरूले पूजा गर्नु पर्दछ, दुर्गा सप्तशतीका प्रत्येक श्लोकले तिल र घिउ मिसिएको खीर आहुति दिनु वा सप्तशतीका स्तोत्र मन्त्रद्वारा भगवती दुर्गालाई चरू अर्पण (होम) गर्नु पर्दछ, होम पछि एकाग्र चित पारी नाममन्त्र (दुर्गा कवच, अर्गला स्तोत्र र देवीसूक्त) पढी, महालक्ष्मीलाई फेरी पूज्नु पर्छ, इन्द्रियहरूलाई वशमा राखी हात जोडी नम्र-भावले प्रणाम गरी आफ्ना अन्तःस्करणमा महालक्ष्मीलाई स्थापना गरी चिन्तन गर्दै उहाँमा नै तन्मय (एकाकार) हुनु पर्दछ, त्यसरी जो मानिस दिनहुं भक्तिपूर्वक परमेश्वरी महालक्ष्मीको पूजा गर्दछ, त्यो आफूले चाहेको सुख भोगी अन्त्यमा महालक्ष्मीको लोकमा वास गर्दछ' भनिएको छ ।

माथिको विवेचनाबाट शक्ति अर्थात् देवी अनादि, नित्या, सर्वेश्वरी, देवेश्वरी, सर्वशक्तिसम्पन्ना, आदिशक्ति, मूल प्रकृति, सच्चिदानन्दस्वरूपा, महाशक्ति, योगमाया, साकारा, निराकारा, अनन्तकार्यकारिणी, अनन्तरूपा र अनन्त-नाम-धारिणी, सर्वत्र-व्यापिका, स्रष्टा, पालिका, संहारिका सज्जनसंरक्षिका, शक्तिदा, मोहदा, उपासक-मनोवाञ्छित-फलप्रदा, सुखदा, ऐश्वर्यदा, ज्ञानदा, स्वर्गवासदा र मोक्षदा भएकीले उहाँको, पूजा, आराधना तथा उपा-

---

२५ महिषान्तकारी येन पूजिता स जगत्प्रभुः ।
एवं यः पूजयेद् भक्त्या प्रत्यहं परमेश्वरीम् ।
भुक्त्वा भोगान् यथाकामान् देवीसायुज्यमाप्नुयात् ।।

सना सृष्टिकै प्रारम्भदेखि नै अशोज महिनाको शुक्ल प्रतिपदादेखि नवमीसम्म र अरू बेला पनि निरन्तर रूपमा हुंदै आएको कुरा सिद्ध हुन आएको छ । पछिवाट देवी पूजाको सुरूमा जमरा राख्ने, पुण्याहवाचन गर्ने, नवग्रहलाई पूज्ने, अष्टमातृकाको छुट्टै पनि पूजा गर्ने, कलश थाप्ने, वलि दिने, फूलपाती भित्र्याउँने, वडाइँ गर्ने, मन्दिरमा पूजा गर्ने, दशमीका दिनदेखि पूर्णिमा र लक्ष्मी-पूजासम्म देवीको प्रसाद (अवीर र दहीमा मुछिएका चामलको टिका र जमरा) मान्यजनवाट लगाउने, आशिर्वाद दिने लिने तथा टिका लगाउँन जाँदा कोसेली लाने जस्ता चलनहरू थपिंदै गए । त्यसरी नै दुर्गा–पूजालाई विभिन्न नामकरण गर्दै दुर्गा–पूजा–उत्सव भव्यताका साथ मनाउँन सडक, वाटा सफा गर्ने, घर पोत्ने, लिप्ने, रंग रोगन गर्ने, नयाँ लुगा लगाई, मिठो खाइ, पिङ्ग खेली खाएको पचाउँने र मनोरन्जन तथा रमाइलो गर्ने जस्ता मानवीय स्वभावका काम कुराहरू पनि जोड्दै लगेको प्रतीत हुन्छ । प्रस्तुत पछि थपिएका र जोडिएका काम कुरा अर्थात् चलनहरू पनि भगवती देवीका आराधना, पूजा, उपासना र प्रसाद ग्रहणका परिपूरक र पोषक तत्व भएकाले ती चलनहरूले पनि धार्मिक र साँस्कृतिक मान्यता पाए । त्यसैकारण दुर्गा पूजा र तत्सम्वन्धी सम्पूर्ण काम कुरालाई धार्मिक तथा साँस्कृतिक दृष्टिले हेर्ने एवं मनाउँने गरिन्छ ।

शक्ति अर्थात् भगवती दुर्गाको पूजा आराधना, स्तुति र प्रसाद-ग्रहणको व्यवहारिक (प्रयोगात्मक) पक्षको जानकारी हुनु पनि यस प्रसङ्गमा जरूरी देखिन्छ ।

तृतीय भाग

दशैंमा गरिने सम्पूर्ण कार्यलाई तयारी सम्वन्धी कार्य, पूजा र आराधना सम्वन्धी कार्य र प्रसादग्रहण सम्वन्धी कार्य गरी तीन खण्डमा विभाजन गर्न सकिन्छ ।

तयारी सम्बन्धी कार्य– यी काम एक महिना वा पन्ध्र दिन अघिदेखि घटस्थापनाका अघिल्ला दिनसम्म गर्नु पर्छ । यस अन्तर्गत निजी घर, सरकारी भवन, मन्दिर, सडक, बाटाहरूको सुधार, सफा र सुग्घर गर्नु, खाने र लगाउने तथा पूजाका सामान तयार गर्नु पर्दछ । यसमा गरिने कार्य सुरुमा नै लेखिएका छन् ।

पूजा र आराधना सम्बन्धी कार्य– पूजा र आराधना सम्वन्धी कार्यमा मुख्यतया अष्टमातृका पूजा, पुण्याहवाचन, नवग्रहपूजा, जमरा राख्ने, घटस्थापना, भगवती दुर्गा, र अन्य देवीहरूको पूजा, महासरस्वती, महाकाली र महालक्ष्मीको विशेष पूजा, आराधना, स्तुति, कन्या पूजा, अग्निस्थापना, रूद्री, दुर्गासप्तशती र देवीभागवत पठन, श्रवण, होम, वलि आदि कार्यहरू पर्दछन् । प्रस्तुत कार्यमध्ये अधिकांश काम प्रतिपदादेखि नवमीसम्म अर्थात् नौ दिन गर्नु पर्छ ।

प्रस्तुत कार्य सम्पन्न गर्न आवश्यक पर्ने सामानहरूमा मुख्यतया मण्डप र बेदी बनाउँने सामान (केराका थाम, तोरण, राता सेता कपडा र कागजका ध्वजा, वर, पिपल आदिका पात, चंदुवा, वेदीका लागि चोखो माटो आदि) रेखी हाल्न अबीर र पीठो, कर्मपात्रो वनाउन तामाको भाँडो, चोखो पानी, तिल, जौ, कुश आदि, पञ्चगव्य वनाउँन गाईको गोवर, गहुँत, दूध, दही र

घिउ, पूजाका सोह्र सामाग्री (अलग–अलग भाँडा या चम्चा सहितका पञ्चपात्रमा कर्मपात्रको जल, पाद्य, अर्घ, आचमनीय जल, स्नान गर्ने जल, बस्त्र (सेतो र रातो) यज्ञोपवीत, आभूषण, चन्दन, अक्षता (राता), सिंदुर, गाजल, ऐना, सौभाग्य द्रव्य, फूल (विशेष गरी रातो); फूलका माला, वेलपाति, दुवो, धुप, दीप, नैवेद्य (सुपारी, नरिवल, सुन्तला, ज्यामीर तथा त्यस समयमा पाइने फल र पक्वान्न मिष्टान्न आदि), दक्षिणा (पैसा), शंख, घण्ट, डमरू, चमर आदि, सस्र्यौं, जमरा राख्ने चोखो पानी, चोखा ठाउँको माटो, उम्रने जौ, गहुँ वा मकै, जमरा छोप्ने डालो, दियो, कलश र गणेश स्थापनाका सामान (तीन टपरीमा चामल, दियो, तेल, तामाको लोटा, नरिवल वा फल) अष्टमातृका–चक्र लेखेको कपडा, नवग्रहमन्दिर लेखेको कपडा, नवग्रह–पूजाका सामान (सेता, राता, पहेंला, काला आदि), घट (मुख्य कलश) स्थापना गर्न तामाको गाग्रो, धान, सर्वतो–भद्र लेखेको कपडा, दुर्गा-पूजा-यन्त्र (नवार्ण-यन्त्र) लेखेको थाली, दुर्गाको सुन, चाँदी र तामा मध्ये एकको प्रतिमा वा तस्वीर, प्रायश्चित्त गोदान, ब्राह्मण-वरण, पुण्याह–बाचनका सामान, कन्या र कन्यापूजाका सामान, लुगा, गहना, पक्वान्न आदि, अग्नि-स्थापनाका सामान, आहुति (होम)-का सामान (समिधा, घिउ, मानो, दुना, टपरी, चामल, जौ, सुरो आदि) दुर्गा सप्तशती, रूद्री, नवाह लगाउने भए देवीभागवतको पुस्तक, वलि दिन वोको वा कुभिण्डो वा घिरौंला, हतियार (बन्दुक, खुकुरी, खुर्पा, हँसिया आदि काट्ने चीज) सरस्वतीका बीणा आदि वाजाका सामान र पुस्तक, वेल आदिका नौ पात आदि हुन् ।

घटस्थापना–प्रतिपदाका दिन घटस्थापना गरी भगवती दुर्गाको पूजा र आराधना सम्वन्धी कार्य प्रारम्भ गर्नु पर्छ । घटस्थापनाका लागि साइत जुराउनु पर्ने शास्त्रीय मत छ ।

देवी भागवतमा स्वयं देवी भन्नु हुन्छ:– [२६] औंसीले भेटेको प्रतिपदाका दिन मेरो पूजा नगर्नु, बरू प्रतिपदाको एक मुहुर्त मात्र भेटे पनि द्वितीयाका दिन मेरो पूजा गर्नु लाभयुक्त हुन्छ । औंसीले भेटेको परेवाका दिन जहाँ मेरो पूजा हुन्छ, त्यहाँ अनिकाल पर्छ र त्यो देश टुक्रिन्छ अर्थात नाश हुन्छ । जो मलाई शरद् ऋतु सम्वन्धी जानी द्वितीया आदि गुणले युक्त प्रतिपदामा पूजा गर्छ, त्यो स्थायी सुख भोग गर्न पाउँछ ।

भार्गवार्चन चन्द्रिकामा भनिएको छ:– चण्डिका (दुर्गा) को पूजामा चित्रा नक्षत्र र वैधृति योगको प्रतिपदा छ भने दुइटै सकिए पछि मात्र घरमा कलश रोप्ने (कलश स्थापना गर्ने) काम गर्नु पर्दछ अर्थात् चित्रा नक्षत्र र वैधृति योग परेको प्रतिपदामा देवीको पूजा र घटस्थापना गर्नु हुँदैन । **मत्स्य पुराणमा** पनि भनिएको छ [२७] चित्रा नक्षत्र, वैधृति योग र औंसीले भेटेको प्रतिपदा तिथीलाई छोडेर शुद्ध प्रतिपदामा अथवा द्वितीया तिथीमा घटस्थापना गर्नु पर्छ । यदि परेवा छैन भने औंसीको दिन गर्नु पर्छ । रातमा घटस्थापना गर्नु र घडाको पानीले अभिषेक लिनु अर्थात विसर्जन गर्नु हुन्न ।

---

२६ अमायुक्ता न कर्तव्या प्रतिपत्पूजने मम ।
मुहुर्तमात्रैका कर्तव्या द्वितीयादिगुणान्विता ।।
देशभङ्गो भवेत्तत्र दुर्भिक्ष्यं चोपजायते ।
नन्दाया दर्शयुक्तायां यत्र स्यात् मम पूजनम् ।
यो मां पूजयते नित्यं द्वितीयादिगुणान्वितम् ।
प्रतिपच्छारदीं ज्ञात्वा सोऽश्नुते सुखमन्वयम् ।।
त्वाष्टवैधृतियुक्ता – प्रतिपच्चण्डिकार्चने ।
तयोरन्ते विधातव्यं कलशारोपणं गृहे ।।

२७ चित्रानक्षत्रं वैधृतियोगम् अमायुक्तप्रतिपत्तिथौ च वर्जयित्वा शुद्ध प्रतिपत्तिथौ अथवा द्वितीयातिथौ घटस्थापनं कुर्यात्, यदि तु प्रतिपल्लुप्ता तदाऽमायामपि कार्यम्, न रात्रौ घटस्थापनं कुर्यान्नैव कुम्भाभिषेचनम् ।

औंसीले छोएको छ,–छैन र कुन नक्षत्र र योग पर्छ भन्ने कुरा पात्रो (पन्चाङ्ग) बाट पत्ता लगाइ घटस्थापनाको साइत जुराउनु पर्छ । त्यस अनुसार जुरेको दिनको शुभ,मुहुर्त (समय)-मा विहानै उठी नजिक भए नदी, खोलामा र नभए घरैमा नुहाइ, चोखा लुगा लगाइ, केराको थाम गाडी (ठड्याइ), आँप, पिप्पल, र वरका पात, फूल सहितका तोरण, धागो, रातो,सेतो कपडा बेरी सजाएको पूजा कोठा (दशैं घर वा जमरा–घर) को दुर्गा–मण्डप-मा वेदी (मण्डप र वेदीको सम्वन्धमा माथि नै उल्लेख गरी सकि-एको छ र नमूना अन्त्यमा दिइएको छ) बनाइ, त्यस माथि सर्वतो–भद्रा लेखिएको कपडा राखी, पूजाका सामान (पन्चगव्य, कर्मपात्रो, पाद्य, अर्घ्य, आचमनीय जल आदि) तयार पार्नु पर्छ । शुभ मुहुर्त भए पछि हात, मुख, गोडा धोइ, पूजा मण्डपमा पूर्व वा उत्तर फर्केर बसी आचमन र प्राणायाम गरी पन्चगव्य खाई, निम्न मन्त्र पढी पूजा–मण्डपमा सस्यौं वा तिल, जौ छरी त्यहाँका भूत आदिलाई हटाउँनु पर्छ ।

[२८]अपसर्पन्तु ते भूता ये भूता भूमिमाश्रिता ।
ये भूता विध्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ।।

निम्न मन्त्र पढी कर्मपात्रको जल पूजा–मण्डपमा पनि छर्कनु पर्छ ।

[२९]अपवित्रः पवित्रो वा सर्वावस्थागतोऽपि वा ।
यः स्मरेत्पुण्डरीकाक्षं स वाह्याभ्यान्तरः शुचिः।।

पन्चगब्य पनि सब तिर छर्किनु पर्छ ।

---

२८ जुन भूतहरू यस ठाउँमा बसेका छन्, ती भूतहरू हटुन् अर्थात यस ठाउँबाट टाढा जाउन् । जुन भूतहरू विध्न गर्ने छन्, ती भूतहरू भगवान शिवका आज्ञाले नाश होउन् ।

२९ अपवित्र पवित्र जुन अवस्थामा भए पनि जो भगवानलाई संझन्छ, त्यो भित्र र बाहिर पवित्र हुन्छ ।

त्यसपछि कुशका टुक्रा र कर्मपात्रको जल लिइ प्रतिज्ञा संकल्प गर्नु पर्दछ । संकल्पको नमूना यसै पुस्तकका लेखकद्वारा लिखित "**पूजा दर्पण**" मा उल्लेख छ । प्रस्तुत नमूनाको "**अमुक-गोत्रस्य अमुकोऽहम्**" पछि "[30]**मम तथा मत्पत्नीपुत्रादिनाम् इहलोके सुस्वास्थ्य-दीर्घायु-सुख-समृद्धिम् एवं मरण-पश्चात् स्वर्ग तथा मोक्ष प्राप्त्यर्थम्, अद्यतः नवमीपर्यन्तं दिवायां रात्रौ च नित्यं दीपं प्रज्वाल्य नवरात्रीव्रतं गृहित्वा भगवती दुर्गा-देवी-प्रसन्नार्थं दीपकलश-गणेशार्चन-घटस्थापनापूर्वकं भगवती दुर्गा-पूजनं करोमि**" भन्नु पर्छ

अब प्रायश्चित गोदान र ब्राह्मण वरण गरी (आफै गर्ने भए प्रायश्चित गोदान र ब्राह्मण-वरण गर्नु पर्दैन) आफै पढ्दै पूजा गर्ने वा सब पूजा सज्जन ब्राह्मणद्वारा गराउन पनि सकिने व्यवस्था शास्त्रमा छ । वत्ति वाली षोढषोपचारले पुरुषसूक्तद्वारा क्रमश दियो, कलश र गणेश (आग्नेयमा दियो, ईशानमा कलश र पूर्वमा गणेश स्थापना गर्नु पर्छ), पहिले नै तयार पारेको आग्नेय दिशामा राखेको मातृकाचक्रमा, अष्ट-मातृका (ब्राह्मी, वैष्णवी, माहेश्वरी, कौमारी, वाराही, एन्द्राणी, नारसिंही र चामुण्डा) लाई पूजी, पुण्याहवाचन (आफैले गरे ब्राह्मणलाई अनुरोध गर्नु पर्दैन) गरी, पहिले नै तयार पारेको नवग्रह-चक्र लेखेको, ईशानमा राखेको कपडा माथि नवग्रह (सूर्य, चन्द्र, मंगल, वुध वृहस्पति,

---

३० मेरो र मेरी पत्नी, छोरा, छोरी आदिहरूको यस लोकमा राम्रो स्वास्थ्य, लामो आयु, सुख, संपत्ति र मरेपछि स्वर्ग तथा मोक्ष प्राप्तिका लागि आजदेखि नवमीसम्म दिन रात सँधै बत्ति बाली (त्यसरी बत्ति बाल्न नसक्ने भए नभन्ने) नवरात्र व्रत लिई भगवती दुर्गा देवीलाई प्रसन्न पार्न दियो, कलश, गणेशलाई पूजी घटस्थापना गरी भगवती दुर्गाको पूजा गर्दछु ।

शुक्र, शनि, राहु र केतु) लाई पूज्नु पर्छ[३१] ।

त्यसपछि जमरा राख्ने सिलसिलामा निम्न मन्त्र पढ्दै चोखो पानीले किरा नलागेको उम्रने जौ (जौ नभए जौ मिमाएका राम्रा गहुँ वा मकै भए पनि हुन्छ) धुनु पर्छ ।

ओम् यवोऽसि यवयास्मद्द्वेषो यवयारातीः[३२] ।

चोखो माटोको पहिले नै बनाएको वेदीमा निम्न मन्त्र पढ्दै जौ अथवा जौरुपी गहुँ वा मकै रोप्नु (जमरा राख्नु अर्थात जमराका लागि छर्नु) पर्छ ।

[३३]यवो त्वं यवरुपोऽसि यज्ञार्थे निर्मितोऽसि हि ।
देवीनां तृप्तिकारो च तस्मात्त्वं वरदो भव ।।
जयन्ती मंगला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ।।

त्यस माथि अलि अलि चोखो माटो राखी भिज्ने गरी पानी लगाइ छोपी दिनु पर्छ[३४] ।

तव पहिले नै वेदी माथि राखेको सर्वतो–भद्रा लेखिएको

---

३१ प्रस्तुत दियोपूजादेखि ग्रहपूजासम्मका पूजालाई पूर्वाङ्गपूजा पनि भनिन्छ । दुर्गा–पूजा, व्रतबन्ध, विवाह, सप्ताह र नवाह आदिमा पूर्वाङ्गपूजा गरिन्छ ।

३२ हे जौ (वा जौरुपी गहुँ वा मकै) तिमी अलग गर्ने हौ, हाम्रा दुर्भाग्य र दरिद्र जस्ता शत्रुलाई अलग गर अर्थात् हटाइ देउ ।

३३ हे जौ वा जौरुपी गहुँ वा मकै, तिमी यज्ञ (पूजा) का लागि बनाइएका हौ, देवीहरूलाई खुशी पार्ने पनि हौ अर्थात् तिमीलाई अर्पण गर्दा देवी देवता प्रसन्न हुन्छन् । त्यसकारण तिमी वर दिने हौ । हे जयन्ति, मंगला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा र स्वधा नामले प्रसिद्ध अम्बिका देवी तपाईलाई नमस्कार छ ।

३४ पहेंलो हुनु पर्ने जमरा हावाले भेट्दा हरियो हुन्छ । त्यसैले हावाले नभेट्ने ठाउँमा जमरा राख्नु र जमरालाई मुसाबाट जोगाउँनु पर्छ । बिहान बेलुका पूजा गर्दा नवमीसम्म जमरामा चोखो पानी लगाउँन भुल्नु पनि हुन्न ।

कपड़ा माथि ठूला टपरीमा धान राखी त्यसमाथि कलश (तामा या माटाको गाग्रो) राखि घटस्थापनाका शास्त्रीय विधीले त्यसलाई सोह्र सामाग्रीद्वारा पूज्नु, गाग्राको बाहिर गाईको गोबर र राता अक्षताले सात नाग बनाई त्यसमा जौ टाँसी कलश स्थापना भर्नु पर्छ । त्यसपछि आ-आफ्ना कूल देवी र देवतालाई पूजी शास्त्र-अनुसार भगवती दुर्गाको पूजा गर्नु पर्छ ।

दुर्गा पूजा:- माथि लेखिएको कलश माथि नवार्ण (नौ अक्षरी) मन्त्र[३५] लिखित यन्त्र[३६] लेखिएको तामा, चाँदी, सुन मध्ये एकको थालको बीचमा[३७] हतियार लिएकी दशभुजा (दश हातवाली) महाकाली वा अष्टादशभूजा (अठार हातवाली) महालक्ष्मी वा अष्टभूजा (आठ हातवाली) वा चतुर्भुजा (चार हातवाली) महासरस्वतीस्वरुपा भगवती दुर्गा देवी[३८]को सुन, चाँदी, तामा मध्ये एकको प्रतिमा, त्यो नभए तस्वीर[३९] त्यो पनि नभए राता अक्षताको थुप्रो[४०] राखी[४१] **ओम् ऐं ह्रिं क्लिं** लेखिएको ठाउँमा **महासरस्वती,**

३५ नवार्ण मन्त्र:- "ओम् ऐं ह्रिं क्लिं चामुण्डायै विच्चे" (महासरस्वती, महालक्ष्मी, महाकालीस्वरुपिणी दुर्गादेवीलाई नमस्कार छ) हो ।

वाग्भवं शंभुवनिता कामवीजं ततः परम् ।
चामुण्डायै पदः पश्चाद्विच्चे इत्यक्षरद्वयम् ।। (देवीभागवत)

३६ यन्त्र.- भूगृहयुक्त, तीन अस्त्रको, तीन कोण, छ कोण, अष्टदल र चौविस कमल पत्रात्मक हुन्छ । यसको नमूना अन्त्यमा दिइएको छ ।

यन्त्रमस्याः शृणु प्राज्ञस्त्यस्त्रं षड्कोणसंयुतम् ।
ततोऽष्ट-दलपद्मं च चतुर्विशतिपत्रकम् ।।
भूगृहेण समायुक्तम् ... ... । (देवीभागवत)

३७ जहाँ (छ कोण चक्रमा) नवाक्षरी मन्त्र लेखिएको हुन्छ ।

३८ प्रस्तुत सबै रुप भगवती दुर्गाकै हुन् ।

३९ तस्वीर थालमाथि नराखि भित्तामा टाङ्गने चलन पनि छ ।

४० गाउँ घरमा राता अक्षताका थुप्रा राख्ने चलन छ ।

४१ देवीभागवतमा सुन, चाँदी, तामा मध्ये एकको सिंहासन राखीं त्यसमा मुलायम कपडा बिछ्याई त्यस माथि लेखिए बमोजिम भगवती दुर्गा स्थापनाको कुरा पाइन्छ । आजकल थालमा नै दुर्गास्थापना गर्ने चलन छ । यो चलन पनि देवीभागवतमा लेखिएको शास्त्रीय नै हो ।

महालक्ष्मी, महाकाली–स्वरूपिणी दुर्गादेवीलाई, त्यहीं **जयादि शक्ति देवीहरू** (जया, विजया, अपरा, अपराजिता, जयन्ती, मंगला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा, स्वधा) (जयन्ती आदि एघार देवीलाई एकादश गौरी पनि भनिन्छ) **शैल-पुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदात्री** (यी नौ नाम दुर्गा-देवीका हुन्) लाई, तीन कोणको पूर्वमा **सरस्वती र ब्रह्मालाई**, नेऋत्य-मा **लक्ष्मी र विष्णुलाई**, वायव्यमा **पार्वती र शिवलाई**, दुर्गादेवीको उत्तरमा **सिंहलाई**, देब्रे तिर **महिषासुरलाई**, छ कोण चक्रमा पूर्वादिवाट क्रमश **नन्दजा, रक्तदन्तिका, शाकंभरी, दुर्गा, भीमा र भ्रामरीलाई**, अष्टदलमा पूर्वादिक्रमले **अष्टमातृका** (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही, ऐन्द्री र चामुण्डा) लाई चौविस पात-

---

४२ जयादि-शक्तिसंयुक्तं पीठे देवीं प्रपूजयेत् ।
पूर्वकोणे सरस्वत्या सहितं पद्मजं यजेत् ॥
श्रिया सह हरिस्तत्र नैऋते कोणके यजेत् ॥
पार्वत्या सहितं शंभुं वायुकोणे समर्चयेत् ।
देव्या उत्तरतः पूज्यः सिंहो वामे महासुरम् ॥
महिषं पूजयेदन्ते षडकोणेषु यजेत्क्रमात् ।
नन्दजां रक्तदन्तां च तथा शाकंभरीं शिवाम् ॥
दुर्गां भीमां भ्रामरीं च ततो वसुवलेषु च ।
ब्राह्मीं माहेश्वरीं चैव कौमारीं वैष्णवीं तथा ।
वाराहीं नारसिंहीं च ऐन्द्रीं चामुण्डां तथा ॥
पूजयेच्च ततः पश्चात् तत्वयन्त्रेषु पूर्वतः ॥
विष्णुमायां चेतनां च वुद्धिं निन्द्रां क्षुधां तथा ।
छायां शक्तिं परां तृष्णां शान्तिं जातिं च लज्जया ॥
क्षान्तिं श्रद्धां कीर्तिलक्ष्म्यौ धृतिं वृत्तिं श्रुतिं स्मृतिम् ।
दयां तुष्टिं तथा पुष्टिं मातृ–भ्रान्ती इति कुमात् ॥
ततो भूपुरकोणेषु गणेशं क्षेत्रपालकम् ।
वटुकं योगिनश्चादि पूजयेन्मतिमान्नरः ।
इन्द्राद्यानपि तद्वाह्वे वज्राद्यायुधांश्च संयुतान् । [देवीभागवत]

मा पूर्वादि क्रमले प्राणीहरूमा रहने **चौबिस देवीहरू** (विष्णुमाया, चेतना, बुद्धि, निन्द्रा, क्षुधा, छाया शक्ति, तृष्णा, शान्ति, जाति, लज्जा, क्षान्ति, श्रद्धा, कीर्ति, लक्ष्मी, धृति, वृत्ति, श्रुति, स्मृति, दया, तुष्टि, पुष्टि, मातृ, भ्रान्ति) लाई, भूगृहकोणमा पूर्वादि क्रमले **गणेश, क्षेत्रपाल, वटुक र योगिनीहरूलाई** चौविस पत्र वाहिर पूर्वादि क्रमले आठ दिशामा **आठ क्षेत्रपालहरू** (इन्द्र, अग्नि, यम, निर्ऋति, वरुण, वायु, कुवेर र शिव) लाई, माथि (ईशान र पूर्वको वीचमा) **ब्रह्मालाई**, तल (नैऋत्य र पश्चिमको वीचमा) भगवान **अनन्तलाई**, पूर्वादि क्रमले **अष्टमातृकाका गणहरू** (असितांग भैरव, रूरू भैरव, संहार (भीम) भैरव, चण्ड भैरव, क्रोध भैरव, वटुक भैरव, कपाली भैरव, उन्मत्त भैरव) लाई, पूर्वादि क्रमले **वाहनहरू** (हंस (हाँस), वृष (साँडे), मयुर, गरुड, महिष (राँगो), सिंह, गज (हात्ति) र प्रेत) लाई, पूर्वादि क्रमले **हतियार आदिहरू** (वज्र, शक्ति, दण्ड, खड्ग, चक्र, पास (डोरी), अंकुश (तान्ने, आंकुशे), गदा, त्रिशुल, कमल समेत प्रत्येकलाई छुट्टा छुट्टै आवाहन (कर्मपात्रको जल), आसन (कुश वा फूल), पाद्य (गोडा धुने जल), अर्घ्य (खाने अर्घ), आचमनीय जल, स्नानोदक (स्नान गर्ने जल), वस्त्र (रातो, सेतो कपडा), यज्ञोपवीत (जनै), आभूषण (गहना), चन्दन, अक्षता, सिन्दुर, कज्जल (गाजल), दर्पण (ऐना), सौभाग्य द्रव्य (चुरा आदि), पुष्प (रातो फूल), पुष्पमाला, वेलपत्र (वेल पाति), धूप, दीप, नैवेद्य (सुपारी, फल, पक्वान्न, मिष्ठान्न आदि), दक्षिणा (भेटी, पैसा), आरति, पुष्पान्जलि आदि सामाग्रीले नवाक्षरी मन्त्र र देवीका नामका स्तोत्रहरू (यी दुर्गा-सप्तशतीका देवीकवच श्लोक संख्या ३,४,५, २० र २१ अर्गला-स्तोत्र संख्या १, पाँचौ अध्याय स्तोत्र संख्या १६ देखि ८० सम्म र एघार अध्याय स्तोत्र संख्या ४२ देखि

५४ सम्ममा छन्) द्वारा पूजा गर्नु पर्दछ[४३]।

पूजा गर्दा हे देवी, हे देव (नाम भन्ने) अर्थात् हे दुर्गा देवी, फूल चढाउँछु (पुष्पं समर्पयामि) भनी फूल चढाइ नमस्कार गर्छु (नमस्करोमि) भनी दुवै हात जोड्नु पर्छ । यसरी नै भन्न, चढाउँन र नमस्कार गर्न भुल्नु हुन्न । क्रमशः चीज चढाउँनु पर्छ, अघि पछि पार्नु हुन्न । वानी नपरुन्जेल पुस्तक अगाडि राखी हेर्दै, भन्दै, चढाउँदै नमस्कार गर्नु पर्छ ।

त्रुटि हुन्छ कि भनि डराउँनु पर्दैन । भगवती दुर्गा भौतिक चीजलाई भन्दा भावनालाई वढी मन पराउँनु हुन्छ अर्थात् हामी अन्तरात्मावाटै भगवतीमा समर्पित छौं भने कुनै चिज वा विधिको अभाव वा कमीवाट उहाँ वेखुशी हुनु हुन्न ।

---

४३ क. महाकाली, महालक्ष्मी र महासरस्वती मूल प्रकृति र मूल पुरुषकै रुप हुनाले यी तीन महादेवीस्वरुपीणी दुर्गा देवीकै पूजाबाट मूल प्रकृति र मूल पुरुषको पनि पूजा हुन्छ ।

ख. कुनै कुनै पूजा–विधिमा दशानना र अष्टादश भुजा भगवतीको अलग पूजा गर्ने विधि पनि पाइन्छ । यी रुप भगवती दुर्गाकै भएकाले अलग पूजा गर्नु आवश्यकता देखिदैन ।

ग. कुनै कुनै पूजाविधिमा उग्र दष्ट्रा आदि नौ देवी, मंगला आदि १६ देवी, जयन्ती आदि १९ देवी र वीजा आदि ६४ देवीको पनि पूजा गर्नु पर्ने उल्लेख भेटिन्छ । प्रस्तुत देवीहरूको पूजा गर्नु पर्ने कुरा देवीभागवतमा उल्लेख छैन । दुर्गा सप्तशतीमा पनि यी नाम एकै ठाउँमा नपाइएका र पूजा गर्ने उल्लेख भएका देवीहरू कै नाम दोहोरिएको देखिदा प्रस्तुत देवीहरूको पूजा गर्नु पर्ने कुरा यसमा नराखिएको हो ।

घ. दुर्गा भवगतीको नौ नामको प्रतिपदादेखि नवमीसम्म प्रत्येक दिन १/१ का दरले पूजा गर्नु पर्छ भन्ने भनाई कसै कसैको पाइन्छ । शास्त्रमा त्यस्ता कुरा नभएकाले यो ठीक छैन । कुनै पूजा विधिमा देवीको अंग पूजाको पनि उल्लेख पाइन्छ । त्यो कुरा देवीभागवतमा र दुर्गासप्तशतीमा नभएकोले यसमा अंग पूजाको कुरा उल्लेख नगरिएको हो ।

भगवती दुर्गालाई आवाहन गर्ने मन्त्रः—

एहि दुर्गे महाभागे रक्षार्थं मम सर्वदा ।
आवाहयाम्यहं देवी सर्वकार्यसिद्धये ।।
अस्यां मूर्तौ समागच्छ स्थितिं मत्कृपया कुरू ।
रक्षां कुरू सदा भद्रे विश्वेश्वरी नमोऽस्तु ते ।।
यावत्पूजां करोमि तावत्त्वं सुस्थिरा भव[४४] ।

ङ. प्रतिपदादेखि सप्तमीसम्म भगवती दुर्गाको र अष्टमीका दिन मात्र अन्य देवीहरूको पूजा गर्ने कुरा वार्षिक व्रत–रत्नावलीमा पाइन्छ । देवीभागवत, दुर्गासप्तशती र रुद्रार्चन विधिको दुर्गा पूजामा त्यस्तो कुरा पाइन्न । अन्य देवीहरू भगवती दुर्गाकै रुप हुन् । त्यसैले पीठ पूजा, आवरण पूजा भनि ती देवीहरूको पूजा गर्ने चलन छ । त्यसकारण भगवती दुर्गाको पूजाका साथ ती देवीहरू (जयादि शक्ति देवीहरू नौ दुर्गा, नन्दजा आदि छ देवीहरू, ब्राह्मी आदि अष्टमातृका, विष्णुमाया आदि चौविस देवीहरू) को पूजा नगर्दा दुर्गा देवीको पूजा अधुरो हुने हुनाले ती देवीहरूको पनि पूजा गर्नु पर्छ । नसके देवी भागवत अनुसार नै दुर्गापूजा सप्तमी, अष्टमी र नवमीमा गरे हुन्छ ।

च. कुनै कुनै पूजा–विधिमा अष्टमातृकाहरूमा नारसिंहीको ठाउँमा महालक्ष्मीको उल्लेख पाइन्छ । अष्टमातृका मध्येकी मातृका नारसिंही हुन्, महालक्ष्मी हैनन् ।

छ. अस्त्रपूजामा छुरिका (छुरा), कट्टारक (कर्द), धनु, चर्म (ढाल), त्राण (रक्षा गर्ने), कुन्त (भाला), पताका (ध्वजा), वारण (खोल या दाप), मर्दल (मादल), दुन्दुभि (दमाहा), वाण, ध्वजा (निशान), जिरह, कुण्डल (कानमा लगाउने), चामर (चम्मर), छत्र (छाता), शंख र घण्टको पनि पूजा गर्नु पर्ने कुरा पूजा–विधिहरूमा पाइन्छ ।

४४. हे महाभागे, दुर्गादेवी, मेरो रक्षाका लागि सँधै आउँनुहोस् । हे देवी, सबै काम कुरा सिद्ध (सफल या पूरा) गर्नका लागि म तपाईलाई आवाहन गर्छु (बोलाउँछु) । मलाई कृपा गरी यस मूर्तिमा आइ बसिदिनु होस् । हे विश्वकी मालिकिनी, हे कल्याणकारिणी देवी, तपाईलाई नमस्कार छ, सँधै रक्षा गर्नु होस् । जबसम्म म पूजा गर्छु तबसम्म नचटपटाइ रहनु होस् ।

भगवती दुर्गाको प्रार्थना मन्त्र:–

देवी प्रपन्नार्तिहरे प्रसीद प्रसीद मात जंगतोऽखिलस्य ।
प्रसिद विश्वेश्वरी पाहि विश्वं तमीश्वरी देवी चराचरस्य ।।
सर्वमङ्गलमाङ्गल्यै शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरी नारायणी नमोऽस्तु ते ।।
शरणागत – दीनार्त – परित्राण – परायणे ।
सर्वस्वार्तिहरे देवी नारायणी नमोऽस्तु ते ।।

अध्याय ११ श्लोक ३, १० र १२

या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।
५।७३।।

देहि सौभाग्यमारोग्यं देहि मे परमं सुखम् ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि[४५] ।।

(अर्गलास्तोत्र १२ ।)

---

४५. हे शरणमा परेकाको दुःख हरण गर्ने देवी, खुसी हुनु होस्, हे सम्पूर्ण संसारकी आमा खुशी हुनु होस् । हे संसारकी मालिकिनी खुशी हुनु होस्, विश्वको रक्षा गर्नु होस्, तपाइनै स्थीर रहने र हिड्ने प्राणीकी मालिकिनी हुनु हुन्छ ।।३।। हे सब प्रकारको मंगल दिने मंगलमयी, कल्याणदायिनी, सब कार्य सिद्धि गर्ने, शरण परेकालाई शरण दिने, तीन आंखा भएकी, प्राणिहरूकी अन्तिम सहारा, गौरी, नारायणी तपाइलाई नमस्कार छ ।१०। हे शरण परेका दुःखीहरू र पीडितहरूलाई रक्षा गर्न तत्पर, सबको पीडा हरण गर्ने र प्राणीहरूकी अन्तिम सहारा नारायणी देवी तपाइलाई नमस्कार छ ।१२। जुन देवी सब प्राणीहरूमा मातृरुपले रहनु भएको छ,ती देवीलाई नमस्कार छ, ती देवीलाई नमस्कार छ, ती देवीलाई नमस्कार छ, नमस्कार छ, नमस्कार छ ।७३। हे दुर्गादेवी, मलाइ राम्रो भाग्य र आरोग्य दिनु होस्, मलाइ परम आनन्द दिनुहोस्, मलाइ राम्रो रुप दिनु होस्, सिद्धि दिनु होस्, इज्जत दिनु होस् र शत्रुहरूको नाश गरि दिनु होस् ।१२।

[46]मत्समो पातकी नास्ति पापघ्नी त्वत्समा नहि ।
एवं ज्ञात्वा महादेवी यथायोग्यं तथा कुरू ।।

देवीसम्बन्धी अन्य मन्त्र र स्तोत्रद्वारा पनि देवीको प्रार्थना गरे हुन्छ ।

तब मिठो वासना चल्ने चीज भगवती दुर्गालाई चढाउँनु पर्छ । त्यसपछि कन्यापूजाको क्रम आउँछ ।

कन्या पूजाः– कन्यापूजाका सम्बन्धमा देवीभागवत (स्कन्ध ३ अध्याय २६) मा निम्न कुरा लेखिएको छ ।

प्रतिपदादेखि नवमीसम्म प्रतिदिन एक, एक वा दुई, दुई वा तीन, तीनका दरले वढाइ अथवा दिनहुँ नौका दरले कन्यापूजा गर्नु पर्छ । यजमान (कर्ता) ले दुई वर्षदेखि दश वर्षसम्मका उत्तम नौ कन्या (सके प्रति दिन १/१ का दरले, नसके एउटै नवमीका दिन नौ कन्या) पुज्नु पर्छ । दश वर्षभन्दा वढी उमेरकी कन्या सबै कार्यमा पूज्नु वर्जित छ, अर्थात् दश वर्षभन्दा वढी उमेरकी कन्या रजस्वला हुने हुँदा पुज्नु हुन्न । चढाएको फल आदि खान र चन्दन आदि वास्नाको स्वाद लिन नजान्ने ज्यादै अज्ञानी, सानी वच्ची हुनाले एक वर्षकी कन्या पनि पूज्नु हुन्न । रोग नलागेकी, राम्रा अंग (हात, मुख, आँखा आदि) भएकी, धाउ, चोट र खत नभएकी एउटै कुलमा उत्पन्न भएकी कन्याहरूलाई राम्ररी पूज्नु पर्छ[47] । यस अनुसार पहिला दिन अर्थात् प्रतिपदामा दुई वर्षकी,

---

४६. हे महादवी दुर्गा, ससारमा म जस्तो पापी (अपराधी) कोही छैन, तपाइ जस्तो पाप नाश गर्ने अर्थात् अपराधीलाई माफ दिने कोही छैन । यो कुरा जानी तपाइलाई जस्तो उचित लाग्छ मलाइ त्यही गर्नु होस् ।

४७. एकैकां पूजयेन्नित्यमेकवृद्धया तथैव च ।
द्विगुणं त्रिगुणं वाऽपि प्रत्येकं नवकं च वा ।।३८।।
यजमानः पूजयेच्च कन्यानां नवमं शुभम् ।
द्विवर्षाद्या दशाव्दतः कुमारीं परिपूजयेत् ।।
अत उर्ध्वं न कर्तव्या सर्वकार्यविगर्हिता ।
एक-वर्षा तु न कर्तव्या कन्या-पूजाविधौ नृप ।
परमज्ञा तु भोगानां गन्धादिनां च वालिका ।।
अरोगिणीं सुरुपाङ्गीं सुन्दरीं व्रणवर्जिताम् ।
एक-वंशसमुद्भूतां कन्यां सम्यक् प्रपूजयेत् ।।२१।।

द्वितीयामा तीन वर्षको एवं रीतले नवमीमा दश वर्षकी कन्या पुज्नु पर्छ । गच्छे नभए नवमीका दिन एउटै कन्यां पुज्नु पनि शास्त्र अनुसार हुन्छ ।

देवीभागवत (स्कन्ध ३ अध्याय २६) अनुसार दुई वर्षकी कुमारी, तीन वर्षकी त्रिमूर्ति (काली) यसरी नै चार, पाँच, छ, सात, आठ, नौ र दश वर्षकी कन्या क्रमश कल्याणी, रोहिणी, कालिका, चण्डिका, शांभवी, दुर्गा र सुभद्रा देवी मानिन्छन् । कन्यालाई त्यही नामकी देवी अर्थात् दुई वर्षकीलाई कुमारी देवी र यसरी नै अरूलाई पनि संझी कन्याको पूजा गर्नु पर्छ ।

आयु र वल वृद्धिका लागि कुमारीको, आयु, धन, धर्म, सुख प्राप्ति, अकालमरण, रोग, पीडा, दुःख र गरीबी हटाउँन कालीको, सुस्वास्थ्य, सुख, सिद्धि र इज्जत प्राप्तिका लागि रोहिणीको, विद्या (ज्ञान), पत्नी, राज्य-प्राप्ति र शत्रुनाशका लागि कालिकाको, विभिन्न संपत्ति, सुख, सन्तान र लडाइमा विजय पाउँन चण्डिकाको, दुःख गरीबी नास गर्न, राजालाई खुसी पार्न, ब्रह्महत्या, गौहत्या जस्ता ठूलठूला पाप नाश गर्न शांभवीको, अद्‌भूत कामको सिद्धिप्राप्ति, शत्रुहरू र दुःख नाश गर्न दुर्गाको, सौभाग्य, धन, अन्न आदि र चिताएको काम कुरा प्राप्तिका लागि सुभद्राको पूजा गर्नु पर्ने कुरा देवीभागवत (स्कन्ध ३ अध्याय २६) मा उल्लेख पाइन्छ ।

कन्यालाई नुहाइ, शुद्ध लुगा पहिर्‍याइ, शुद्ध आसनमा राखी सोह्र सामाग्रीले देवीसुक्त र अर्गला-स्तोत्रद्वारा पूज्नु, लुगा र आभूषण लगाइ दिनु, मिष्ठान्न र पक्वान्न (खीर आदि समेत) खुवाउनु, भोजन समेत गराउनु पर्छ । त्यसपछि जप र पाठ गर्नु जरूरी छ ।

जपः- नवार्ण (नवाक्षरी) मन्त्र र गायत्री यथाशक्तिले जप गर्नु पर्छ । देवीभागवतमा पूजा पछि मन्त्रको अर्थमा ध्यान दिइ नवार्ण

मन्त्र जप गर्नु पर्छ भनेको छ[४८] । अर्थ–सहित नवाक्षरी मन्त्र दुर्गा पूजाको प्रकरणमा उल्लेख छ । आफूले नजाने वा नसके यो जप अन्य सज्जनद्वारा पनि गराउन सकिन्छ ।

पाठ:– जप पछि दुर्गा–सप्तशती, देवी–स्तोत्र, रुद्री, श्रीमद्भागवत गीता यथाशक्ति पाठ गर्नु वा गराइ सुन्नु पर्छ । गच्छे भए देवी-भागवत पाठ गर्नु पनि जरुरी छ ।

दुर्गा–सप्तशती (चण्डी) पाठको सम्बन्धमा देवीभागवतमा लेखिएको छ । जप पछि देवीका सामुन्ने बसी दुर्गा सप्तशती पाठ गर्नु पर्छ । स्वर्ग, मर्त्य र पातालमा सप्तशती स्तोत्र समान केही छैन[४९] । खराब काम कुरा नाश गर्न सप्तशती तीन आवृत्ति (पटक) ग्रह शान्तिका लागि पाँच आवृत्ति, ठूलठूला डर नाश गर्न सात आवृत्ति, शान्तिका लागि नौ आवृत्ति, संपत्ति प्राप्तिका लागि एघार आवृति, चिताएको काम कुरा प्राप्त गर्न बाह्र आवृत्ति, शत्रु नाश गर्न तेह्र आ-वृति, शत्रु र स्त्रीलाई वश गर्न चौध आवृत्ति, ऐश्वर्य र सुख भोग्न पन्ध्र आवृत्ति, ठूलठूला लडाइँ जित्न बिस आवृति, बन्धुहरूलाई दु:ख-बाट तार्न पच्चीस आवृत्ति, कुनै संकट आइ लागे, रोग लागे, जाति नाश भए, कुनै उत्पात भए, कुल नाश भए, शत्रु, बुढौति र रोग बढे धन नाश भए, ठूलो पाप लागे सय आवृत्ति पाठ गर्नु पर्दछ । यसबाट शुभ-लाभ हुन्छ । हजार पटक पाठ गरे स्वयं लक्ष्मीवास गर्छिन र मान्छे आफ्नो इच्छानुसारको सुख भोग गरी मरेपछि मुक्त हुन्छ ।

दुर्गा–सप्तशतीको कथासार (देवी–कवच, अर्गला–स्तोत्र र देवी–सूक्त सहित) अन्त्यमा दिइएको छ । देवीभागवतको सामान्य परिचय पनि अन्त्यमा उल्लेख छ ।

जप र पाठ पछि अग्नि–स्थापना विधिले अग्नि–स्थापना गरी (विधि नजाने समिधा बनाइ आगो बाली) चरू (तिल, जौ,

---

४८ ततो जपेन्नवार्णं च मन्त्रं मन्त्रार्थपूर्वकम ।

४९ ततः सप्तशती-स्तोत्रं देव्या अग्रे तु संपठेत् ।
नानेन सदृशं स्तोत्रं विद्यते भूवनत्रये ॥

नैवेद्य र घिउ लगाइ मुछिएको चामल) माथि लेखिए अनुसार पूजित देवीहरू, देवताहरू, ग्रहहरू र कुल देवी देवतालाई नवाक्षरी मन्त्र र देवीका नामका स्तोत्रहरूले आहुति दिनु पर्छ । त्यसपछि भगवती दुर्गालाई वलि दिनु पर्छ ।

वलि अर्पण:– वोको, कुखुरा, हाँस, परेवा र राँगा आदि पशु पन्छी काटी तिनको रगत देवीलाई चढाउँनुलाई वलि अर्पण भनिन्छ । वलिमा पशु पन्छी नै चाहिन्छ भन्ने छैन । कुभिण्डो, घिरौंला र मूलाको पनि वलि दिए हुन्छ र केरा, ज्यामिर, सुन्तला, नरिवल, वयर र सुपारी चढाए पनि शास्त्र–सम्मत हुन्छ । प्राणीहरूको वलि नदिइ आहुति दिए पनि भगवती प्रसन्न हुनु हुन्छ । पशु वा पन्छी वा पशुपन्छीरुपी वलि वा वलि दिइने चीज (कुभिण्डा वा घिरौंला जे हुन्छ) लाई सर्वप्रथम कर्म–पात्रको जल छर्की शुद्ध पारी अर्घ, चन्दन, अक्षता, फूलले पूजी धूप, दीप र नैवेद्य आदि चढाइ काट्ने हतियारलाई पनि पूजी पशुलाई मन्त्र सुनाइ संकल्प गरी हात जोडी निम्न मन्त्र पढ्नु पर्छ ।

यज्ञार्थे पशव: स्रष्टा: यज्ञार्थे पशुघातनम् ।
यतस्त्वां घातयिष्यामि तस्माद्यज्ञे वधो भव ।।

पशुरूपं परित्यज्य गन्धर्वस्त्वं च रूपधृक् ।
गौरी-लोकं समासाद्य मम कल्याणदो भव[५०] ।।

तव काट्ने हतियारलाई पनि प्रणाम गरी देवीलाई सम्झी एकै पटकमा पशु वा पन्छी वा पशुपन्छीरुपी चीजलाई काटी (पशु-पन्छीले पछ्रिये मात्र काट्नु पर्ने कुरा बिर्सनु हुन्न) अलिकति पानी

५० यज्ञका लागि नै पशुहरू सृष्टि भएका हुन् । यज्ञका लागि नै पशु मारिन्छन् । यसकारण तिमीलाई मार्छु । त्यसकारण तिमी यज्ञमा मर । पशुको रुप (योनी) त्यागी राम्रो रुप धारण गर्ने गन्धर्व होउ (यज्ञमा मारिएका पशुहरू गन्धर्व हुन्छन् भन्ने शास्त्रीय मत छ) । गौरी लोकमा गएर मेरो कल्याण गर्ने होउ ।

पिलाइ, रगत देवीलाई चढाइ (टाउको पनि चढाउने गरिन्छ) हात जोडी देवीको स्तुति गर्नु पर्छ ।

\+ इमं पशुबलिं देवी गृहित्वा कालरात्रिके ।
प्रीता भव महाचण्डि रक्ष मां शरणागतम् ।।
कायेन मनसा वाचा त्वत्तो नान्या गतिर्मम ।
अन्तश्चरसि भूतानां दृष्ट्या त्वं परमेश्वरि ।।

त्यसपछि फेरि आहुति दिइ धूप लगाइ शंख, घण्ट, डमरू बजाई आरति र पुष्पान्जलि गर्नु पर्दछ ।

देवीको आरति गर्दा भन्ने मन्त्र :–

"[५१] प्रवरा-तीर-निवासिनी निगमप्रतिपाद्ये पारावार-विहारिणी
नारायणि हृद्ये ।
प्रपन्चसारे जगदाधारे श्रीविद्ये प्रपन्नपालननिरते मुनिवृन्दा-
राध्ये ।।
जय देवी जय देवी मोहनरूपे मामिह जननी समुद्धर
पतितं भव-कुपे ।

\+ हे कालरात्री समान महाचण्डिके, यो पशुवलि ग्रहण गरेर खुशी हुनुहोस् र तपाइका शरणमा परेको मलाइ रक्षा गर्नुहोस् । शरीर, वचन र मनले तपाइ भन्दा अर्को मेरो आधार छैन । हे परमेश्वरी, तपाइ आंखाले नै सब प्राणीहरूका अन्तःस्करणमा घुम्नु हुन्छ ।

५१ हे श्रेष्ठ नदीका किनारमा वास गर्ने, वेद सिर्जना गर्ने, जसको वारपार छैन त्यस्तामा घुम्ने, हृदयमा बस्ने, सब प्राणीहरूलाई मोहमा राख्ने, संसारकी आधार–स्वरूपा, शरणमा परेकालाई रक्षा गर्न तयार रहने, मुनिसमूहद्वारा आराधना गरिएकी, संपत्ति र ज्ञानरूपी, प्राणीहरू निक्लने र मिल्ने मुहान स्वरूपा देवी तपाइको जय होस्, हे देवी तपाइको जय होस्, मोहनरूपा [सुन्दररूपकी राम्री] आमा, यहाँ यस संसाररूपी गहिरो कुवामा गिरेको मलाइ निकाल्नु होस् ।

दिव्यसुधाकरवदने कुन्दोज्वलरदने पदनरवनिर्जित-मदने
मधुकैटभर्कदने ।।
विकसितपङ्कजनयने पन्नगपतिशयने खगपति--वाहने गहने
संकटवनदहने ।
जय देवी जय देवी जय देवी मोहनरूपे मामिह जननी
समुद्धर पतितं भव-कुपे ।।
देवीसम्बन्धी अन्य स्तोत्रद्वारा पनि आरति गरे हुन्छ ।
देवीपुष्पान्जलि–मन्त्र:-

[५२] रूपं देहि यशो देहि भगं भवति देहि मे ।
पुत्रान् देहि तथा मात : सर्वान् कामांश्च देहि मे ।
महिषघ्नि महामाये चामुण्डे मुण्डमालिनी ।
आयुरारोग्यमैश्वर्यं देहि देवी नमोऽस्तु ते ।।
अपराधसहस्राणि क्रियन्तेऽहर्निशं मया ।
दासोऽयमिति मां मत्वा क्षमस्व परमेश्वरि ।।

हे दिव्य चन्द्रमा जस्तो मुख भएकी, कुन्द [सेतो] फूल भन्दा राम्री, नङ र पाउले कामदेवलाई जितेकी अर्थात् पांउ सारै राम्रा भएकी, मधु र कैटभलाई मार्ने, फक्रेको कमल जस्ता आंखा भएकी, भगवान विष्णुसंग शयन गर्ने, भगवान विष्णुलाई धारण गरेकी डरलाग्दो संकटरूपी वनलाई डढाँउने, तपाइको जय होस्, हे देवी तपाइको जय होस्. हे राम्री आमा, यहाँ यस संसाररूपी गहिरो कुवामा गिरेको मलाइ निकाल्नु होस् ।

५२ हे आमा, मलाइ रुप दिनु होस्, इज्जत दिनु होस्, ऐश्वर्य दिनुहोस्, छोरा छोरी दिनु होस्, मैले चिताएको सब काम कुरा पूरा गरि दिनु होस् । महिषासुरलाई मार्ने, मुण्ड [टाउका] को माला लगाउने, महामाया दुर्गा देवी मलाई लामो आयु, राम्रो स्वास्थ्य, सम्पति र सुख दिनु होस्, तपाइलाई नमस्कार छ । हे परमेश्वरी, मबाट रात दिन हजारौं अपराध [पाप] भए गरेका छन्, यो दास हो भन्ने संझी मलाइ माफ गरि दिनु होस् । हे संसारकी आमा, म पापी हुं, तपाइका शरणमा परेको छु, अहिले म तपाइको

सापराधोऽस्मि शरणं प्राप्तस्त्वां जगदम्बिके ।
इदानीमनुकम्प्योऽहं यथेच्छसि तथा कुरू ।।
न मन्त्रं नो यन्त्रं तदपि च न जाने स्तुतिमहो ।
न चाव्हानं ध्यानं तदपि च न जाने स्तुतिकथा ।।
न जाने मुद्रास्ते तदपि च न जाने विलपनम् ।
परं जाने मातस्त्वदनुशरणं क्लेशहरणम् ।
मन्त्रहीनं क्रियाहीनं भक्तिहीनं सुरेश्वरि ।
यत्पूजितं मया देवी परिपूर्णं तदस्तु मे ।।
कामेश्वरी जगन्माता; सच्चिदानन्दविग्रहे ।
गृहाणार्चनमिमां प्रीत्या प्रसीद परमेश्वरि ।
मत्समं पातकी नास्ति पापघ्नी त्वत्समा नहि ।
एवं ज्ञात्वा महादेवी यथायोग्यं तथा कुरू ।।

देवीसम्वन्धी अन्य मन्त्र स्तोत्रद्वारा पनि पुष्पान्जलि गरे हुन्छ । त्यसपछि देवीलाइ अन्जुलिको फूल चढाइ दिनुपर्छ ।

त्यसरी नै द्वितीयादेखि षष्ठीसम्म प्रतिपदा या घटस्थापना-

दयाको पात्र बनेको छु, मलाई जस्तो चाहनु हुन्छ, त्यस्तै गर्नुहोस् । आमा, म मन्त्र जान्दिन, तन्त्र जान्दिन, अचम्मको कुरा छ, स्तुति गर्न पनि जान्दिन, तपाईको आवाहन र ध्यान गर्न जान्दिन, तपाईका स्तोत्र र कथा पनि जान्दिन, तपाईका मुद्रा जान्दिन, व्याकुल भएर विलाप गर्न (रुन) पनि जान्दिन, खाली म सब दुःख नाश गर्ने तपाईका पछि लाग्न (शरण पर्न मात्र) जान्दछु । हे देवताहरूकी पनि मालिकिनी देवी, मैले तपाईको जुन मन्त्रहीन, क्रिया (विधि) हीन र भक्तिहीन पूजा गरें, त्यो तपाईको कृपाबाट पूर्ण होस् । हे नित्य, चैतन्य र आनन्दस्वरुपा जगन्माता (विश्वकी आमा) कामेश्वरी, (इच्छाहरूकी मालिकिनी अर्थात् शक्तिहरूकी पनि शक्ति महाशक्ति) परमेश्वरी, मैले गरेको यो पूजा प्रेमले स्वीकार गर्नु होस् र प्रसन्न हुनु होस् । अन्तिम स्तोत्रको अर्थ माथि देवीप्रार्थनामा उल्लेख छ ।

का दिनमा गरे झैं प्रत्येक दिन विहान दियो, कलश, गणेश र दुर्गा-पूजामा लेखिएका भगवती दुर्गा र अन्य देवीहरू र देवताहरूको पूजा, कन्या-पूजा, जप, पाठ, होम गर्नु र वलि दिनु, फेरि आहुति दिइ आरति एवं पुष्पान्जलि गर्नु पर्छ[५३]। बेलुका पनि पन्चोपचार (चन्दन, फूल धूप, दीप र नैवेद्य) ले पूजा, आरति र पुष्पान्जलि गर्नु पर्छ ।

भगवती दुर्गालाई विशेष रुपले प्रतिपदामा केश सफा गर्ने चीज, द्वितीयामा केश एकै ठाउँमा पार्ने तताएको तेल, तृतीयामा ऐना, सिन्दुर, गोडामा लगाउने रंग, चौथीमा मह, सक्खर, दही, काँशको भाँडा वा थालमा राखेको मधुपर्क र गाजल, पन्चमीमा चन्दन, सुन र चाँदीका गहना ती नभए फूल चढाउनु पर्ने कुरा देवी भागवतमा लेखिएको छ ।

[५४]सप्तमीमा षष्ठीका दिनमा गरे झैं पूजासम्वन्धी सब काम गरी जप गर्नु भन्दा पहिले विशेष गरी महासरस्वती र पुस्तकहरू-को पूजा षोढशोपचारले देवीसूक्तद्वारा गरी फूलपाति अर्थात नौ पात (केरा, दारिम, धान, वेसार, सामा, सेतो हलेदो, वेल, अशोक

---

५३. पूर्वाङ्गपूजामा गरिएको पुण्याहवाचन, मातृका र ग्रहपूजा गर्नु तथा आवाहन गर्नु पर्दैन । विसर्जन पनि दशमीका दिन रिने हुनाले गर्नु हुन्न ।

५४. प्रतिपदाका दिन दियो, कलश र गणेशलाई पूजी जमरा राखी घटस्थापना गर्ने र दिनहुँ विहान वेलुका जमरामा पानी लगाइ भगवती दुर्गा-को पूजा सप्तमीका दिनदेखि मात्र गर्ने चलन छ । यो चलन पनि शास्त्रीय हो । नसक्ने र नभ्याउनेले यसै पनि गर्नु पर्छ । यस्तो गर्दा पनि विधि दुर्गा-पूजामा र सप्तमी, अष्टमी, नवमीमा गर्नु पर्ने भनी उल्लेख गरे अनुसार नै हो ।

र वज्र–दन्तिका– यिनलाई नव पत्रिका भनिन्छ–[५५]) लाई पूजी प्रत्येकको नौका दरले दुर्गा–पूजा–स्थानमा भित्र्याउनु (राख्नु) पर्छ । यी नौ पातमा क्रमशः ब्रह्माणी, रक्तचण्डिका, लक्ष्मी, दुर्गा, चामुण्डा, कालिका, शिवा, शोकहारिणी र कार्तिकी देवीलाई एक एक गरी आवाहन गरेर सोह्र सामाग्रीले पूज्नु पर्छ । त्यसपछि अघिल्ला दिन गरे झैं जप, पाठ, होम, वलि, फेरि होम, आरति र पूष्पान्जलि गर्नु पर्छ ।

अष्टमीलाई कालरात्री भनिन्छ । यस दिन सप्तमीमा झैं महासरस्वती, पुस्तक र नव पत्रिकालाई पूज्नु पर्दैन । बाँकी काम सप्तमीका दिनमा झैं गरी जप गर्नु भन्दा पहिले भद्रकाली (महाकाली) को सोह्र सामानले पूजा गर्नु पर्दछ । देवीभागवत अनुसार प्राचीन कालमा दक्ष प्रजापतिको यज्ञ नाश गर्ने, ज्यादै शक्तिशाली भद्रकाली (महाकाली पनि भनिन्छ) करोडौं योनी (शक्ति) का साथ यसै अष्टमीका दिन उत्पन्न हुनु भएको थियो[५६] । त्यसैले यस दिन उहाँको पूजा विशेषरुपलेगर्नु पर्ने शास्त्रीय विधान छ । त्यस पछि वाकी काम (जप, पाठ, होम, वलि, फेरी होम, आरति र पुष्पान्जलि) गर्नु पर्छ ।

नवमीका दिन भद्रकालीको वदला महालक्ष्मीको विशेष पूजा गर्नु पर्छ । अरू काम अष्टमीका दिनका जस्तै हुन् । पहिले कन्यापूजा नगरेको भए एक वा नौ जति सकिन्छ, यस दिन कन्या पूजा गर्न भूल्नु हुन्न ।

---

५५. कदली दाडिमं धान्यं हरिद्रा मानकंचकम् ।
विल्वाशोकौ जयन्ति च विज्ञेया नवपत्रिका ।।

शास्त्रले यी नौ पातलाई पवित्र मानेको छ । कोही केरा र धान आदिका वोटै भित्र्याउने पनि गर्छन् ।

५६. पुराऽष्टम्यां भद्रकाली दक्ष–यज्ञविनाशिनी ।
प्रादुर्भूता महावीरा योगिना कोटिभिः सहः ।।

दशमीका दिन सोह्र सामाग्रीले भगवती दुर्गा र अरू देवीहरू तथा देवताहरूको पूजा गर्नुपर्छ र यस दिन नौ दिनसम्म गरेको काममा कुनै त्रुटि भयो कि भनी त्यसलाई पूरा गर्न तामाको थालीमा चन्दनले अष्टदल लेखी त्यसका वीचमा माटाका देवीका तीन प्रतिमा वा राता अक्षताका तीन थुप्रा राखी वीचमा अपराजिता देवी, दाहिनेतिर जया देवी, देब्रेतिर विजया देवीको आवाहन र सोह्र सामाग्रीले पूजा गरी यथाशक्ति हवन गरी जमरा पनि पूजी जमरा भगवती दुर्गा, अन्य देबीहरूलाई चढाई आरति र पुष्पान्जलि गर्नु पर्छ । आरति र पुष्पाञ्जलिमा पढ्ने मन्त्र स्तोत्र माथि नै उल्लेख गरिएको छ ।

विसर्जन .– त्यस पछि निम्न मन्त्र पढ्दै, चन्दन,अक्षता, फूल छर्कंदै, माफ माग्दै, भगवती दुर्गा र अन्य देवी तथा देवताहरूलाई विसर्जन [विदा] गर्नु र उठाइ पनि दिनु पर्दछ ।

आवाहनं नजानामि नजानामि विसर्जनम् ।
पूजां चैव नजानामि क्षम्यतां परमेश्वरी ।।
इमां पूजां मया देवी यथाशक्त्या निवेदिताम् ।
रक्षार्थ त्वत्प्रसादाय ब्रज स्वस्थानमुत्तमम् ।।
दुर्गा देवी जगन्मातः स्वस्थानं गच्छ पूजिते ।
संवत्सरे ब्यतीते तु पुनरागमनं तव ।
उत्तिष्ठ देवी चण्डे शिशुभे पूजां प्रगृह्य च ।
कुरूष्व मम कल्याणमष्टाभिः शक्तिभिः सह ।।

हे परमेश्वरी, म तपाइलाई आवाहन गर्न [बोलाउँन] जान्दिन, विदा [विसर्जन] गर्न जान्दिन, पूजन नै जान्दिन, मलाई माफ गर्नुहोस् । हे देवी, मेरो रक्षाका लागि तपाइलाई खुशी पार्न आफ्नो शक्ति [गच्छे] अनुसार तपाइलाई यो पूजा निवेदन गरें अर्थात चढायें । अब तपाइ आफ्नो उत्तम ठाँउँमा जानु होस् । हे पूजा गरिएकी संसारकी आमा दुर्गादेवी, आफ्ना स्थानमा जानु होस् । एक वर्ष विते पछि फेरी तपाइको आगमन होस् । हे वालकको जस्तो कान्ति भएकी चण्डी देवी, पूजा ग्रहण गरेर उठ्नु होस्, अष्टमातृकाकासाथ मेरो कल्याण गर्नु होस् ।

अर्पण :– निम्न मन्त्र पढ्दै कर्मपात्रको जल जमीनमा चढाई भगवानका कृपाले गरेको पूजासम्बन्धी काम कुरा अन्त्यमा उहाँलाईनै अर्पण गरी जमीनको माटो निधारमा लगाई तीन पटक उहाँको नमस्कार गर्नु पर्दछ ।

कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पयामि ।।

तत्सद् व्रम्हार्पणमस्तु ।

यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ।
न्यूनं संपूर्णतां याति सद्यो वन्दे तमच्युतम् ।।
वन्दे तमच्युतं वन्दे तमच्युतम् बन्दे तमच्युतम् □ ।

त्यसपछि देवीका मूर्तिहरू र नवपत्रिकालाई बाजा, गाजा, वैदिक मन्त्र र देवीस्तोत्र पाठका साथ जलाशयमा लगी सेलाइ • घर फर्की वेदका मन्त्रले अभिषेक गरी पुरोहित र भये भान्जा, भान्जी, छोरी, जुबाई, वैनी, वैनी जुवाइ आदिलाई टिका लगाई दक्षिणा दिनु पर्छ । त्यस पछि प्रसादग्रहण कार्यक्रम प्रारम्भ हुन्छ ।
प्रसादग्रहण कार्य :– तव भगवती दुर्गाको प्रसाद दहि र अवीरमा मुछेका अक्षता निधारमा र जमरा टाउकामा पुरोहितद्वारा स्वयं

□ शरीरले, वचनले, मनले, इन्द्रियहरूले, वुद्धिले, आत्माले, प्रकृति र स्वभावले जुन जुन काम कुराम गर्छु, ती सव भगवान नारायणलाई अर्पण गर्छु (चढाउँछु) ओम् तत्सत् परव्रम्हामा अर्पण होस् । तपस्या, यज्ञ, क्रिया (पूजा) आदिमा भएको कमी वा त्रुटि जसको सम्झना र नाम उच्चारणद्वारा तत्काल पूरा हुन्छ, त्यस्ता भगवान अच्युतलाई नमस्कार छ, त्यस्ता भगवान्लाइ नमस्कार छ, त्यस्ता भगवानलाई नमस्कार छ, त्यस्ता भगवानलाई नमस्कार छ ।

• तराइ तर्फ देवीका ठूल ठूला मूर्ति जलाशयमा लगी सेलाउने चलन छ । पहाडतर्फ त्यस्ता ठूलाठूला मूर्ति स्थापना गर्ने र सेलाउने चलन छैन ।

५१

१३००

लगाइ मूलीले घरका अरूलाई टिका, जमरा लगाइ दिइ आशिर्वाद दिनुपर्छ । ⚘

टिका लगाइ दिदा भन्ने स्तोत्र :–

+ आयु द्रोणसुते श्रियं दशरथे शत्रुक्षयं राघवे,
ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने ।
दानं सूर्यसुते वलं हलधरे सत्यं च कुन्तीसुते,
विज्ञानं विदुरे प्रभवति भवतां कीर्तिश्च नारायणे ॥
लक्ष्मीस्ते पङ्कजाक्षी निवसतु भवने भारती कण्ठदेशे,
वर्धन्तां वन्धुवर्गाः सवलरिपुगणा यान्तु पातालदेशम्,
देशे देशे च कीर्ति प्रसरतु भवतां कुन्दपुष्पेन्दुशुभ्रा,
जीव त्वं पुत्रपौत्रैः सकल-सुख-युतै हायनानां शतैश्च ॥
मन्त्रार्थाः सफलाः सन्तु पुर्णाः सन्तु मनोरथाः ।

⚘ घडाका जलले सेचन गरी पूजी, टिका लगाइ दिने र जमरा लगाइ दिइ देवीलाई चढाएको रातो कपडाका डोरा घाँटीमा बाँधी दिने चलन पनि छ ।

+ द्रोणसुत अश्वस्थामाको जस्तो होस् आयु लामो तपाइको ।
मिलोस् कल्याण दशरथलाई झैं होस् नाश रामका झै शत्रुको ।।
प्राप्त होस् तपाइलाई सम्पूर्ण ऐश्वर्य ऐश्वर्यशाली नहुष राजाको ।
मिलोस् तपाइलाई गति शक्तिशाली पवनको मान दुर्योधनको ।।
हुनुहोस् तपाइ वलियोमा वलराम जस्तो कर्णसमान दानीमा ।
सत्यमा युधिष्ठिर यशमा नारायण विदुर जस्तो ज्ञानीमा ।।

कमल जस्ता आँखा भएकी लक्ष्मी तपाइका घरमा वसुन, सरस्वती (विद्याकी खानी) तपाइका घाँटीमा रहुन्, तपाइका वन्धुहरू थुप्रै होउन्, तपाइका सेना र हतियार सहितका शत्रुहरू पातालमा जाउन् अर्थात नाश होउन् । तपाइको कुन्द फूल र चन्द्रमाको कान्ति जस्तो इज्जत र प्रतिष्ठा ठाउँ ठाउँमा फैलियोस्, छोरा, छोरी, नाति, नातिनीहरू र सम्पूर्ण सुखले युक्त भै तपाइ सय वर्षसम्म बाँच्नु होस् ।

सफल होउन् मन्त्राशीर्वाद पूरा होउन् तपाइका आश ।

शत्रुणां वुद्धिनाशोऽस्तु मित्राणामुदयस्तव ।
स्वस्त्यस्तु ते कुशलमस्तु चिरायुरस्तु, ।
गोवाजीरत्न-धन - धान्य - समृद्धिरस्तु ।
ऐश्वर्यमस्तु वलमस्तु रिपुक्षयोऽस्तु,
सन्तान अल्पा शततं हरि - भक्तिरस्तु ॥
जयन्ती मंगला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥
विधेहि द्विषतां नाशं विधेहि वलमुच्चकैः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥
भद्रमस्तु शिवमस्तु महालक्ष्मी प्रसीदतु ।
रक्षन्तु त्वां सदा देवा आशिषः सन्तु सर्वदा ॥

यी वाहेक आफूलाई मन परेका अन्य मन्त्र र स्तोत्र वा वचनद्वारा पनि शुभाशीर्वाद दिए वा शुभकामना प्रकट गरे पनि हुन्छ ।

धेरै होउन् तपाइका मित्रगण होस् शत्रुहरूको विनाश ।।
कल्याण होस् राम्रो होस् तपाइलाई होस् आयु बढी तपाइको ।
थुप्रो लागोस् तपाइमा गाई घोडा हात्ति अन्न र संपत्तिको ।।
हुन नाश शत्रु तपाइका मिलोस् तपाइलाई ऐश्वर्य र शक्ति ।
थोरै होउन् छोरा छोरी होस् तपाइको हरिमा भक्ति ।।

जयन्ती आदिको अर्थ माथी नै उल्लेख छ ।

विधेहि आदिको अर्थ अन्त्यमा अर्गलास्तोत्रमा लेखिएको छ ।

(भगवती नवदुर्गाको प्रसादले) तपाइलाई राम्रो होस्, कल्याण होस्, संधै महालक्ष्मी दुर्गा प्रसन्न रहुन्, देवताहरूले संधै तपाइलाई रक्षा गरून् र संधै तपाइलाई शुभ आशिर्वाद दिने होउन् अर्थात् देवताहरूका आशिर्वादले सँधै तपाइलाई राम्रो होस् ।

दुर्गा-पूजा मण्डप



द.नं. ९३००

नवग्रह-पूजा-मन्दिर



दुर्गा-पूजा-यन्त्र



अष्टमातृका पूजा चक्र



उपलब्धी

दशैंमा आद्यशक्ति महालक्ष्मी र उहाँका महाकाली, महासरस्वती, दुर्गा आदि स्वरूपको पूजा, आराधना र प्रार्थनाबाट मानिसमा सद्बुद्धि, सद्विद्या सत्य, त्याग, दया, प्रेम, स्नेह, कोमलता, सहनशीलता अक्रोध, शान्ति, सन्तुष्टि, पवित्रता, निरभिमान, श्रद्धा, भक्ति, परोपकार, आत्मविश्वास, आत्मबल र क्रियाशीलता जस्ता दैवीगुणको उदय हुन्छ र व्यक्ति शान्तिसंग जीवन बिताइ शान्तिसंग मर्दछ। सांसारिक, पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, घर, जमीन र संपत्ति आदि प्रतिको मोह अर्थात् आशक्ति त्यागी शान्तिसंग मर्नु नै मोक्ष अर्थात् मुक्ति हुनु हो। जसरी उम्रने शक्ति नष्ट भएको बीउबाट अंकुर पलाउँन सक्दैन, त्यसरी नै आशक्तिरहित मानिसले फेरी जन्म लिनु पर्दैन। जन्म त्यस व्यक्तिको हुन्छ, जसको सांसारिक बस्तु(पति, पत्नी, छोरा, छोरी, घर, जमीन, संपत्ति आदि)-प्रति मोह वा आसक्ति अर्थात् जन्मनें विज हुन्छ। अनाशक्त (आशक्तिरहित) व्यक्तिको त जन्मने बीज नै नाश भै सकेको हुन्छ। त्यसैकारण फेरि जन्म मरणको चक्करमा फस्नु नपर्ने स्थिति (अवस्था) लाई मोक्ष [माया मोहको बन्धनबाट मुक्त] भनिएको हो। दशैं पर्व मनाउँदाका प्रस्तुत उपलब्धी आध्यात्मिक [आत्मा सम्बन्धी] हुन्।

गहिरिएर सूक्ष्म दृष्टिले विचार गर्दा दशैं मनाउँदाका भौतिक लाभ पनि कम देखिंदैनन्। हरेक काम कुरा गर्न शरीर निरोगी र ताकतिलो हुनु जरूरी छ। सफलताको शिखरमा पुग्न शरीर ठीक हुनु अनिवार्य हुन्छ। त्यसैले प्राचीन आचार्यहरूले शरीरमाद्यं खलु धर्मसाधनम् - [धर्मसाधन (कर्तव्य पूरा) गर्न

निश्चय नै सर्वप्रथम शरीर ठीक हुनु पर्छ] भनेको छ । कृषि प्रधान देशका हामी अधिक काम गर्नु पर्दा र तागतिलो चीज खान नपा-उँदा असोजतिर ज्यादै थाकेका र कमजोर हुन्छौं । वर्षा समयमा पानी अधिक पर्नाले जतासुकै हिलो, फोहोर र मैला थुप्रेको, रोगका नाना किटाणु फैलिएका, बाटा सडक बिग्रेका, घरका वरीपरी, धारा, कुवा, मन्दिर आदि सार्वजनिक स्थानमा फोहोर, मैला जमेको, कीरा स्यांउ स्यांउ गरिरहेका र झार रूख बढेका हुन्छन् । ती सब स्वास्थ्यका लागि खराब हुन् । दशैंमा ती स्थानहरूमा सफा सुग्घर पारिन्छ, घर पोतिन्छ, रंग रोगन गरिन्छ, लुगा धोइन्छ र दिनहुँ नुहाइन्छ, मनोरन्जन गरिन्छ, सफा लुगा लगाइन्छ, तागतिलो चीज खाइन्छ, कृषिकार्यबाट केही समयसम्म फुर्सद लिइन्छ । धूप दिइन्छ, वत्ति बालिन्छ र आहुति [होम] पनि गरिन्छ । प्रस्तुत सब काम कुरा शरीर र मनलाई निरोगी, सु-स्वास्थ्य र स्वच्छ राख्ने उपयोगी र महत्वपूर्ण साधन हुन् । त्यसरी दशैंको माध्यमबाट मानसिक र शारीरिक स्थिति ठीक [राम्रो] राख्न सकिन्छ । यस-प्रकार स्वास्थ्यको दृष्टिबाट यो चाड ज्यादै महत्वपूर्ण हुन जान्छ ।

काम विशेषले घरबाट टाढा गै बसेकाहरू दशैंमा घर फर्कन्छन्, टिका लगाउने सिलसिलामा छोरा, छोरी, भाइ, बहिनी, भान्जा, भान्जी, बुहारी, छोरी,छोरीजुवाइ, भाइ-बुहारी, बहिनी-जुवाइ, आमा, बाबु, दाजु, भाउजु, मामा, माइजु, सासु, ससुरा,जेठाजु, जेठानी, र जेठु आदि बन्धुवर्ग, नातेदार तथा मान्यजनहरूसंग भेट हुन्छ । कयौं समयदेखि नबोलेका जावत आवत र भेटघाट बन्द भएकाहरू पनि दशैंमा टिका लगाउँछन्, लगाइ दिन्छन्, आशिर्वाद थाप्छन् । त्यसरी दशैंले वैरभाव नाश पार्छ, आवत जावत, भेटबाट र बोल-चालको सिलसिला फेरि जोड्छ तथा उनीहरूको बीचमा बन्धुत्व, आत्मीयता, स्नेह, प्रेम, सद्भावना, सहृदयता, सौहार्द्रता, पारस्परिक सहयोग, विचार-आदान- प्रदान, श्रद्धा, आदर र भक्तिभावको अभिवृद्धि गर्दछ र उनीहरूका बीचको मनोमालिन्य, दुष्मनी, गलत-

फहमी समाप्त गराइ मेल-मिलाप गराउँछ तथा पारिवारिक गुणको विकासको गति झन तीव्र पार्दछ। सडक र बाटाहरूको संभार तथा सुधारबाट बटुवाहरूलाई आवत जावत गर्न सुगम हुन्छ। प्रस्तुत सामाजिक काम पनि दशैंका महत्वपूर्ण उपलब्धी हुन् ।

दशैंबाट प्राप्त हुने प्रस्तुत व्यक्तिगत (मानसिक र शारीरक) पारिवारिक तथा सामाजिक लाभ प्रत्यक्षात्मक हुन् । प्रस्तुत प्रत्यक्ष लाभवाट प्राप्त हुने अप्रत्यक्षात्मक लाभ अनेकौ छन् । ती सबको चर्चा गरेर साध्य छैन ।

दशैं मनाउँदाका दुष्परिणामहरू पनि छन् । दशैंमा मानिसहरू बढी मात्रामा मादक पदार्थ सेवन गरी एक अर्कोसंग झगडा गर्छन्, कुटपीट चल्छ र यदा कदा ज्यान पनि जान्छ । दशैं मनाउने होडमा मानिसहरू आफ्नो आर्थिक अवस्थाभन्दा पनि बाहिर गै व्याजमा अर्कासंग पैसा वा चीज ऋण लिन्छन्, भएको चीज (बस्ने घर कमाउने जमीन र सामान, आदि) सस्तैमा बेची मीठै खान्छन्, राम्रै लगाउँछन् । फलतः कयौं मानिसहरू फेरि तंग्रिन नसक्ने गरी गरीबी या ऋणको गहिरो दहमा डुब्छन्। त्यसैले दशैंका भुक्तभोगीहरूले दशैंलाई **दशैं हैन, दशा हो, आयो दशैं ढोल बजाइ गयो दशैं ऋण बोकाइ, गएको दशैं के कस्तो आयो, वीरेलाई मुङ्लान पठायो** भन्ने पनि गरेको छ ।

आफ्नो आर्थिक स्थितिको ख्याल राखी मादक पदार्थ सेवनलाई सीमित गरी भगवती दुर्गा (आद्यशक्ति महालक्ष्मी)को पूजा, आराधना, प्रार्थना, प्रसाद (टीका जमरा) लगाउँनु, मान्यजनबाट आशिर्वाद थाप्नु, स्वास्थ्यवर्धक चीज खानु, राम्रा लुगा लगाउँनु, आमोद-प्रमोद गर्नु जस्ता काम कुरा गरी राष्ट्रिय पर्व दशैं मनाउँनाले माथि उल्लेख गरे अनुसारका आध्यात्मिक र भौतिक लाभ (फाइदा) प्राप्ति र धर्म तथा संस्कृतिको जगेर्ना भै मानिस शान्तिसंग जीवन बिताइ अन्त्यमा शान्तिसंग मरी मोक्ष (मुक्ति) प्राप्त गर्न सक्षम हुन सक्दछ ।

चतुर्थ भाग

दुर्गासप्तशती

दुर्गासप्तशतीमा **देवीकवच, अर्गला, कीलक** र १३ अध्याय तथा ७०० स्तोत्र छन् । यसमा दुर्गादेवीका स्तुति र लीलासम्वन्धी सात (सप्त) सये (शती) स्तोत्र भएकोले यसलाई **दुर्गासप्तशती** भनिएको हो । यसलाई **चण्डी** पनि भनिन्छ । कवच-लाई वीज, अर्गलालाई शक्ति र कीलकलाई विध्ननाश गर्ने किलो मानिन्छ । यी तीन मिलेपछि शक्ति क्रियाशील भै विभिन्न रुपमा प्रकट हुन्छिन् र फल दिन्छिन् भन्ने विश्वास गरिन्छ । पहिले देवी-कवच, त्यस पछि अर्गला र त्यस पछि कीलकको पाठ गरे पछि १ अध्याय देखि क्रमशः १३ अध्यायसम्म पाठ गर्नु पर्ने कुरा पाठविधिमा उल्लेख पाइन्छ । दुर्गासप्तशती मार्कण्डेय पुराण अन्त-र्गतको देवीमहात्म्य हो । यसमा देवीको चरित्र र स्तुतिको वर्णन छ । यो **ब्रह्माजीले मार्कण्डेय ऋषि** (जो अष्ट चिरंजीवी मध्येका एक हुनुहुन्छ) लाई र मार्कण्डेय ऋषिले अरू ऋषिलाई तथा १ अध्यायदेखि १३ अध्यायसम्म **सुमेधा** नामक मुनिले **सुरथ** नामका राजा र **समाधि** नामको वैश्यलाई बताउँनु भएको हो ।

देवीकवचमा भगवती दुर्गाका नौ नाम, नौं मातृकाका नाम, उनीहरूका वाहन, अस्त्रहरूको नामको उल्लेखका साथै ऐन्द्री आदि-देवीहरूसंग दश दिशा र अगाडि, पछाडि, देब्रे, दाहिने तर्फबाट पनि रक्षा गर्नुहोस् भनिएको छ । त्यसरी नै उद्योतिनी आदि देवी-

हरूसंग शरीरको शिखा, टाउको आदि अङ्गहरूको, केश, रौं, छाला आदि शरीरका वाहिरी आवरणहरूको, मन, बुद्धि, अहंकार आदि बुद्धितत्वहरूको, वाराहीसंग आयुको, वैष्णवीसंग धर्मको, चक्रिणी-संग लक्ष्मी, इज्जत, धन र विद्याको, इन्द्राणीसंग गोत्रको, चण्डिका-संग पाल्तु गाइ, भैंसी, बाखा, आदि पशुहरूको, महालक्ष्मीसंग छोरा, छोरीहरूको, भैरवीसंग पत्नीको रक्षा गर्नुहोस् भनिएको छ। देवीकवच तल दिइएको छ।

ओम् चण्डिकादेवीलाई नमस्कार छ। मार्कण्डेयले भन्नु भयो:– हे ब्रह्मा, जो यस संसारमा ज्यादै गोप्य र मानिसहरूलाई सब तर्फबाट रक्षा गर्नेवाला तथा जो तपाइले आजतक कसैलाई भन्नु भएको छैन, त्यो मलाई भन्नु होस् ।१।

ब्रह्माले भन्नु भयो:– हे सज्जन, ठूला मुनि, सबै प्राणीहरूलाई, उपकार गर्ने, अतिगोप्य र पवित्र देवीकवच छ, त्यो सुन्नु होस् ।२।

पहिली शैलपुत्री (शैल– हिमालयकी पुत्री–छोरी, पार्वती हुनुहुन्छ, सवकी मालिकिनी भएर पनि उहाँ हिमालय पर्वतको तपस्या र स्तुतिबाट प्रसन्न भै हिमालय र मेनकाबाट जन्मिनु भएको थियो), दोश्री ब्रह्मचारिणी (सच्चिदानन्दस्वरुपा), तेश्री चन्द्रघण्टा (चन्द्रमा घण्टामा भएकी देवी), चौथी कुष्माण्डा (आध्यात्मिक, आदिदैविक र आदिभौतिक तीन प्रकारका पीर भएको संसार जसमा छ, त्यस्ती देवी), पाँचौ स्कन्दमाता (स्कन्द–सनत्कुमारकी आमा), छैठौं कात्यायनी (दैवकार्य सिद्ध गर्नका लागि कात्यायन

ओम् नमश्चण्डिकायै ॥

मार्कण्डेय उवाच

ओम् यद्गुह्यं परमं लोके सर्वरक्षाकरं नृणाम् ।
यन्न कस्यचिदाख्यातं तन्मे ब्रुहि पितामह ॥१॥

ब्रह्मोवाच

अस्ति गुह्यतमं विप्र सर्वभूतोपकारकम् ।
देव्यास्तु कवचं पुण्यं तच्छृणुष्व महामुने ॥२॥

ऋषिका आश्रममा प्रकट भएकोले उनले आफ्नी कन्या मानिएकी), सातौं कालरात्री (मार्नेवाला कालकी पनि रात्री अर्थात् नाश गर्ने), आठौं महागौरी (ठूली, गौरवर्णको), नवमौं सिद्धिदात्री (सिद्धि–मोक्ष, दात्री–दिने) यी नौ देवीलाई नव (नौ) दुर्गा भनिन्छ । यी नौ नाम महात्मा वेद भगवानले भन्नु भएको हो ।।३–५।।

आगोले डढाइ राखेको, लडाइमा शत्रुहरूले घेरिएको, विकट आपत्तिमा फसेको कारणवाट डरले आत्तिइ भगवती दुर्गाका शरणमा गएकाहरूको अशुभ हुँदैन । युद्ध संकटमा पर्दा पनि त्यसमाथि आपत्ति देखिँदैन । तिनलाई शोक, दुःख र डर हुँदैन । जुनले भक्तिका साथ भगवती दुर्गाको स्मरण गरे, तिनीहरूको उन्नति हुन्छ । हे देवीहरू-की पनि मालिकिनी, जो तपाइको चिन्तन गर्छन् तिनलाई तपाइ रक्षा गर्नुहुन्छ । यसमा शंका छैन ।।६–८।।

चामुण्डा प्रेतमा चढ्नु हुन्छ । वाराही भैंसीमा चढ्नु हुन्छ । ऐन्द्री हात्तिमा चढ्नु हुन्छ । वैष्णवी गरुडमा चढ्नु हुन्छ ।।९।। माहेश्वरी वसाहा माथि चढ्नु हुन्छ । कौमारी मयुरमाथि चढ्नु

प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चन्द्रघण्टेति कुष्माण्डेति चतुर्थकम् ।।३।।
पन्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।
सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ।।४।।
नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः ।
उक्तान्येतानि नामानि ब्रह्मणैव महत्मना ।।५।।
अग्निना दह्यमानस्तु शत्रुमध्ये गतो रणे ।
विषमे दुगमे चैव भयार्ताः शरणं गताः ।।६।।
न तेषां जायते किंचिदशुभं रणसंकटे ।
नापदं तस्य पश्यामि शोकदुःखभयं न हि ।।७।।
यैस्तु भक्तया स्मृता नूनं तेषां वृद्धिः प्रजायते ।
ये त्वां स्मरन्ति देवेशि रक्षसे तान्न संशयः ।।८।।
प्रेतसंस्था तु चामुण्डा वाराही महिषासना ।
ऐन्द्री गजसमारुढा वैष्णवी गरुडासना ।।९।।

हुन्छ । भगवान विष्णुकी पत्नी लक्ष्मी कमलमाथी बस्नु हुन्छ र कमल हातमा लिनु हुन्छ ॥१०॥ सेतो रुप धारण गरेकी ईश्वरी देवी साँढे माथि चढ्नु हुन्छ । सबै प्रकारका आभूषणद्वारा सुशोभित व्राह्मी देवी हाँस माथि चढेकी हुनुहुन्छ । यी सबै (नौ) माताहरू संपूर्ण शक्तिले युक्त हुनु हुन्छ, अनेकौं आभूषणका शोभाले युक्त, विभिन्न रत्नहरूद्वारा सुशोभित क्रोधले भरिएका देवीहरू आ–आफ्ना रथमाथि चढेकी देखिनु हुन्छ ।

यी देवीहरू शंख, चक्र, गदा, शक्ति, हल (हलो जस्तो शस्त्र) मुसल (मुसली जस्तो शस्त्र) खेटक तोमर (गल जस्तो हतियार) परशु (वन्चरो) पास (डोरी जस्तो लामो अस्त्र) कुन्त (भाला) त्रिशूल (टुप्पामा तीनोटा तिखा सुइरा भएको) शार्ङ्ग (विष्णुको धनु) धनु हातमा लिनु हुन्छ । यसरी देवीहरू दैत्यहरूको देहनाश गर्न, भक्तहरूलाई अभय दिन अर्थात् डररहित पार्न र देवताहरूको कल्याणका लागि अस्त्र शस्त्रहरू धारण गर्नु हुन्छ ॥११–१५॥

हे ज्यादै डरलाग्दी, अत्यन्त डरलाग्दो शक्ति देखाउने, ज्यादै वल भएकी, ज्यादै उत्साहवाली ठूलठूला डर नाश गर्ने देवी तपाइ-

---

माहेश्वरी वृषारुढा कौमारी शिखिवाहना ।
लक्ष्मीः पद्मासना देवी पद्महस्ता हरिप्रिया ॥१०॥
श्वेतरूपाधरा देवी ईश्वरी वृषवाहना ।
ब्राह्मी हंससमारूढा सर्वाभरणभूषिता ॥११॥
इत्येता मातरः सर्वाः सर्वयोगसमन्विताः ।
नानाभरणशोभाढ्या नानारत्नोपशोभिता ॥१२॥
दृश्यन्ते रथमारुढा देव्यः क्रोधसमाकुलाः ।
शङ्खं चक्रं गदां शक्तिं हलं च मुसलायुधम ॥१३॥
खेटकं तोमरं चैव परशुं पाशमेव च ।
कुन्तायुधं त्रिशुलं च शार्ङ्गमायुधमुत्तमम् ॥१४॥
दैत्यानां देहनाशाय भक्तानामभयाय च ।
धारयन्त्यायुधानीत्थं देवानां च हिताय वै ॥१५॥

लाई नमस्कार छ ।१६। हे हेर्न नसकिने, शत्रुलाई डर वढाउने देवी, मलाई रक्षा गर्नुहोस् ।

पूर्व दिशामा मलाई ऐन्द्री देवीले रक्षा गर्नुहोस् । आग्नेयमा अग्नि देवीले रक्षा गर्नुहोस् ।।१७।। दक्षिण दिशामा वाराहीले रक्षा गर्नुहोस् । नैऋत्यमा खड्गधारिणी (खड्ग बोकेकी निऋति देवी) ले रक्षा गर्नुहोस् । पश्चिममा वारुणीले रक्षा गर्नुहोस् । वायव्यमा मृगवाहिनी (मृगमाथि चढ्ने वायुदेवी) ले रक्षा गर्नुहोस् ।।१८।। उत्तरमा कौमारीले रक्षा गर्नुहोस् । ईशानमा शुल वोकेकी देवीले रक्षा गर्नुहोस् । माथि आकाशवाट व्रह्माणीले रक्षा गर्नुहोस्, मलाई तल (जमीन) तर्फवाट वैष्णवीले रक्षा गर्नुहोस् ।।१९।। यसरी नै दशै दिशामा प्रेतमाथि चढ्ने चामुण्डा देवी रक्षा गर्नुहोस् ।

मलाई अगाडिवाट जयादेवी रक्षा गर्नुहोस्, पछाडिवाट विजया देवी रक्षा गर्नुहोस्, देब्रे बाट अजितादेवी, दाहिनेबाट अपराजिता देवी रक्षा गर्नुहोस् ।।२०।।

उद्योतिनी शिखाको, उमादेवी टाउकाको रक्षा गर्नुहोस् ।।२१।। मालाधरी निधारको, यशस्विनी आँखी भौंको,

---

नमस्तेऽस्तु महारौद्रे महाघोरपराक्रमे ।
महाबले महोत्साहे महाभयविनाशिनि ।।१६।।
त्राहि मां देवी दुष्प्रेक्ष्ये शत्रुणां भयवर्धिनि ।
प्राच्यां रक्षतु मामैन्द्री आग्नेयामग्निदेवता ।।१७।।
दक्षिणेऽवतु वाराही नैऋत्यां खड्गधारिणी ।
प्रतीच्यां वारूणी रक्षेद् वायव्यां मृगवाहिनी ।।१८।।
उदीच्यां पातु कौमारी ऐशान्यां शूलधारिणी ।
उर्ध्वं ब्रह्माणि मे रक्षेदधास्ताद् वैष्णवी तथा ।।१९।।
एवं दश दिशो रक्षेच्चामुण्डा शववाहना ।
जया मे चाग्रतः पातु विजया पातु पृष्ठतः ।।२०।।
अजिता वामपार्श्वे तु दक्षिणे चापराजिता ।
शिखामुद्योतिनी रक्षेदुमा मुर्ध्नि व्यवस्थिता ।।२१।।

त्रिनेत्रा आँखी भौंका वीचको भागको, यमघण्टा दुवै नाकको रक्षा गर्नुहोस् ।।२२।। शङ्खिनी दुवै आँखाको वीचको भागको, द्वारवासिनी दुवै कानको, कालिका दुवै गालाको, र शांकरी कानका फेदको रक्षा गर्नुहोस् ।।२३।। सुगन्धा नाकको, चर्चिका माथिल्लो ओठको, अमृतकला तल्ला ओठको, सरस्वती जिब्राको, कौमारी दाँतहरूको, चण्डिका कण्ठदेशको, चित्रघण्टा घाँटीको र महामाया तालुको रक्षा गर्नुहोस् ।।२४,२५।। कामाक्षी चिउँडोको, सर्वमङ्गला मेरो वाणीको, भद्रकाली ग्रीवाको र धनुर्धारी पछाडि (मेरुदण्ड)-को रक्षा गर्नुहोस् ।।२६।। नीलग्रीवा वाहिरी भागको, नलकूवरी घाँटीको नलीको, खड्गिनी दुवै काँधको, वज्रधारिणी मेरा दुवै वाहुको रक्षा गर्नुहोस् ।।२७।। शुलेश्वरी नङहरूको रक्षा गर्नुहोस् कुलेश्वरी दुवै काखीको रक्षा गर्नुहोस् ।।२८।। मनको शोकनाश गर्ने महादेवी दुवै स्तनको, ललितादेवी हृदयको, शुलधारिणी पेटको रक्षा गर्नुहोस् ।।२९।। कामिनी नाभीको, गुह्येश्वरी गुप्ताङ्ग

मालाधरी ललाटे च भ्रुवौ रक्षेद् यशस्विनी ।
त्रिनेत्रा च भ्रुवोर्मध्ये यमघण्टा च नासिके ।।२२।।
शङ्खिनी चक्षुषोर्मध्ये श्रोत्रयोर्द्वारवासिनी ।
कपोलौ कालिका रक्षेत्कर्णमूले तु शाङ्करी ।।२३।।
नाशिकायां सुगन्धा च उत्तरोष्ठे च चर्चिका ।
अधरे चामृतकला जिह्वायां च सरस्वती ।।२४।।
दन्तान् रक्षतु कौमारी कण्ठदेशे तु चण्डिका ।
घण्टिकां चित्रघण्टा च महामाया च तालुके ।।२५।।
कामाक्षी चिबुकं रक्षेद् वाचं मे सर्वमङ्गला ।
ग्रीवायां भद्रकाली च पृष्ठवंशे धनुर्धरी ।।२६।।
नीलग्रीवा बहिः कण्ठे नलिकां नलकुबरी ।
स्कन्धयोः खड्गिनी रक्षेद् बाहु मे वज्रधारिणी ।।२७।।
हस्तयोर्दण्डिनी रक्षेदम्बिका चाङ्गुलीषु च ।
६ नखान्छुलेश्वरी रक्षेत्कुक्षौ रक्षेत्कुलेश्वरी ।।२८।।
स्तनौ रक्षेन्महादेवी मनः-शोकविनाशिनी ।
हृदये ललिता देवी उदरे शुलधारिणी ।।२९।।

(योनी) को, कामना वढाउने पूतना लिङ्गको र भैंसीमा चढ्ने देवी गुदद्वारको रक्षा गर्नुहोस् ।।३०।। भगवती कम्मरको, विन्ध्याचल पर्वतमा रहने देवी घुँडाको रक्षा गर्नुहोस् । संपूर्ण कामना प्रदान गर्ने महावला देवी जांघ (चाक) को रक्षा गर्नुहोस् ।।३१।। नारसिंही दुवै गोली गाँठाको, तैजसी गोडाका अग्रभागको, श्री गोडाका औंलाहरूको र तलवासिनी पैतालाको रक्षा गर्नुहोस् ।३२। दंष्ट्राकराली गोडाका नङ्गहरूको, उर्ध्वकेशिनी केशहरूको रक्षा गर्नु होस् ।

कौवेरी रौंका प्वालहरूको, वागीश्वरी छालाको, पार्वती रगत, मज्जा, वसा, मासु, हाड र वोसाको, कालरात्री आन्द्राको, मुकुटेश्वरी पित्तको, पद्मावती कमल–कोशको, चुडामणि कफको, ज्वालामुखी नखका तेजको, अभेद्या (कसैले भेदन गर्न नसक्ने) देवी शरीरका सबै सन्धि (जोड्ने तत्वहरू) को रक्षा गर्नुहोस् ।।३३–३५।। ब्रह्माणी मेरा वीर्यको र छत्रेश्वरी छायाको रक्षा गर्नुहोस् ।

धर्मधारिणी देवी अहंकार, मन र बुद्धिको रक्षा गर्नुहोस् अर्थात् धर्मा-देवीले मेरो अहंकार नाश गरून्, मन र बुद्धिलाई राम्रा काम कुरामा लगाउन् । वज्रहस्ता देवी प्राण, अपान, व्यान,

नाभौ च कामिनी रक्षेद् गुह्यं गुह्येश्वरी तथा ।
पूतना कामिनी मेढ्रं गुदे महिषवाहिनी ।।३०।।
कट्यां भगवती रक्षेज्जानुनी विन्ध्यवासिनी ।
जङ्घे महाबला रक्षेत्सर्वकामप्रदायिनी ।।३१।।
गुल्फयोर्नारसिंही च पादपृष्ठे तु तैजसी ।
पादाङ्गुलीषु श्री रक्षेत्पादाधस्तलवासिनी ।।३२।।
नखान् दंष्टाकराली च केशांश्चैवोर्ध्वकेशिनी ।
रोमकूपेषू कौबेरी त्वचं वागीश्वरी तथा ।।३३।।
रक्तमज्जावसामांसान्यस्थिमेदांसि पार्वती ।
अन्त्राणि कालरात्रिश्च पित्तं च मुकुटेश्वरी ।।३४।।
पद्मावती पद्मकोशे कफे चुडामणिस्तथा ।
ज्वालामुखी नखज्वालामभेद्या सर्वसन्धिषु ।।३५।।

उदान र समान यी पाँच वायुको, कल्याणशोभना देवी मेरा प्राणको रक्षा गरून् ।।३६–३७।। योगिनी देवी मेरो स्वाद, रुप, सुगन्ध, शव्द, स्पर्श अर्थात स्वाद लिने, हेर्ने, सुंघ्ने, सुन्ने र छुने क्षमताको र नारायणी देवी सँधै सत्व, रज र तमोगुणाको रक्षा गरून् अर्थात म तामसी र राजसी नवनी सँधै सात्विक बनुँ ।।३८।। वाराही मेरो आयुको रक्षा गरून अर्थात रक्षा गरी आयु लामो वनाउँन, वैष्णवी धर्मको, चक्रिणी (चक्र लिएकी) देवी इज्जत, कीर्ति, संपत्ति, धन र विद्याको रक्षा गरून् ।।३९।। इन्द्राणी मेरा गोत्र (सगोत्रीहरू), को र चण्डिका गाई, भैंसी, राँगा, घोडा, बाख्रा, बोका, भेडा, थुमाँ, पाठा, सुगुर आदि पशुहरूको रक्षा गरून् । महालक्ष्मी छोरा, छोरी, नाति, नातिनीहरूको र भैरवी मेरो श्रीमतीको रक्षा गरून् ।।४०।। सुपथा पन्थान (हिंडाइ) को र क्षेमकरी वाटाको रक्षा गरून्, महालक्ष्मी राजाका ढोकामा रक्षा गरून् र विजया सव तर्फवाट रक्षा गरून् ।।४१।। जो स्थान कवचमा भनिएन र रक्षाहीन भयो, हे पाप नाश गर्ने विजय (सिद्धि) दिने देवी, ती सव ठाउँमा मलाई रक्षा गर्नुहोस् ।।४२।।

शुक्रं ब्रह्माणि मे रक्षेच्छायां छत्रेश्वरी तथा ।
अहंकारं मनो वुद्धिं रक्षेन्मे धर्मधारिणी ।।३६।।
प्राणापानौ तथा व्यानमुदानं च समानकम् ।
वज्रहस्ता च मे रक्षेत्प्राणं कल्याणशोभना ।।३७।।
रसे रुपे च गन्धे च शव्दे स्पर्शे च योगिनी ।
सत्वं रजस्तमश्चैव रक्षेन्नारायणी सदा ।।३८।।
आयू रक्षतु वाराही धर्मं रक्षतु वैष्णवी ।
यशः कीर्ति च लक्ष्मी च धनं विद्या च चक्रिणी ।।३९।।
गोत्रमिन्द्राणि मे रक्षेत्पशुन्मे रक्ष चण्डिके ।
पुत्रान् रक्षेन्महालक्ष्मीर्भार्यां रक्षतु भैरवी ।।४०।
पन्थानं सुपथा रक्षेन्मार्गं क्षेमकरी तथा ।
राजद्वारे महालक्ष्मीर्विजया सर्वतः स्थिताः ।।४१।।
रक्षाहीनं तु यत्स्थानं वर्जितं कवचेन तु ।
तत्सर्वं रक्ष मे देवी जयन्ती पापनाशिनी ।।४२।।

(योनी) को, कामना वढाउने पूतना लिङ्गको र भैंसीमा चढ्ने देवी गुदद्वारको रक्षा गर्नुहोस् ।।३०।। भगवती कम्मरको, विन्ध्याचल पर्वतमा रहने देवी घुँडाको रक्षा गर्नुहोस् । संपूर्ण कामना प्रदान गर्ने महावला देवी जांघ (चाक) को रक्षा गर्नुहोस् ।।३१।। नारसिंही दुबै गोली गाँठाको, तैजसी गोडाका अग्रभागको, श्री गोडाका औंलाहरूको र तलवासिनी पैतालाको रक्षा गर्नुहोस् ।३२। दंष्ट्राकराली गोडाका नङ्गहरूको, उर्ध्वकेशिनी केशहरूको रक्षा गर्नु होस् ।

कौवेरी रौंका प्वालहरूको, वागीश्वरी छालाको, पार्वती रगत, मज्जा, वसा, मासु, हाड र वोसाको, कालरात्री आन्द्राको, मुकुटेश्वरी पित्तको, पद्मावती कमल-कोशको, चुडामणि कफको, ज्वालामुखी नखका तेजको, अभेद्या (कसैले भेदन गर्न नसक्ने) देवी शरीरका सबै सन्धि (जोड्ने तत्वहरू) को रक्षा गर्नुहोस् ।।३३-३५।। ब्रह्माणी मेरा वीर्यको र छत्रेश्वरी छायाको रक्षा गर्नुहोस् ।

धर्मधारिणी देवी अहंकार, मन र बुद्धिको रक्षा गर्नुहोस् अर्थात् धर्मा-देवीले मेरो अहंकार नाश गरून्, मन र बुद्धिलाई राम्रा काम कुरामा लगाउन् । वज्रहस्ता देवी प्राण, अपान, व्यान,

नाभौ च कामिनी रक्षेद् गुह्यं गुह्येश्वरी तथा ।
पूतना कामिनी मेढ्रं गुदे महिषवाहिनी ।।३०।।
कट्यां भगवती रक्षेज्जानुनी विन्ध्यवासिनी ।
जङ्घे महाबला रक्षेत्सर्वकामप्रदायिनी ।।३१।।
गुल्फयोर्नारसिंही च पादपृष्ठे तु तैजसी ।
पादाङ्गुलीषु श्री रक्षेत्पादाधस्तलवासिनी ।।३२।।
नखान् दंष्टाकराली च केशांश्चैवोर्ध्वकेशिनी ।
रोमकूपेषू कौबेरी त्वचं वागीश्वरी तथा ।।३३।।
रक्तमज्जावसामांसान्यस्थिमेदांसि पार्वती ।
अन्त्राणि कालरात्रिश्च पित्तं च मुकुटेश्वरी ।।३४।।
पद्मावती पद्मकोशे कफे चुडामणिस्तथा ।
ज्वालामुखी नखज्वालामभेद्या सर्वसन्धिषु ।।३५।।

उदान र समान यी पांच वायुको, कल्याणशोभना देवी मेरा प्राणको रक्षा गरून् ।।३६–३७।। योगिनी देवी मेरो स्वाद, रुप, सुगन्ध, शव्द, स्पर्श अर्थात स्वाद लिने, हेर्ने, सुंघ्ने, सुन्ने र छुने क्षमताको र नारायणी देवी सँधै सत्व, रज र तमोगुणाको रक्षा गरून् अर्थात म तामसी र राजसी नवनी सँधै सात्विक वनुँ ।।३८।। वाराही मेरो आयुको रक्षा गरून अर्थात रक्षा गरी आयु लामो वनाउँन, वैष्णवी धर्मको, चक्रिणी (चक्र लिएकी) देवी इज्जत, कीर्ति, संपत्ति, धन र विद्याको रक्षा गरून् ।।३९।। इन्द्राणी मेरा गोत्र (सगोत्रीहरू), को र चण्डिका गाई, भैंसी, राँगा, घोडा, वाख्रा, बोका, भेडा, थुमाँ, पाठा, सुगुर आदि पशुहरूको रक्षा गरून् । महालक्ष्मी छोरा, छोरी, नाति, नातिनीहरुको र भैरवी मेरो श्रीमतीको रक्षा गरून् ।।४०।। सुपथा पन्थान (हिंडाइ) को र क्षेमकरी वाटाको रक्षा गरून्, महालक्ष्मी राजाका ढोकामा रक्षा गरून् र विजया सव तर्फवाट रक्षा गरून् ।।४१।। जो स्थान कवचमा भनिएन र रक्षाहीन भयो, हे पाप नाश गर्ने विजय (सिद्धि) दिने देवी, ती सव ठाउँमा मलाई रक्षा गर्नुहोस् ।।४२।।

शुक्रं ब्रह्माणि मे रक्षेच्छायां छत्रेश्वरी तथा ।
अहंकारं मनो वुद्धि रक्षेन्मे धर्मधारिणी ।।३६।।
प्राणापानौ तथा व्यानमुदानं च समानकम् ।
वज्रहस्ता च मे रक्षेत्प्राणं कल्याणशोभना ।।३७।।
रसे रुपे च गन्धे च शव्दे स्पर्शे च योगिनी ।
सत्वं रजस्तमश्चैव रक्षेन्नारायणी सदा ।।३८।।
आयू रक्षतु वाराही धर्मं रक्षतु वैष्णवी ।
यशः कीर्ति च लक्ष्मी च धनं विद्या च चक्रिणी ।।३९।।
गोत्रमिन्द्राणि मे रक्षेत्पशुन्मे रक्ष चण्डिके ।
पुत्रान् रक्षेन्महालक्ष्मीर्भार्यां रक्षतु भैरवी ।।४०।
पन्थानं सुपथा रक्षेन्मार्गं क्षेमकरी तथा ।
राजद्वारे महालक्ष्मीर्विजया सर्वतः स्थिताः ।।४१।।
रक्षाहीनं तु यत्स्थानं वर्जितं कवचेन तु ।
तत्सर्वं रक्ष मे देवी जयन्ती पापनाशिनी ।।४२।।

आफ्नो भलो चाहनेले प्रस्तुत कवच नपढी कतै पनि एक पाइला नजानु । कवचद्वारा अर्थात यो देवीकवच पढी सुरक्षित मान्छे सँधै जहाँ जहाँ जान्छ, त्यहाँ त्यहाँ धन भेट्छ र सब कामना पूरा गर्ने सिद्धि (शक्ति) प्राप्त गर्छ, जुन जुन कुरा चिताउँछ, निश्चयनै त्यही त्यही पाउँछ तथा पृथ्वीमा तुलना गर्न नसकिने अर्थात अनन्त ठूलो ऐश्वर्य भेट्दछ ॥४३–४४॥ कवचद्वारा सुरक्षित मानिस निर्भय (डर हुँदैन) लडाइमा हराउन नसकिने, स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा पूजनीय हुन्छ ॥४५॥ यो देवीकवच देवताहरूले पनि पाउन नसकिने छ । जो दिनहुँ श्रद्धाका साथ नियमपूर्वक विहान, दिउँसो र बेलुका देवीकवच पाठ गर्छ, त्यो दैवी कला (शक्ति) प्राप्त गर्छ, तीनै लोकमा अरुले जित्न नसकिने हुन्छ र अकाल मरण (आगामा जली, पानीमा डुबी, करेन्ट लागी, सर्प विच्छीले टोकी, रूख भीरबाट खसि, मोटर–बस–प्लेन दुर्घटनामा परी जस्ता कारणबाट मर्नुलाई अकालमरण भनिन्छ) हुँदैन र सय वर्ष भन्दा बढी बाँचदछ । त्यसको सबै लुतो, दादुरा, कोर आदि रोग, स्थावर (भांग, अफिम, धतुरो आदि) जंगम (साँप, विच्छी आदि) कृत्रिम (अहिफेन र तेलको संयोग आदिबाट

पदमेकं न गच्छेत्तु यदीच्छेच्छुभमात्मनः ।
कवचेनावृत्तो नित्यं यत्र यत्रैव गच्छति ॥४३॥
तत्र तत्रार्थलाभश्च विजयः सर्वकामिकः ।
यं यं चिन्तयेत कामं तं तं प्राप्नोति निश्चितम् ।
परमैश्वर्यमतुलं प्राप्स्यते भूतले पुमान् ॥४४॥
निर्भयो जायते मर्त्यं संग्रामेष्वपराजितः ।
त्रैलोक्ये तु भवेत्पूज्यः कवचेनावृतः पुमान ॥४५॥
इदं तु देव्याः कवचं देवानामपि दुर्लभम् ।

हुने) सम्बन्धी विष पनि नाश हुन्छ ।।४६–४८।। पृथ्वीमा भएका सबै वश र संमोहन गराउने, रोग लगाउने र मराउने मन्त्र, यन्त्र, पृथ्वीमा घुम्ने निम्न स्तरका देवता, आकाशमा उड्ने देव विशेष, जलबाट प्रकट हुने विभिन्न जन्तु, उपदेशद्वारा सिद्ध हुने भूत विशेष-हरू, आफ्ना जन्मका साथ प्रकट देवता, कुलबाट भएका देवता, माला, डाकिनी, शाकिनी, आकाशमा घुम्ने अत्यन्तै वलवान र डर-लाग्दा डाकिनीहरू, ग्रह, भूत, पिशाच, यक्ष, गन्धर्व, राक्षस, ब्रह्म राक्षस, वेताल कुष्माण्ड, भैरव आदि अनिष्टकारक देवताहरू पनि हृदयमा कवच धारणा गर्ने अर्थात देवीकवच कण्ठस्थ पार्ने व्यक्ति-हरूलाई देख्नासाथ टाढा भाग्छन्, नाश हुन्छन् । राजाबाट तेज बढाउने श्रेष्ठ कवचधारी मानिसलाई मान र पदोन्नति मिल्छ ।।४९–५२।। कीर्तिले सुशोभित पृथ्वीमा त्यस (कवचधारी) को कीर्ति पनि बढ्छ । जो पहिले कवच पाठ गरी सप्तशती (चण्डी) पाठ गर्छ, त्यसका छोरा, छोरी, नाति, नातिनी, सन्तान जहिलेसम्म पर्वत, पातला र साना रूख भएको वन, वाक्ला र ठूला ठूला रूख भएको जंगल सहित पृथ्वी टिकी रहन्छ तवसम्म पृथ्वीमा

यः पठेत्प्रयतो नित्यं त्रिसन्ध्यं श्रद्धयान्वितः ।।४६।।
दैवी कला भवेत्तस्य त्रैलोक्येष्वपराजितः ।
जीवेद् वर्षशतं साग्रमपमृत्युविवर्जितः ।।४७।।
नश्यन्ति व्याधयः सर्वे लूताविस्फोटकादयः ।
स्थावरं जङ्गमं चैव कृत्रिमं चापि यद्विषम् ।।४८।।
अभिचाराणि सर्वाणि मन्त्रयन्त्राणि भूतले ।
भूचराः खेचराश्चैव जलजाश्चोपदेशिकाः ।।४९।।
सहजा कुलजा माला डाकिनी शाकिनी तथा ।
अन्तरिक्षचरा घोरा डाकिन्यश्च महाबलाः ।।५०।।
ग्रहभूतपिशाचाश्च यक्षगन्धर्वराक्षसाः ।
ब्रह्मराक्षसवेतालाः कूष्माण्डा भैरवादयः ।।५१।।
नश्यन्ति दर्शनात्तस्य कवचे हृदि संस्थिते ।
मानोन्नति र्भवेद् राज्ञस्तेजोवृद्धिकरं परम ।।५२।।

रहन्छ ।।५३–५४।। मरे पछि त्यस पुरुषले भगवती महामायाका अनुग्रहबाट जुन स्थान देवताहरूले पनि पाउन मुस्किल छ त्यस नित्य र उत्तम स्थान प्राप्त गर्दछ र दिव्यरुप धारणा गर्दछ तथा कल्याणमय शिवसंग आनन्दका साथ रहन्छ ।।५५–५६।।

अर्गलामा शक्ति देवीहरू (उनीहरूलाई एकादश गौरी पनि भनिन्छ) लाई नमस्कार गरि देवीसंग राम्रो भाग्य, सुस्वास्थ्य, सुख, राम्रो रूप, सिद्धि, इज्जत दिनु होस्, शत्रुहरू (बाहिरी शत्रु प्राणी आदि र आन्तरिक शत्रु काम, क्रोध आदि) लाई नाश गर्नु होस्, मसंग दुष्मनी गर्नेहरूको नाश र मेरो वल वृद्धि गर्नुहोस्, डरलाग्दो संसाररूपी सागरबाट तार्ने, उत्तम कुलमा उत्पन्न भएकी, मनको इच्छा अनुसार चल्ने सुन्दर पत्नी दिनुहोस् भनिएको छ ।

ओम् चण्डिका देवीलाई नमस्कार छ । मार्कण्डेयले भन्नु भयोः– जयन्ती (या सर्वोत्कृष्टेन वर्तते सा जयन्ती- सबभन्दा श्रेष्ठ मङ्गला (मङ्गम्- भक्तजन्ममरण-वन्धनम्, लाति- नाशयति, मोक्षदा च- भक्तको जन्ममरणरूपी वन्धन नाश गरी मोक्ष पनि दिने), काली (प्रलयकाले सर्वं कलयति भक्षयति-प्रलय कालमा सब सृष्टिलाई आपनो गांस वनाउने) भद्रकाली (भक्तेभ्यो भद्रम्-सुखम् कलयति–ददाति-भक्तहरूलाई सुख दिने) कपालिनी (कपालेन भिक्षापात्रेण युक्ता कपालिनी-हातमा भिक्षा पात्र लिएकी) दुर्गा (दूर-आराधना–स्तुति–उपासना–तपस्या आदि दुखेन, गम्यते- प्राप्यते

यशसा वर्द्धते सोऽपि कीर्तिमण्डितभूतले ।
जपेत्सप्तशतीं चण्डीं कृत्वा तु कवचं पुरा ।।५३।।
यावद्भूमण्डलं धत्ते सशैलबनकाननम् ।
तावत्तिष्ठति मेदिन्यां सन्ततिः पुत्रपौत्रिकी ।।५४।।
देहान्ते परमं स्थानं यत्सुरैरपि दुर्लभम् ।
प्राप्नोति पुरुषो नित्यं महामायाप्रसादतः ।।५५।।
लभते परमं रुपं शिवेन सह मोदते । ओम् ।।५६।।

आराधना-स्तुति, उपसना र तपस्या आदि दुःखले मात्र प्राप्त हुने) क्षमा (क्षमते-भक्तानाम् अपराधं सहते-भक्तहरू को अपराध सहने अर्थात माफ दिने) शिवा (कल्याण-करणा-कल्याण गर्ने) धात्री (संपूर्णप्रपन्चं धारयति= सब प्रपन्च धारण गर्ने) स्वाहा (स्वाहा यज्ञ भाग ग्रहण गरी देबता-हरूलाई पोषण गर्ने) स्वधा (स्वधारूपले श्राद्धमा दिएको चीज ग्रहण गरी पितृहरूलाई पोषण गर्ने) यी नामले प्रसिद्ध जगदम्बिका-लाई नमस्कार छ ।।१।।

हे चण्डिका देवी, तपाइको जय होस्, हे सम्पूर्ण प्राणीहरूको पीडा हरनेवाली देवी, तपाईको जय होस्, हे सबमा व्याप्त रहने देवी तपाइको जय होस्, हे कालरात्री, तपाईलाई नमस्कार छ ।।२।। हे मधु र कैटभलाई मार्ने, ब्रह्माजीलाई वर दिने देवी तपाईलाई नमस्कार छ । तपाई मलाई रूप (शरीरलाई राम्रो पार्ने रुप र आत्मालाई राम्रो पार्ने ज्ञान) दिनुहोस्, सिद्धि (भौतिक सुख, आनन्द, ऐश्वर्य र आध्यात्मिक ज्ञान प्राप्त गर्ने सिद्धि) दिनु होस्, कीर्ति (भौतिक काम कुरावाट र आध्यात्मिक सम्वन्धी काम-कुरावाट प्राप्त हुने इज्जत) दिनु होस् र शत्रुहरू) प्राणी आदि बाहिरी शत्रु र काम क्रोध आदि आन्तरिक शत्रुहरू) लाई नाश गर्नु होस् ।।३।। हे महिषासुरलाई मार्ने, भक्तहरूलाई सुख दिने देवी, तपाइलाई नमस्कार छ । मलाई रूप दिनु होस्, (बाँकी

ओम् नमश्चण्डिकायै ।।

मार्कण्डेय उवाच

ओम् जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ।।१।।
जय त्वं देवि चामुण्डे जय भूतार्तिहारिणि ।
जय सर्वगते देवी कालरात्री नमोऽस्तु ते ।।२।।
मधुकैटभविद्राविविधातृवरदे नमः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।३।।
महिषासुरनिर्णाशि भक्तानां सुखदे नमः ।

अर्थ स्तोत्र संख्या ३ मा लेखिए अनुसार नै हो) ।।४।।

हे रक्तवीजको वध र चण्ड मुन्डको नाश गर्ने देवी, तपाई मलाई रूप दिनुहोस्... ।।५।। हे शुंभ निशुंभको र धुम्रलोचनको नाश गर्ने देबी, मलाई रूप दिनु होस् ... ...।।६।। हे सब द्वारा बन्दना गरिएका दुइ पाउवाली र सम्पूर्णलाई सौभाग्य प्रदान गर्ने वाली देवी, मलाई रूप दिनु होस् ... ...।।७।। हे जान्न नसकिने रूप र चरित्र भएकी, सबै शत्रुहरूलाई नाश गर्ने देवी, मलाई रूप दिनु होस्... ... ।।८।। हे तापहरू टाडा हटाँउने चण्डिका देवी, भक्तिका साथ सधैं तपाईको नमस्कार गर्नेहरूलाई रूप दिनु होस्...... ।।९।। हे रोग नाश गर्ने चण्डिका देवी, भक्तिपूर्वक तपाईको स्तुति गर्नेहरूलाई रूप दिनु होस् ... ... ।।१०।। हे चण्डिके, यस संसारमा जो सधैं भक्तिका साथ तपाईको पूजा गर्छन्

रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।४।।
रक्तबीजवधे देवि चण्डमुण्डविनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।५।।
शुम्भस्यैव निशुम्भस्य धूम्राक्षस्य च मर्दिनी ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।६।।
वन्दिताङ्घ्रियुगे देवि सर्वसौभाग्यदायिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।७।।
अचिन्त्यरूपचरिते सर्वशत्रुविनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।८।।
नतेभ्यः सर्वदा भक्त्या चण्डिके दुरितापहे ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।९।।
स्तुवद्भ्यो भक्तिपूर्वं त्वां चण्डिके व्याधिनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१०।।
चण्डिके सततं ये त्वामर्चयन्तीह भक्तितः ।

तिनीहरूलाई रूप दिनु होस्-- ... ।।११।। हे देवी, मलाई राम्रो भाग्य दिनुहोस्, आरोग्य (निरोगिता) दिनुहोस्, उत्तम सुख दिनु होस्, रूप दिनुहोस्... ... ।।१२।। हे देवी, शत्रुहरूको नाश गर्नु होस्, बल बढाइ दिनुहोस्, रूप दिनु होस् -- ... ।।१३।। हे देवी, कल्याण गर्नुहोस्, उत्तम सम्पत्ति दिनुहोस्, रूप दिनु होस् -- ।१४। हे देवता र असुरहरूले उनीहरूको शिररूपी रत्न घोटेका र नमस्कार गरिएका चरणवाली अर्थात् देवता र दैत्यहरूले पनि वन्दना गरि-एकी अम्बिका देवी, मलाई रूप दिनुहोस् - --. ।।१५।। आफ्ना भक्तलाई विद्वान, यशस्वान र सम्पत्तिवान वनाउँनु होस्, रूप दिनुहोस्--- ... ।।१६।। हे डरलाग्दा दैत्यहरूको अभिमान नाश गर्ने चण्डिका देवी, तपाइका शरणमा परेका मलाई रूप दिनुहोस्...।।१७।। हे चारमुखी ब्रम्हाजीले स्तुति गरिएकी चार हातवाली, परमेश्वरी मलाई रूप दिनुहोस्... -- ।।१८।। हे भगवान कृष्णले संधै निरन्तर

रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।११।।
देहि सौभाग्यमारोग्यं देहि मे परमं सुखम् ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१२।।
विधेहि द्विषतां नाशं विधेहि बलमुच्चकैः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१३।।
विधेहि देवि कल्यांणं बिधेहि परमां श्रियम् ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१४।।
सुरासुरशिरोरत्ननिघृष्टचरणेऽम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१५।।
विद्यावन्तं यशस्वन्तं लक्ष्मीवन्तं जनं कुरू ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१६।।
प्रचण्डदैत्यदर्पघ्ने चण्डिके प्रणताय मे ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१७।।
चतुर्भुजे चतुर्वक्त्रसंस्तुते परमेश्वरी ।
रूपं देहि जयं देहि यशो देहि द्विषो बजहि ।।१८।।
कृष्णेन संस्तुते देवि शश्वद्भक्त्या सदाम्बिके।

भक्तिपूर्वक स्तुति गरिएको अम्बिका देवी, मलाई रूप दिनुहोस्... ।।१९।। हे हिमालय पर्वतकी छोरी (पार्वती) का स्वामी महादेवले स्तुति गरिएकी परमेश्वरी मलाईरूप दिनुहोस्... ।।२०।। हे इन्द्राणीका पति (इन्द्र) ले राम्रो भावना लिई पूजा गरिएकी परमेश्वरी, मलाई रूप दिनुहोस्. ... ।।२१।। हे ज्यादै डरलाग्दा हातरूपी दण्डावाला दैत्यहरूको घमण्ड नाश गर्ने देवी, मलाई रूप दिनुहोस्... ... ।।२२।। हे भक्तजनलाई असीम आनन्दको उदय गर्ने (आनन्द दिने) अम्बिका देवी, मलाई रूप दिनुहोस्... ।।२३।। हे देवी, मनको इच्छा अनुसार चल्ने डरलाग्दो संसाररूपी सागरबाट तार्ने, राम्रा कुलमा जन्मिएकी सुन्दर पत्नी दिनुहोस् ।।२४।। जो मनुष्य यो स्तोत्र, (अर्गला-स्तोत्र)पाठ गरी महास्तोत्र (सप्तशतीका अध्याय १ देखि १३ अध्यायसम्मका स्तोत्र) पाठ गर्छ, त्यसले सप्तशतीमा भएका स्तोत्र संख्या जति अर्थात ७०० वर (सिद्धि) र सम्पत्ति पाउँदछ । ।।२५।।

रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।१९।।
हिमाचलसुतानाथसंस्तुते परमेश्वरी ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।२०।।
इन्द्राणीपतिसद्भावपूजिते परमेश्वरी ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।२१।।
देवि प्रचण्डदोर्दण्डदैत्यदर्पविनाशिनि ।।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।२२।।
देवि भक्तजनोद्दामदत्तानन्दोदयेऽम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ।।२३।।
पत्नीं मनोरमां देहि मनोवृत्तानुसारिणीम् ।
तरिणीं दुर्गसंसारसागरस्य कुलोद्भवाम् ।।२४।।
इदं स्तोत्रं पठित्वा तु महास्तोत्रं पठेन्नरः ।
स तु सप्तशतीसंख्यावरमाप्नोति सम्पदाम् ओम् ।।२५।।

कीलकमा भगवती दुर्गासप्तशती-स्तोत्रद्वारा स्तुति गर्नाले खुशी हुनुहुन्छ र प्राप्त हुनुहुन्छ, आफ्नो कार्य सिद्धि गर्न कुनै मन्त्र औषधीको आवश्यकता पर्दैन, केवल सप्तशती-स्तोत्र पाठ गर्नुपर्छ, जो साधक कृष्ण पक्षको चतुर्दशी वा अष्टमीका दिन एकाग्रचित्तं मै भक्तिपूर्वक भगवतीको सेवामा आफ्नो सर्वस्व समर्पण गर्छ र प्रसाद-ग्रहण गर्छ, त्यससंग उहाँ खुशी हुनुहुन्छ, नत्र हुनुहुन्न, जो प्रतिदिन सप्त-शती-स्तोत्र पाठ गर्छ, त्यो मान्छे सिद्ध (देवीको सेवक), गण र गन्धर्व हुन्छ, उसलाई डर हुन्न, अकालमा मृत्यु हुन्न, मरेपछि मोक्ष प्राप्ति हुन्छ, भगवतीका प्रसादबाट ऐश्वर्य, सौभाग्य, सम्पत्ति, शत्रुनाश तथा परम मोक्षको सिद्धि उपलब्ध हुन्छ भनिएको छ।

दुर्गा-सप्तशतीका १३ अध्यायमा प्रथम अध्यायकी अधिष्ठाता देवी, प्रथम चरित्रकी **अष्टादशभुजा** (अठार हातवाली) **महाकाली**, दोस्रो अध्यायदेखि चौथौ अध्यायसम्मकी अधिष्ठातृ देवी मध्यम चरित्रकी **दशभुजा** (दश हातवाली) महालक्ष्मी, पाँचौं अध्यायदेखि १३ अध्यायसम्मकी अधिष्ठातृ देवी उत्तम चरित्रकी **अष्टभुजा** (आठ हातवाली वा चतुर्भुजा) **महासरस्वती** मानिनु हुन्छ। प्रस्तुत अध्यायहरूको कथासार निम्न छ।

एतेन स्तुवतां देवी स्तोत्रमात्रेण सिद्धयति ।३।
न मन्त्रो नौषधं तत्र नकिञ्चिदपि विद्यते ।।४।।
कृष्णायां वा चतुर्दश्यामष्टम्यां वा समाहित ।७।
ददाति प्रतिगृह्णाति नान्यथैषा प्रसीदति ।८।
सः सिद्धः स गणः सोऽपि गन्धर्वो जायते नर ।९।
नापमृत्युवशं याति मृतो मोक्षमवाप्नुयात् ।१०।
ऐश्वर्यं यत्प्रसादेन सौभाग्यारोग्यसंपदः ।
शत्रुहानीः परो मोक्षः स्तूयते सा न किं जनै र्मोम् ।।१४।।

पहिलो अध्याय

प्राचीन समयमा सुरथ नाउँका एउटा राजा थिए । उनी संपूर्ण पृथ्वीका मालिक थिए । उनी प्रजालाई आफ्नै सन्तानलाई झैं पालन गर्दथे ० । उनको कोलाविध्वंसिनी क्षत्रीयहरूसंग लडाइ भयो । उनी हारे । अब उनी आफ्ना देशका मात्र राजा भए । शत्रुहरूले उनका देशमा पनि हमला गरे । उनका दुष्ट मन्त्रीहरूले उनको खजाना (कोश) र सेनालाई पनि उनीबाट छिनी आफ्ना कब्जामा लिए । उनी अब नाउँ मात्रका राजा रहे । खजाना र सेना माथि अब उनको अधिकार रहेन । उनी निराश भै शिकार खेल्ने बहाना गरी घोडामा चढी एक्लै बाक्ला रूखहरू भएको जंगलमा गए □ ।

त्यहाँ मेघा नामका एउटा मुनिको आश्रम थियो । मुनिले उनलाई आदर सत्कार गरी आफ्ना आश्रममा राखे । त्यस आश्रममा समाधि नाउँ गरेको एउटा वैश्या (व्यापारी) पनि बस्दथ्यो । धनी कुलमा उत्पन्न त्यो धनी थियो० । उसका दुष्ट पत्नी र छोराहरूले उसको धन हात पार्न उसलाई घरबाट निकालो दिएकाले विरक्त भै उ त्यहाँ गै बस्न लागेको थियो । तैपनि उ पत्नी र छोराहरूले दु:ख पाए कि भनी पीर मानी रहेको थियो । एक दिन राजा र वैश्य मुनि छेउ गए र राजाले मुनिलाई भने:- 'मेरो राज्य गयो, त्यो मेरो हैन र मसंग सधैं रहने पनि हैन, यी कुरा जान्दा जान्दै पनि राज्य गएकोमा मलाई पीर लागेको छ, यस वैश्यलाई उसका पत्नी र छोराहरूले घरबाट निकाली दिए, तैपनि यो उनीहरूको माया गर्छ, ममा र उसमा यो मोह र माया कसरी उत्पन्न भयो ? र मोह माया के हो ? ।

---

० सुरथो नाम राजाऽभूत्समस्ते क्षितिमण्डले ।।४।।
तस्य पालयतः सम्यक् प्रजाः पुत्रानिवौरसान् ।।५।।
□ एकाकी हयमारुह्य जगाम गहनं वनम् ।।९।।
० समाधि र्नाम वैश्योऽहमुत्पन्नो धनिनां कुले ।।२१।।

तब मेघा ऋषि भन्न लाग्नु भयो:– "संसारको रचना, पालन र संहार (नाश) गर्ने महामाया (भगवती) ले आफ्नो मायाद्वारा संसारलाई मोहित पार्नु भएको छ । उनै भगवती महा–मायादेवी ज्ञानीहरूका मनलाई पनि जवर्जस्तीका साथ तानेर मोहमा फसाइ (भुल्याइ) दिनु हुन्छ☐ । त्यसैले मानिसहरू मोहमा पर्छन् । (त्यसैकारण तपाईहरू पनि उहाँकै मायाद्वारा मोह माया-मा पर्नु भएको छ)। उहाँ खुशी भै मानिसहरूलाई मुक्तिको वरदान दिनु हुन्छ । उहाँ वन्धन र मुक्तिको कारण, सम्पूर्ण देव देवीहरूकी अधिष्ठाता, नित्या र सनातनी हुनुहुन्छ । यो सम्पूर्ण जगत उहाँकै रूप हो । उहाँ सबतिर व्यापक हुनु हुन्छ र अनेक रूप धारण गर्नु हुन्छ ।

कल्पका अन्त्यमा संपूर्ण संसार प्रलय भै जलमा डुबेको (जलनिमग्न भएको) थियो । भगवान विष्णु शेषनागलाई शैया (ओछ्यान) बनाइ भगवती निन्द्रादेवीको आश्रय लि सुत्नु भएको थियो । उहाँका कानको मैलो (कानेगुजी) वाट निक्लेका मधु र कैटभ नाउँका असुरहरू उहाँकै नाभिकमलवाट उत्पन्न, सृष्टि गर्न तयार गरिरहेका ब्रह्माजीलाई मार्न जाइ लागे । उनले डरले भगवान विष्णुलाई जगाउँन भगवती योग निन्द्रा (महामाया) को स्तुति गरे । खुशी भै योगनिन्द्रा भगवान विष्णुका शरीरबाट अलग भै बस्नु भयो तब भगवान विष्णु जाग्नु भयो । ब्रम्हाजीले उहाँलाई आफूलाई मधु र केटभले मार्न लागेको कुरा भन्नुभयो । विष्णुले उनीहरूलाई मार्न उनीहरूसंग पांच हजार वर्षसम्म बाहुयुद्ध गर्नु भयो, तर पनि मार्न सक्नु भएन। उनीहरूले भगवती योगमायालाई खुशी पारी कसैद्वारा पनि नमर्ने वर पाएका थिए ।

☐ महामाया हरेश्चैषा तया संमोह्यते जगत ।
ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ।।५५।।
बलादाकृष्य मोहाय महामाया प्रयच्छति ।५६।

भगवान् विष्णुले पनि उनीहरूलाई मार्न देवीको आराधना गर्नु भयो । प्रसन्न भै देवीले पनि असुरहरूलाई मोहित पार्नु भयो । फलतः उनीहरूमा अहंकार उत्पन्न भयो । उनीहरूले भगवान विष्णु-लाई "तिम्रो बहादुरीबाट हामी खुशी भयौं, वर माग" □ भने । भगवान विष्णुले पनि मौका पाइ 'तिमीहरू मेरा हातबाट मारियौ' भन्नु भयो । उनीहरूले पनि चलाख गरी- "पानी नभएको ठाउँमा मार' भने ० । सबतिर पानी देखेर उनीहरूले त्यसो भनेका थिए । भगवान् विष्णुले पनि उनीले भने अनुसार नै उनीहरूलाई आफ्ना तिघ्रामा राखी मारी दिनु भयो । त्यसरी भगवती देवीले मधु र कैटभलाई मोहमा भुल्याइ अहंकारी बनाइ मराउँनु भयो ।

दोस्रो अध्याय

प्राचीन समयया एक पटक देवता र असुरहरूका बीचमा सय वर्षसम्म भयंकर लडाइ भयो । असुरहरूको स्वामी महिषासुर र देवताहरूका स्वामी इन्द्र थिए । महिषासुर देवसेनालाई हराई स्वर्गको राजा (इन्द्र) बनो । हारेका देवताहरूले ब्रह्माजीलाई अगाडि लगाइ भगवान् विष्णु र शंकरसंग गै महिषासुरले स्वर्गको अधिष्ठाता बनी उनीहरूलाई स्वर्गबाट निकाली दिएकाले उसलाई मार्न प्रार्थना गरे । देवताहरूलाई परेको आपत्ति र महिषासुरको अत्याचार सुनी रिसाएका भगवान विष्णुका मुखबाट महान तेज निक्लियो । त्यसरी नै ब्रह्मा, शंकर र इन्द्र आदि देवताहरूका शरीर-बाट पनि विशाल तेजहरू निक्लिए । ती सब तेजहरू एकत्रित भै तेजहरूको विशाल पहाड बन्यो । त्यस पहाडरूपी तेज पुन्जबाट एउटी नारी प्रकट भइन । ती नारी देवी (साक्षात भगवती महा-माया) हुनु हुन्थ्यो । खुशी भै विष्णुले चक्र, ब्रह्माले कमण्डलु,

---

□ तावप्यतिवलोन्मत्तौ महामायाविमोहितौ ।।९४।।
उक्तवन्तौ वरोऽस्मत्तो व्रियतामिति केशवम् ।।९५।।
भवेतामद्य मे तुष्टौ मम वध्यावुभावपि ।।९७।।
० आवां जहि न यत्रोर्वी सलिलेन परिप्लुता ।।१०१।

शंकरले त्रिशुल, इन्द्रले बज्र, त्यसरी नै अरू देवताहरूले विभिन्न अस्त्र, आभूषण र शक्ति देवीलाई अर्पण गरे। विभिन्न अस्त्रले सुसज्जित, आभूषणले अलंकृत देवी अट्टहास गरी सिंहनाद झैं गर्जन लाग्नु भयो। त्यस गर्जनबाट भुइचालो गए झैं पृथ्वी काम्न लागिन। महिषासुरले पनि देवीको गर्जना सुन्यो उ 'के को गर्जना' भनी सेना लिइ देवीको गर्जना भएतिर हिड्यो। उसले देवीलाई पनि देख्यो। उ आफ्नो निष्कंटक छत्रछाया भएको राज्यमा त्यसरी निडरताका साथ गर्जना गर्ने देवीसंग लडाइ गर्न लाग्यो। सिंह माथि चढेकी देवी र महिषासुरका बीचमा घमासान युद्ध भयो। शुरुमा असुरहरू भए भरको शक्ति लगाइ देवीसंग लडे। अन्त्यमा देवी उनीहरूलाई मार्न लाग्नु भयो।

तेस्रो अध्याय

यसमा भगवती जगदम्बाले महिषासुरका सेनापतिहरू (चिक्षुर, चामर, उदग्र, उद्धत, अन्धक, उग्रास्य, उग्रवीर्य, महाहनु, विडाल, दुर्धर, दुर्मुख आदि) र अरू असुरहरूलाई र अन्त्यमा नानारूप धारण गर्ने महिषासुरलाई पनि मार्नु भएको, बचेका असुर-सेना भागेको, दिव्य महर्षिका साथ देवताहरूले भगवती दुर्गाको स्तुति गर्नु, गन्धर्वहरूले गाउँनु र अप्सराहरूले नाच्न लागेको कुराको वर्णन छ।

चौथो अध्याय

यसमा देवताहरूले अनेक प्रकारले भगवती दुर्गा देवीको स्तुति गरेको, प्रसन्न भै उहाँले स्तोत्रद्वारा उहाँ (देवी) को स्तुति गर्नेलाई धन, ऐश्वर्य, सुख र स्त्री प्राप्त हुने वर दिनु भएको कुरा विस्तृतरूपमा उल्लेख छ।

पाँचौं अध्याय

प्राचीन कालमा एक पटक शुम्भ र निशुम्भ इन्द्र, आदि देवताहरूलाई खेदी उनीहरूका ठाउँमा बसे। शुम्भ स्वर्गको राजा बन्यो। बिचरा देवताहरू हिमालय पर्वतमा गै भगवती विष्णुमाया-

को स्तुति गर्न लागे । देवताहरूले देवीको स्तुति गरेको स्तोत्रलाई देवीसूक्त भनिन्छ । देवीसूक्त तल उल्लेख छ ।

देवीसूक्त

देवीलाई नमस्कार छ, महादेवी शिवालाई सधैं नमस्कार छ । हामी प्रकृति, भद्रा र अम्बिकालाई नमस्कार गर्छौं ।।९।।रौद्रा-लाई नमस्कार छ, नित्या, गौरी र धात्रीलाई नमस्कार छ,नमस्कार छ। ज्योत्स्नामयी (चम्किने) चन्द्ररूपिणी र सुखस्वरूपादेवीलाई बार-म्बार नमस्कार छ, ।।१०।। शरणमा परी नमस्कार गर्नेलाई कल्याण गर्नें, उन्नति गरी दिने, सिद्धि दिने देवीलाई नमस्कार गर्छौं । तपाई नेर्ऋति (राक्षसहरूकी देवी) लाई, राजाहरूकी लक्ष्मी र शर्वाणी (शिवपत्नी) लाई नमस्कार छ, ।११। दुर्गा (कठिन तपस्याद्वारा मात्र प्राप्त गर्न सकिने), सङ्कटबाट पार लगाउने, साररुपी, सबै कार्य गर्नें, सर्वत्र ख्यातिप्राप्ता, काली र धुम्रा देवीलाई बराबर नमस्कार छ / १२। उनै ज्यादै शान्त अर्थात् दयालु र ज्यादै डरलाग्दी देवीलाई नमस्कार गर्छौं, संसारकी आधार कृति देवीलाई नमस्कार छ, नमस्कार छ, नमस्कार छ।१३। जुन देवी सबै प्राणीहरूमा विष्णुमाया नामले प्रख्यात (प्रसिद्ध) हुनुहुन्छ,

---

नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ।।९।।
रौद्रायै नमो नित्यायै गौर्यै धात्र्यै नमो नमः ।
ज्योत्स्नायै चेन्दुरूपिण्यै सुखायै सततं नमः ।।१०।।
कल्याण्यै प्रणतां वृद्धयै सिद्धयै कुर्मो नमो नमः ।
नेर्ऋत्यै भूभृतां लक्ष्म्यै सर्वाण्यै ते नमो नमः ।।११।।
दुर्गायै दुर्गपारायै सारायै सर्वकारिण्यै ।
ख्यात्यै तथैव कृष्णायै धुम्रायै सततं नमः ।।१२।।
अतिसौम्यातिरूद्रायै नतास्तस्यै नमो नमः ।
नमो जगत्प्रतिष्ठायै देव्यै कृत्यै नमो नमः ।।१३।।

ती देवीलाई नमस्कार छ, ती देवीलाई नमस्कार छ, ती देवीलाई नमस्कार छ, नमस्कार छ, नमस्कार छ, ।१४। जुन देवी सबै प्राणीहरूमा चेतना नाउँले प्रसिद्ध हुनुहुहुन्छ ती देवीलाई............ जुन देवी सबै प्राणीहरूमा बुद्धिरुपले रहनु भएको छ, ती देवी......

,, ,, ,, ,, ,, निन्द्रारूपले ,, ,, ,, ,, ,, ,, ,, ,, ।१५। ।१६।

,, ,, ,, ,, ,, क्षुधारुपले ,, ,, ,, ,, ,, ,, ,, ,, ,, ।१८।

,, ,, ,, ,, ,, छायारुपले, ,, ,, ,, ,, ,, ,, ,, ,, ,, ।१९।

,, ,, ,, ,, शक्ति ,, ,, ,, ,, ,, ,, ।२०।

,, ,, ,, ,, तृष्णा ,, ,, ,, ,, ,, ,, ,, ।२१।

,, ,, ,, ,, क्षान्ति ,, ,, ,, ,, ,, ,, ,, ।२२।

,, ,, ,, ,, जाति ,, ,, ,, ,, ,, ,, ,, ।२३।

,, ,, ,, ,, लज्जा ,, ,, ,, ,, ,, ,, ,, ।२४।

नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।१४।।

या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते । नमस्तस्यैनमस्तस्यैनमस्तस्यैनमोनमः

या देवी सर्वभूतेषु बुद्धिरुपेण संस्थिता । नमस्तस्यै नमस्तस्यै ....

,, ,, ,, ,, निन्द्रा ,, ।,, ,, ,, ,, ,, ।१५।१६।

,, ,, ,, ,, क्षुधा ,, ,, ।,, ,, ,, ,, ।।१७।।१८।।

,, ,, ,, ,, छायारूपेण ,, ।,, ,, ,, ,, ,, ।।१९।।

,, ,, ,, ,, शक्ति ,, ,, ,, ,, ,, ,, ,, ,, ।।२०।।

,, ,, ,, तृष्णा ,, ,, ,, ,, ,, ,, ,, ,, ।।२१।।

,, ,, ,, क्षान्ति ,, ,, ,, ,, ,, ,, ,, ,, ।।२२।।

,, ,, ,, जाति ,, ,, ,, ,, ,, ,, ,, ,, ।।२३।

,, ,, ,, लज्जा ,, ,, ,, ,, ,, ,, ,, ,, ।।२४।।

जुन देवी सब प्राणीमा शान्तिरूपले रहनुहुन्छ, ती देवी ....

" " " " " श्रद्धा " " " " , , ।२५।२६।

" " " " " कान्ति " " " " , , , ।२७।

" " " " " लक्ष्मी " " " " , , , ।२८।

" " " " " वृत्ति " " " " , , , ।२९।

" " " " " स्मृति " " " " , , , ।३०।

" " " " " दया " " " " , , , /३१/

" " " " " तुष्टि " " " " , , , /३२/

" " " " " मातृ " " " " , , , /३३/

" " " " " भ्रान्ति " " " " , , , /३४/

जुन देवी प्राणीहरूका इन्द्रियहरूकी अधिष्ठात्री हुनुहुन्छ र सब प्राणीहरूमा सधैं व्याप्त रहनु भएको छ, ती व्याप्ति देवीलाई नमस्कार छ, नमस्कार छ ।।३५।। जुन देवी यस सम्पूर्ण संसारलाई चिति (चैतन्य) रूपले ढाकेर रहनु भएको छ, ती देवीलाई नमस्कार

या देवी सर्वभूतेष शान्तिरुपेणसंस्थितानमस्तस्यैनमस्तस्यैनमस्तस्यैनमोनमः।

" " " श्रद्धा " " " " " " " ।।२५।।२६।।

" " " कान्ति " " " " " " " " ।।२७।।

" " " लक्ष्मी " " " " " " " " ।।२८।।

" " " वृत्ति " " " " " " " " ।।२९।।

" " " स्मृति " " " " " " " " ।।३०।।

" " " दया " " " " " " " " ।।३१।।

" " " तुष्टि " " " " " " " " ।।३२।।

" " " मातृ " " " " " " " " ।।३३।।

" " " भ्रान्ति " " " " " " " " ।।३४।।

इन्द्रियाणामधिष्ठात्री भूतानां चाखिलेषु या ।
भूतेषु सततं तस्यै व्याप्तिदेव्यै नमो नमः ।।३५।।

छ, ती देवीलाई नमस्कार छ, नमस्कार छ, नमस्कार छ।।३६।।प्राचीन समयमा आफ्नो उद्देश्य प्राप्त भएकाले देवताहरूले स्तुति गरिएकी तथा देवराज ईन्द्रले धेरै दिन तक सेवा गरिएकी, उनै कल्याणकी कारणी ईश्वरी (भगवती) हाम्रो कल्याण र मंगल गरून् तथा हाम्रा आपत्तिहरू नाश पारून् ।।३७।। जुन देवी उद्दण्ड दैत्यहरूले सताएका हामी देवताहरूद्वारा अहिले नमस्कार गरिएकी छिन् तथा जुन देवी भक्तिले विनम्र नरनारीद्वारा स्मरण गर्नासाथ तत्काल सब आपत्तिहरू नाश गर्नुहुन्छ, ती देवी हाम्रा सब सङ्कट नाश पारून्।३८।

त्यसै बेला गंगाजीका जलमा स्नान गर्न त्यहाँ पुगेकी पार्वती देवीले देवताहरूसंग कसको स्तुति गरेको भनी सोध्नु भयो । उहाँ-का शरीरकोषबाट उत्पन्न भएकी शिवा (अम्बिका) देवीले 'शुम्भ र निशुम्भले स्वर्गबाट निकाली दिएकाले यी देवताहरू मेरो स्तुति गरी रहेका छन्' भन्नु भयो । पार्वतीका शरीरकोषबाट उत्पन्न भएकी शिवा देवीको नाउँ कौशिकी रहन गयो कौशिकिप्रकट हुँदा पार्वती काली भएकीले उहाँ (पार्वती)को नाम कालिका देवी रहन गयो । त्यहाँ पुगेका शुम्भ, निशुम्भ असुरहरूका सेवक चण्ड, मुण्डले ज्यादै राम्री अम्बिका देवीलाई देखे । उनीहरू गै शुम्भलाई भने 'महाराज, हजूरलाई सुहाउँने अति राम्री स्त्री हिमालयमा छिन्, उनीलाई पत्नी बनाउँनु भयो भने हजूरको शोभा खुब बढ्ने छ, त्यस्ती राम्री स्त्रीरत्नलाई हजूरले किन ग्रहण नगर्ने अर्थात् विहे नगर्ने अपितु बिहे गर्नु पर्छ'□। सेवकहरूका कुरा सुनी शुम्भले विवाहको

चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत् ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।।३६।।
स्तुता सुरैः पूर्वमभीष्टसंश्रयात्तथा सुरेन्द्रेण दिनेषु सेविता ।
करोतु सा नः शुभहेतुरीश्वरी शुभानि भद्राण्यभिहन्तु चापदः ।।३७।।
या साम्प्रतं चोद्धतदैत्यतापितैरस्माभिरीशा च सुरैर्नमस्यते ।
या च स्मृता तत्क्षणमेव हन्ति नः सर्वापदो भक्तिविनम्रमूर्तिभिः ।।३८।।
□स्त्रीरत्नमेषा कल्याणीं त्वया कस्मान्न गृह्यते ।।१००।।

प्रस्तावका साथ सुग्रीवलाई आपनो दूत बनाई देवीकहाँ पठायो। सुग्रीवले गै देवीलाई भन्यो□ "हे देवी, स्वर्ग, मर्त्य र पाताल तीन लोकका मालिक दैत्यराज शुम्भको दूत हुँ, उहाँले पठाएर तपाइँका छेउ आएको हुँ। सब देवता उहाँका अधीनमा छन्। श्रेष्ठ रत्न, ऐरावत हात्ति र उच्चैश्रवा घोडा पनि उहाँसंगै छन्। उहाँ पुरुषरत्न हुनुहुन्छ। तपाई पनि स्त्रीरत्न हुनुहुन्छ। उहाँका भाइ निशुम्भ पनि उहाँ जस्तै हुनुहुन्छ। तपाई उहाँहरूका सेवामा हिंड्नु होस् र शुम्भलाई पति वरण गर्नु होस्'।

देवीले भन्नु भयो:–× 'तिम्रा कुरा ठीक छन्, झुट्टा हैनन्। शुम्भ तीनै लोकका मालिक हुन्। निशुम्भ पनि उनी समान छन्। अल्पबुद्धिको कारणबाट मैले पहिलेनै प्रतिज्ञा गरेकी छु। त्यसलाई उलंघन गर्न सक्तिन। मेरो प्रतिज्ञा यो छ कि– 'जो मलाई संग्राममा जित्छ, जो मेरो स्वाभिमानलाई नष्ट पार्छ, जो संसारमा म समान बलवान छ, त्यो मेरो पति हुने छ'। त्यसकारण महादैत्य शुम्भ र निशुम्भ यहाँ आउँन् मलाई (लडाइमा) जिती मेरो पाणि (हात) ग्रहण गरून्, अर्थात् मसंग विवाह गरून्, यस कुरामा किन ढिलो गर्ने ?।

छैठौं अध्याय

देवीका कुरा सुनीं रिसाएको दूतले गएर दैत्यराज शुम्भलाई सब कुरा भन्यो। क्रुद्ध शुम्भले आपनो सेनापति धुम्रलोचन (धुँवा जस्ता आँखा भएका) लाई देवीलाई केशमा समाइ घिस्याएर

□ देवी दैत्येश्वर शुम्भस्त्रैलोक्ये परमेश्वरः।
दूतोऽहं प्रेषितस्तेन त्वत्सकाश–मिहागतः ।।१०६

×सत्यमुक्तं त्वया नात्र मिथ्या किंचिन्त्वयोदितम्।
त्रैलोक्याधिपतिः शुम्भो निशुम्भश्चापि तादृशः ।।११८।।
यो मां जयति संग्रामे यो मे दर्पं व्यपोहति।
यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति ।।१२०।।
तदागच्छतु शुम्भोऽत्र निशुम्भो वा महाबलः।
मां जित्वा किं चिरेणात्र पाणिं गृह्णातु मे लघु ।।१२१।।

ल्याउँन साठी हजार सेना सहित पठायो । देवीलाई पक्रन दौडेको धुम्रलोचनलाई र उसका सबै सेनालाई देवीका वाहनसिंहले मारी रगत पियो । धुम्रलोचन आदि सेनाहरू मारिएको सुनी खुब रिसाएको शुम्भले देवीलाई पक्री बाँधी छिट्टै लिएर आउँन आफ्ना सेनापति चण्ड र मुण्डलाई अरू सेना सहित पठायो ।

सातौं अध्याय

चण्ड, मुण्ड पनि चतुरंगिणी सेना लिई हिमालय पर्वतमा पुगे । असुर सेनाहरू देवीलाई पक्रन कुनै धनु खिची, कुनै तलवार बोकी खडा भए । शत्रुहरूलाई देखेर देवी खुब रिसाउँनु भयो । उहाँका निधारबाट तलवार,. पासो, खट्वांग लिएकी, डरलाग्दो मुखवाली काली उत्पन्न हुनुभयो । ती काली देवी दैत्यहरूलाई पक्रदै, गला दबाँउँदै, पाउले कुल्चदै, छातिले धक्का दिदै, मार्दै, मुखमा हाल्दै चबांउन लाग्नु भयो । उहाँले त्यसरी कयौं असुरहरूलाई मार्नु भयो। अनेकौं असुरहरू भागे । उहाँले तलवारले चण्ड, मुण्डहरूको शिर काटी उनीहरूलाई मारी दिनु भयो । चण्ड, मुण्डलाई मारेको हुनाले काली (कालिका पनि भनिन्छ) को नाम चामुण्डा रहन गयो ।

आठौं अध्याय

रूष्ट शुम्भ स्वयं विशाल सेना र उदायुध नामका छयासी सेनापति, कम्बुनामका चौरासी सेना-नायक, पचास करोड कुलका र सय धुम्र कुलका सेनापति कालक, दौह्लद, मौर्य, कालिकेय दैत्यहरूलाई लिएर देवीलाई पक्रन हिमालय पर्वतमा पुग्यो । दैत्यसेनाले चण्डिका र कालिका देवीलाई चारैतिरबाट घेऱ्यो । त्यसै बेला ब्रम्हा आदि देवताहरूका शरीरबाट शक्तिसंपन्ना शक्तिहरू (ब्राम्ही, माहेश्वरी, कौमारी, वैष्णवी, बाराही नारसिंही र ऐन्द्री) प्रकट भए तथा आ- आफ्ना हतियार सहित चण्डिका देवासंग गै

असुरहरूसंग लड्न लागे। तो ब्राह्मी आदि मातृका शक्तिहरूले अनेकौं दैत्यहरूलाई मारे। बाँचेका दैत्यहरू भाग्न लागे। आफ्ना दैत्यसेना भागेको देखि रक्तवीज नामको महादैत्य युद्ध गर्न लाग्यो। त्यसमाथि पनि देवी शस्त्र अस्त्र गिराउँन लागे। मातृशक्तिहरूको मारले त्यस महादैत्यका शरीरबाट जति रगतका थोपा जमीनमा गिर्दथ्यो, त्यति नै असुरहरू प्रकट हुँदै गये। त्यसरी सय करोड असुरहरू उत्पन्न भए। चण्डिकाको आदेशबाट काली (चामुण्डा) रक्त-वीजको घायल शरीरबाट निक्लेको रगत भुईमा गिर्न नपाउँदै पिउन रक्तवीज़ लागिन। अब रक्तवीजका शरीरबाट निक्लेका रगतबाट असुरहरू प्रकट हुन छोडे। उहाँले अन्त्यमा उसलाई पनि मारी दिनु भयो। असुरहरूका रक्तपानबाट उन्मत भएको मातृगण खुशिया-लीमा नाच्न लाग्यो।

नवौं अध्याय

रक्तवीज आदि अनेकौं सेनापति र सेना मारिए पछि रिसले चुर भएको निशुंभ स्वयं देवीसंग लडाइ गर्न लाग्यो। देवी र उसको भयंकर (डरलाग्दो) संग्राम (लडाइ) भयो। अन्त्यमा चण्डिका देवीले वाण प्रहार गरी निशुँभलाई मारी दिनु भयो।

दशौं अध्याय

भाइ निशुंभ मारिए पछि झन रिसाइ शुंभ देवीलाई आफू शक्तिशाली छु भन्ने घमण्ड गरी अरू स्त्रीका सहायताबाट लड्ने भन्ने आरोप लगाइ देवीसंग लड्न जाइ लाग्यो। शिवा देवी पनि सब मातृशक्तिलाई आफूमा नै लीन गराइ (खिची) एक्लै शुँभसंग लड्न लाग्नु भयो। देवी र उसका बीचमा ठूलो युद्ध भयो। उनी-हरूका बीचमा स्थल र आकाशयुद्ध पनि चल्यो। अन्त्यमा अम्बिका (चण्डिका) देवीले शूलले रोपी शुंभलाई पनि मारी दिनु भयो संपूर्ण उत्पात समाप्त भयो। सर्वत्र शान्ति छायो। देवताहरूको हर्षको सीमा रहेन। गन्धर्व गाउँन र बजाउँन, अप्सरा नाच्न लागे।

एघारौं अध्याय

देवीले शुंभलाई मारे पछि इन्द्र आदि देवताहरू अग्निलाई अगाडि राखि देवीको स्तुति गर्न लागे:–

देवीस्तुति

हे शरणमा परेकाको पीडा दूर गर्ने देवी, खुशी हुनुहोस्, हे सम्पूर्ण संसारकी आमा, खुशी हुनुहोस्, हे संसारकी ईश्वरी खुशी हुनुहोस्, संसारको रक्षा गर्नुहोस्, हे देवी, तपाइनै चर अचर प्राणीहरूकी मालिकिनी हुनुहुन्छ ।।३।। तपाइनै संसारको एक मात्र आधार हुनुहुन्छ । जुन कारणबाट तपाइनै पृथ्वीका रुपमा रहनु भएको छ ।।४।। तपाइ अनन्त वलशाली वैष्णवी (विष्णुकि शक्ति) हुनुहुन्छ, संसारकी वीज र परमा माया हुनुहुन्छ । हे देवी, तपाइले नै यस संपूर्ण जगतलाई मोहित पार्नु भएको छ । यस संसारमा प्रसन्ना तपाइनैं मुक्तिकी कारण (मोक्ष दिने) हुनुहुन्छ ।।५।। हे देवी, संपूर्ण विद्या तपाइकैं भिन्न भिन्न स्वरुप हुन् । संसारमा जति स्त्रीहरू छन्, ती सव तपाइका स्वरुप हुन् । हे सव मानिसका हृदयमा बुद्धिरुपले रहेकी तथा स्वर्ग र मोक्ष प्रदान गर्ने नारायणी देवी, तपाइलाई नमस्कार छ ।।८।। हे कला काष्ठा आदि रुपले परिणाम (अवस्था परिवर्तन) दिने, संसारको उपसंहार

देवीस्तोत्र

देवी प्रपन्नार्तिहरे प्रसीद प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरी पाहि विश्वं त्वमीश्वरी देवी चराचरस्य ।।३।।
आधारभूता जगतस्त्वमेका महीस्वरुपेण यतः स्थितासि ।४।
त्वं वैष्णवी शक्तिरनन्तवीर्या विश्वस्य वीजं परमासि माया ।
संमोहितं देवि समस्तमेतत्त्वं वै प्रसन्ना भूवि मुक्तिहेतुः ।।५।।
विद्याः समस्तास्तव देवि भेदाः स्त्रियः समस्ताः सकला जगत्सु ।
सर्वस्य वुद्धिरुपेण जनस्य हृदि संस्थिते ।
स्वर्गापवर्गदे देवी नारायणि नमोऽस्तु ते ।।८।।

(नाश) गर्न समर्था नारायणी देवी, तपाइलाई नमस्कार छ ।।९।। हे सब प्रकारको मंगल दिने मंगलमयी, कल्याण गर्ने, सब काम कुरा सिद्ध गर्ने, शरणमा परेकालाई शरण दिने, तीन आँखा भएकी गौरी र नारायणी देवी, तपाइलाई नमस्कार छ ।।१०।।

हे सृष्टि, पालन र नाशकी कारणी, गुणहरूका आधार तथा सर्वगुणमयी सनातनी नारायणी देवी, तपाइलाई नमस्कार छ ।।११।। हे शरणमा परेका दुःखी र पीडितहरूलाई रक्षा गर्न तत्पर रहने, सबका पीडा हरण गर्ने नारायणी देवी, तपाइलाई नमस्कार छ ।।१२।। हे ब्राह्मीरुप धारण गर्ने, हाँसहरू जोतिएका विमानमा बस्ने, कुश मिश्रित जल छर्कने नारायणी देवी, तपाइलाई नमस्कार छ ।।१३।। हे माहेश्वरी (शिवशक्ति) रुपले त्रिशुल, चन्द्रमा र साँप धारण गर्ने, ठूलो साँडेका पिठ्युँमा बस्ने नारायणी, तपाइलाई नमस्कार छ ।।१४।। हे मयुर र कुखुराले घेरिएकी, ठूलो शक्ति धारण गर्ने, कौमारीरुप–धारिणी, पापरहित नारायणी, तपाइलाई नमस्कार छ ।।१५।। हे शंख, चक्र, गदा, शार्ङ्ग धनुरुप

कलाकाष्ठादिरुपेण परिणामप्रदायिनी ।
विश्वस्योपरतौ शक्ते नारायणि नमोऽस्तु ते ।।९।।
सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थ – साधिके ।
शरण्ये त्र्यम्बके गौरी नारायणि नमोऽस्तु ते ।।१०।।
सृष्टिस्थितिविनाशानां शक्ति भूते सनातनी ।
गुणाश्रये गुणमये नारायणि नमोऽस्तु ते ।।११।।
शरणा – गत – दीनार्त – परित्राण – परायणे ।
सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तु ते ।।१२।।
हंसयुक्तविमानस्थे ब्रह्माणीरुप — धारिणी ।
कौशाम्भक्षरिके देवि नारायणि नमोऽस्तु ते ।।१३।।
त्रिशूल – चन्द्राहि – धरे महावृषभवाहिनि ।
माहेश्वरीस्वरुपेण नारायणि नमोऽस्तु ते ।।१४।।
मयुरकुक्कुटवृत्ते महाशक्ति – धरेऽनघे ।
कौमारीरुपसंस्थाने नारायणि नमोऽस्तु ते ।।१५।।

उत्तम हतियार धारण गर्ने वैष्णवीस्वरुपा नारायणी देवी तपाई प्रसन्न हुनुहोस्, तपाइलाई नमस्कार छ ।।१६।। हे भयानक महाचक्र लिएकी दाराले धरती (पृथ्वी) उठाएकी, वराह–रुप-'धारिणी, कल्याणमयी नारायणी, तपाइलाई नमस्कार छ ।।१७।। हे डरलाग्दो नृसिहरुपले मार्न तयार रहेकी, स्वर्ग, मर्त्य र पाताल तीनै लोकको रक्षा गर्न संलग्न नारायणी, तपाइलाँई नमस्कार छ ।।१८।। हे टाउकामा किरीट लगाएकी, हातमा महावज्र लिएकी, हजारौं नेत्र (किरण) ले चम्केकी, वृत्रासुरको प्राण हरण गर्ने इन्द्राणीस्वरुपा नारायणी, तपाइलाई नमस्कार छ ।।१९।। हे शिवदूतीरुपले दैत्यहरूको ठूलो सेना नाश गर्ने, डरलाग्दो रुप धारण गर्ने, ठूलो गर्जना गर्ने नारायणी, तपाइलाई नमस्कार छ ।।२०।।

हे दारा (दाँत) ले डरलाग्दो मुख भएकी, मुण्डमाला (टाउकाहरूको माला) ले विभूषित भएकी, मुण्ड नाउँको दैत्यलाई मार्ने चामुण्डारुपा नारायणी, तपाइलाई नमस्कार छ ।।२१।। हे लक्ष्मी, लज्जा, महाविद्या, श्रद्धा, पुष्टि, स्वधा, ध्रुवा, महारात्री,

---

शङ्खचक्रगदाशार्ङ्गगृहित — परमायुधे ।
प्रसीद वैष्णवीरुपे नारायणि नमोऽस्तु ते ।।१६।।
गृहितोग्रमहाचक्रे दंष्ट्रो — द्धृतवसुन्धरे ।
वराहरुपिणी शिवे नारायणि नमोऽस्तु ते ।।१७।।
नृंसिहरुपेणोग्रेण हन्तुं दैत्यान् कृतोद्यमे ।
त्रैलोक्यत्राणसहिते नारायणि नमोऽस्तु ते ।।१८।।
किरीटिनि महावज्रे सहस्रनयनोज्ज्वले ।
वृत्रप्राणहरे चैन्द्रि नारायणि नमोऽस्तु ते ।।१९।।
शिवदूतीस्वरुपेण हतदैत्यमहाबले ।
घोररुपे महारावे नारायणि नमोऽस्तु ते ।।२०।।
दंष्ट्राकरालवदने शिरोमालाविभूषणे ।
चामुण्डे मुण्डमथने नारायणि नमोऽस्तु ते ।।२१।।

महाअविद्यारुपा नारायणी, तपाइलाई नमस्कार छ ।।२२।। हे मेघा, सरस्वती, वरा (श्रेष्ठा), भूति (ऐश्वर्या), वाभ्रवी (खैरो रंगकी) तामसी (महाकाली), नियता (संयमा) र ईशा (सवकी अधीश्वरी) रुपा नारायणी, तपाइ खुशी हुनुहोस्, तपाइलाई नमस्कार छ ।।२३।। हे सर्वस्वरुपा सर्वेश्वरी, सव प्रकारका शक्तिले युक्ता, दिव्यरुपा, दुर्गा देवी, सब डरवाट हामीलाई रक्षा गर्नुहोस्, तपाइलाई नमस्कार छ ।।२४।।

संसारका संपूर्ण पाप र ती पापबाट उत्पन्न हुने महामारी, उपद्रव र पीडा नाश गर्नु होस् । स्वर्ग, मर्त्य र पातालका वाधा नाश गर्नु होस् ।

तब प्रसन्न भै देवीले भन्नु भयो:– वैवस्वत मनुका पालामा अठ्ठाइस युगमा शुंभ र निशुंभ नामका दुई महादैत्य उत्पन्न हुने छन्, तब म नन्दगोपका घरमा यशोदाका गर्भवाट उत्पन्न भै विन्ध्याचल पर्वतमा बस्छु र ती दुबैलाई नाश गर्छु । म पृथ्वीमा अवतार लिई वैप्रचित नाम गरेका दानवहरूलाई मार्नेछु, त्यस वेला उनीहरूलाई चबाउँदा मेरा दाँत दारिमका फूल जस्ता राता हुनेछन् र मलाई उपासकहरू रक्तदन्तिका भन्ने छन् । पृथ्वीमा सय वर्षसम्म खडेरी पर्नेछ र मुनिहरू तपस्या गरी मेरो स्तुति गर्नेछन्, फेरी प्रकट भै उनीहरूलाई सय आँखाले हेर्नेछु र शरीरवाट शाक (खाने तर-

---

लक्ष्मि लज्जे महाविद्ये श्रद्धे पुष्टिस्वधे ध्रुवे ।
महारात्रि महाऽविद्ये नारायणि नमोऽस्तु ते ।।२२।।
मेधे सरस्वति वरे भूति बाभ्रवि तामसि ।
नियते त्वं प्रसीदेशे नारायणि नमोऽस्तु ते ।।२३।।
सर्वस्वरुपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ।।२४।।
नन्दगोपगृहे जाता यशोदागर्भसंभवा ।
ततस्तौ नाशयिष्यामि विन्ध्याचलनिवासिनी ।।४२।।
स्तुवन्तो व्याहरिष्यन्ति सततं रक्तदन्तिकाम् ।४५।

कारी) उत्पन्न गरी प्राणीहरूलाई पाल्नेछु, त्यस बेला म पृथ्वीमा शाकंभरी नाउँले प्रख्यात हुनेछु । त्यस बेला म दुर्गनामको महादैत्य-लाई मार्नेछु, तव म दुर्गा देवी नामले प्रसिद्ध हुनेछु । जव म भीम (डरलाग्दो) रुप धारण गरी मुनिहरूको रक्षाका लागि हिमालयमा रहने राक्षसहरूलाई खानेछु, तब म भीमा देवी नामले प्रसिद्ध हुनेछु । तीनै लोकमा उपद्रव गर्ने असंख्य दैत्यहरूलाई अनेकौं भ्रमराहरूको रुप धारण गरी मार्नेछु । त्यस समयमा सव मानिस मलाई भ्रामरी भनि स्तुति गर्नेछन् । यसरी संसारमा जब जब दानवी वाधा उत्पन्न हुनेछ, तव तव म अवतार लिई (पृथ्वीमा ओर्ली) शत्रुहरू (दुष्टहरू) लाई मार्नेछु ।

बाह्रौं अध्याय

भगवती देवी भन्दै जानु भयो:- जो प्रतिदिन मेरो स्तुति गर्छ, म त्यसका वाधा (दु:ख) हटाई दिन्छु । जो मधु कैटभ, महिषासुर, निशुंभ र शुंभवधको प्रसङ्ग पाठ गर्ला तथा अष्टमी, नवमी र चतुर्दशीका दिन भक्तिका साथ मेरो महात्म्य श्रवण गर्ला (सुन्ला), त्यसका पाप नाश हुनेछन्, त्यसलाई विपत्ति आई लाग्ने छैन, शत्रुहरू राजपुरूष, शस्त्र, आगो र जलवाट पनि डर हुने छैन, त्यसले गरीब हुनु, आफन्ता जनबाट विछोडिनु पनि पर्ने छैन । पूजा होम आदिमा मेरो चरित्र-पाठ र श्रवण गर्नु पर्छ । शरत्का-लीन (विजयादशमी) वार्षिक महापूजामा मेरो महात्म्य सुन्ने व्यक्ति आपत्ति र वाधाबाट मुक्त तथा धन, अन्न र सन्तानयुक्त हुनेछ । शान्तिकर्म र खराब स्वप्न देख्दा मेरो महात्म्य सुन्नु पर्छ । त्यसो

शाकंभरीति विख्यातिं तदा यास्याम्यहं भुवि ।।४९।।
दुर्गा देवीति विख्यातं तन्मे नाम भविष्यति ।।५०।।
भीमा देवीति विख्यातं तन्मे नाम भविष्यति ।।५२।।
भ्रामरीति च मां लोकास्तदा स्तोष्यन्ति सर्वतः ।।५४
इत्थं यदा यदा वाधा दानवोत्था भविष्यति ।
तदा तदावतीर्णाहं करिष्याम्यरिसंक्षयम् ।।५५।।

गर्नाले दुष्ट शत्रु, राक्षस, भूत र पिसाच नाश हुन्छन्, त्यति भनी देवी अदृश्य (लोप) हुनु भयो ।

देवताहरू खुशी भै स्वर्गमा वसी यज्ञको भाग खान लागे । बाँचेका दैत्यहरू पातालमा गै बस्न लागे । त्यसरी देवी वरावर प्रकट भै संसारको रक्षा गर्नु हुन्छ । उहाँ उन्नतिमा लागेका मान्छेलाई त्यसका घरमा वसी समृद्धि प्रदान गर्नु हुन्छ र उन्नतिमा नलागेका अलिच्छलाई दु:ख र दरिद्रता दिनुहुन्छ । फूल, धूप र चन्दन आदिले पूजा गरी स्तुति गर्नाले उहाँ धन, छोरा, छोरी, राम्रो बुद्धि र उत्तम गति दिनु हुन्छ -।- ।

तेह्रौं अध्याय

मेधा मुनी भन्दै जानु भयो:– हे राजन, तपाइ र यस वैश्यलाई उनै मायास्वरुपा भगवतीले नै आफ्नो मायाद्वारा मोहित पार्नु भएको छ। तपाईंहरू उहाँकै शरणमा जानु होस् । आराधना गरिएकी उहाँ नै मानिसहरूलाई यस जीवनमा सुखभोग र मरेपछि स्वर्ग तथा मोक्ष दिनु हुन्छ । राजा र वैश्य ऋषिका प्रस्तुत कुरा सुनी उनलाई नमस्कार गरी त्यहांबाट हिंडी नदीको किनारमा गै देवीको माटाको मूर्ति वनाइ स्थापना गरी त्यसमा फल, फूल चढाई धूप वाली, हवन र देवीसूक्त जप गरी देवीको आराधना एवं तपस्या गर्न लागे । उनीहरूले पहिले कम खाए पछि खान पनि छोडेर आफ्नो रगतले प्रोक्षित वलि दि तीन वर्ष तक देवीको आराधना गरे । त्यसवाट देवी प्रसन्न भै उनीहरूलाई त्यहाँ प्रत्यक्ष दर्शन दिनु भयो र वर माग भन्नु भयो ।

राजाले त्यस जन्ममा शत्रुहरूले जितेर लगेको राज्य पुन: फिर्ता होस् र अर्को जन्ममा कहिल्यै नाश नहुने राज्य पाउँने वर मागे । वैश्यले सांसारिक माया, मोह र आशक्ति नष्ट पार्ने ज्ञान

+ स्तुता संपूजिता पुष्पै र्धूपै गन्धादिभिस्तथा ।
ददाति वित्तं पुत्रांश्च मतिं धर्मे गतिं शुभाम् ।।४१।।

मागे । देवीले राजालाई छिटै शत्रुहरूलाई मारी राज्य प्राप्त गर्नेछौ, त्यो राज्य यस जन्मभर रहने छ र अर्को जन्ममा सावर्णि मनु भै जन्मने छौ तथा वैश्यलाई मोक्ष प्राप्तिको ज्ञान प्राप्त हुनेछ भन्नु भयो । त्यति भनी देवी अदृश्य हुनु भयो ।

त्यसरी वर पाइ राजाले शत्रुलाई जिति फेरी राज्य प्राप्त गरे । वैश्य संसारबाट विरक्त भएर तपस्यामा लीन भयो । अन्त्यमा उसले मोक्ष प्राप्ति गर्‍यो ।

०–०

देवीभागवत

देवीभागवतमा १२ स्कन्ध २१९ अध्याय र १८,००० श्लोक छन् । यसमा देवी भगवतीको महिमाको वर्णन भएकाले यसलाई (देवीभागवत) भनिएको हो । यसमा अठार हजार श्लोक भएकाले यसलाई 'अष्टादशसाहस्री संहिता' पनि भनिन्छ । यसका रचनाकार महर्षि वेदव्यास हुन् । यो धर्म, अर्थ, काम र मोक्ष प्राप्तिको मुख्य साधन मानिएको छ । संपूर्ण यज्ञ, व्रत, तीर्थाटिन र दान गर्दा जुन फल मिल्छ, ती सब फल यो पुराण सुन्नाले मिल्छ भनिएको छ । यो पुराण सुन्ने (श्रोता) र भन्ने (वक्ता) दुवै यस जन्ममा सुख भोगी मरे पछि स्वर्गमा आनन्द भोग गरी अन्त्यमा मुक्त हुन्छन् भन्ने कुरा यसै पुराणको महात्म्यमा उल्लेख पाइन्छ । यो पुराण नौ दिन लगाइ सुन्ने, यो जहिले पनि सुनेहुन्छ, चैत र असोज शुक्लको प्रतिपदादेखि उक्त नवमीसम्म सुन्नु, सुनाउँनु उत्तम हो भनिएको छ र त्यसमा पनि असोज महिनाको शुक्ल पक्षको प्रतिपदादेखि उक्त नवमीसम्म पठन र श्रवण गर्नु अति उत्तम मानिएको छ ।

देवीभागवतमा मुख्यतया आदिशक्ति भगवतीको अनादित्व, सनातनत्व, सर्वव्यापकता र अविनाशीत्व, उहाँलेनै यस ब्रह्माण्ड र यसका प्राणीहरूको संरचना, परिपालना र संहार गरेको, गरिराखेको तथा पछि पनि गर्ने, ब्रह्मा, विष्णु, शिव, सरस्वती, लक्ष्मी, पार्वतीलाई पनि सृष्टि गरेको, भक्तहरू र शरणमा पर्नेहरूको रक्षा तथा उद्धार एवं दुर्जनहरूको नाश गर्न समय समयमा विभिन्न रूपमा प्रकट हुने गरेको, अवतार लिने गरेको, मधु, कैटभ,

महिषासुर, चण्ड, मुण्ड, रक्तवीज, निशुंभ र शुंभ आदि असुरहरू-लाई मारेको कुरा र उहाँकै विभिन्न अंश र स्वरूपका देवीहरूको आराधना, उपासना, प्रार्थना, स्तुति र पूजाको विधी तथा प्रस्तुत उपासना आदिवाट प्राप्त हुने लाभ (फाइदा) समेतको विस्तृत विवेचना छ ।

उपसंहार

सर्वशक्ति-संपन्ना, जगत्व्यापिनी, कल्याणकारिणी जगज्जननी भगवती माताका विशेषता र महिमासम्वन्धी प्रस्तुत वयानबाट मानिसहरू खास गरी उपासकहरूले जान्नु, बुझ्नु, मनन र अनुसरण गर्नु पर्ने सार कुरा निम्न देखिएका छन् ।

चौध भुवन र यहाँका देवता, असुर तथा प्राणीहरूको सृष्टि, पालन र संहार शक्ति (भगवती) बाटै भएको भै रहेको र पछि पनि हुनेछ अर्थात ब्रह्माण्ड र ब्रह्माण्डका जीवहरू शक्तिबाटै उत्पन्न भएका हुन् र अन्त्यमा शक्तिमानै लीन हुन्छन् अर्थात मिल्छन् ।

सबै जीवहरू शक्तिमानै अडेका छन् । जीवहरूलाई विभिन्न काम कुरामा प्रवृत गराउँने मानसिक शक्ति (कल्पना–शक्ति,, भावना शक्ति, इच्छा शक्ति र संकल्प शक्ति आदि पनि भनिन्छ), काम कुरा प्रारम्भ गराउने क्रियाशक्ति, काम कुरा पूरा गराउँने लगन-शक्ति जस्ता निराकार (नदेखिने वा स्वरूप वेगरका) शक्ति र स्त्री (चाहे आमा वा पत्नी हुन्) जस्ता साकार (देखिने शरीरधारी) शक्ति भगवतीकै अंश हुन् । त्यसकारण प्रस्तुत निराकार र साकार शक्तिहरूको आदर र सम्मान गर्नु तथा ती शक्तिहरूलाई कल्याण-कारी कार्यमा लगाउँनु अत्यावश्यक छ ।

विभिन्न ठाउँमा बालेका आगाको शक्ति (ज्वाला) एउटै भए जस्तै विभिन्न शक्ति र ती शक्तिका प्रतीक देवीहरू पनि एउटै हुन् । त्यसैकारण महासरस्वती, महालक्ष्मी, महाकाली, सरस्वती, लक्ष्मी र पार्वती पनि एउटै हुन्, अलग होइनन् । तिनका बीचमा भेद मान्नु र गर्नु हुन्न ।

आगो शक्तिमान हो, आगाको उष्णता (तातोपन) शक्ति हो । जहाँ आगो हुन्छ, त्यहाँ उष्णता हुन्छ, जहाँ उष्णता हुन्छ, त्यहाँ आगो हुन्छ । आगो र उष्णतालाई अलग गर्न वा दुई मध्ये यो सानो यो ठूलो भनि छुट्याउन सकिंदैन र छुट्टिंदैन पनि । त्यसरीनै परम पुरुष वा पुरूष र आदिशक्ति वा प्रकृति, ब्रह्मा र सरस्वती, विष्णु र लक्ष्मी, शिव र पार्वतीलाई पनि अलग मान्नु तथा भेद गर्नु हुन्न ।

जीवीय स्त्रीको सन्तानोत्पत्ति, लालन र पालनको क्रिया-लाई सूक्ष्म दृष्टिले विचार गर्दा स्त्रीशक्तिकै स्थान ठूलो देखिएकै सिर्जनात्मक काम कुरामा देवी (शक्ति) लाइने सर्वोपरि मान्नु वास्तविकता ठहर्छ ।

शक्ति उद्योगी र क्रियाशीललाई मात्र प्राप्त हुन्छ । उद्योग-हीन र निष्क्रियलाई शक्ति प्राप्त हुन सक्तैन । त्यसैले देवी या शक्ति प्राप्त गर्न चाहनेले साधना (देवी या शक्तिको आराधना, उपासना, हिंड्ने, काम गर्ने र वोल्ने शक्तिको साधन-अन्न, धन, वुद्धि उपार्जन गर्ने, शरीरलाई निरोगी राख्ने काम कुरा समेत) गर्नु, उद्योगी वन्नु र क्रियाशील रहनु नितान्त आवश्यक छ । देवीले दिनु हुन्छ भनी चुपचापसंग काम कुरा नगरी बस्नु कदापि उचित हुन्न ।

खराब काम कुरा गर्न वा अर्काको अहित गर्न देवी या शक्तिलाई प्राप्त गर्न खोजिन्छ भने शक्ति त प्राप्त हुन्छ तर त्यस शक्तिले मधु र कैटभ आदि असुरहरुलाई झैं आफुलाई नै नाश पार्छ । मान्छे ज्यादा निदाउँन निन्द्राशक्तिको उपासक बन्यो भने निन्द्रा त बढी लाग्छ तर बढी निदाउनाले स्वास्थ्य बिग्रन्छ, रोग लाग्छ र ज्यान पनि जान सक्तछ । त्यसैले खराब काम कुरा गर्नका लागि शक्ति प्राप्त गर्न खोज्नु हुन्न र प्राप्त शक्तिलाई पनि खराब काम कुरामा लगाउँनु हुन्न । पढी जान्ने बुझ्ने र बाठो हुनु राम्रो हो तर जान्ने बुझ्ने बाठो भएर अर्कालाई दुःख दिनु, झुक्याउँनु, ठग्नु र शोषण गर्नु हुन्न ।

मान्छे माया भ्रमजाल हो, त्यसका पछि लाग्नु हुँदैन, लाग्दा फसिन्छ पनि भन्छन् । माया पनि शक्ति हो । ठीकको आगो बाली तापियो, खाना पकाइयो भने न्यानो हुन्छ, खाना ठीकसंग पाक्छ, मीठो पनि हुन्छ । यसको विपरीत ठूलो आगो बालियो भने आफूलाई पोल्छ, चीज डढ्छ र खान नहुने हुन्छ । त्यसरीनै माया (शक्ति) को सेवा र प्रयोग ठिकसंग गरियो भने माया जालमा फँसिदैन ।

देवी या शक्ति केही हैन, छैन, देवीको उपासना गर्नु पर्दैन भन्ने पनि छन् तर तिनले पनि कुनै न कुनै शक्ति मानेकै पाइन्छ

त्यसैले तिनीहरु–मेरो बोल्ने, हिंड्ने, काम गर्ने शक्ति छैन–भन्छन् । बोल्न, हिंड्न र काम गर्न पनि शक्ति चाहिन्छ । मान्छे रोग लागी वा पेटमा अन्न नभै शक्तिविहीन हुन्छ र दवाइ गराउने तथा पेट भर्ने काममा जुट्छ । त्यसरी प्रस्तुत काममा लाग्नु पनि शक्तिको उपासना गर्नु हो ।

देवी या शक्तिलाई खुशी पार्न भनी त्यसैमा लागी रहनु, बढी हिंसा गर्नु, बढी खर्च गर्नु र केही नगर्नु पनि ठिक हुन्न । देवीको आराधना र पूजा गर्न शारीरिक शक्ति, मानसिक शक्ति र सामानको आवश्यकता पर्छ । त्यसैले देवीको आराधना र पूजाका साथै शारीरिक शक्ति प्राप्त गर्ने खाद्यान्न र सामान उत्पादन तथा जुटाउँने काममा पनि लाग्नु पर्छ । देवीलाई बलि दिन मारिने जीवमा पनि देवी (शक्ति) हुन्छिन् । एउटा शक्तिलाई मारी अर्को शक्तिलाई प्राप्त गर्न खोज्दा निश्चय पनि देवी प्रसन्न हुनुहुन्न । जीवलाई विभिन्न शक्तिको दरकार पर्दछ । ती शक्ति प्राप्त गर्न नै देवीको उपासना गरिन्छ । आज दैवी शक्ति प्राप्त गर्न भएको सब चीज खर्च गरी भोलि शारीरिक शक्तिलाई भोकै राखी निष्क्रिय हुँदा पनि देवीको उपासनाको काम रोकिन सक्छ । त्यसैले देवीको उपासना आफ्नो आर्थिक सीमाभित्र रहेर मात्र गर्नु पर्दछ । देवीको उपासना नगर्नु पनि ठीक हुन्न । आफ्नो गच्छे अनुसार पात, फूल, फल जे जुट्छ, त्यसैले भक्तिभाव राखी देवीको उपासना गर्नु पर्छ ।

पुराण अनुसार असुरहरूबाट पराजित व्रम्हा आदि देवताहरूले आसुरी शक्तिलाई नाश पार्न भगवतीको आराधना र स्तुति गरेको, त्यसबाट प्रसन्न भै भगवती प्रकट हुनु भएको र उहाँले असुरहरूलाई मार्नु भएको कुरा पाइन्छ । दुर्गासप्तशती (जो मार्कण्डेय पुराणको देवीमहात्म्य हो) मा व्रम्हा, विष्णु, शिव र इन्द्र आदि प्रमुख देवताहरुबाट निक्लेको तेजपुन्जबाट प्रकट हुनु भएकी देवीले असुरहरूलाई मार्नु भएको कुराको उल्लेख छ । यसबाट

असुरह्रुरुको आसुरी शक्तिको विरूद्धको देवताहरुको सगठनात्मक र सामुहिक शक्ति नै देवी हुन् भन्ने कुरा स्पष्ट हुन्छ । त्यही शक्ति वा त्यस शक्तिकी प्रतीक देवीलेनै असुरह्रुरुको संहार गरेको हो । देवीलाई राम्रा काम कुराको मूर्ति मानिन्छ । यसबाट हामी पनि संगठित भै सामुहिक शक्ति सिर्जना गरी त्यस शक्तिलाई" **सर्वजन हिताय र सर्वजन सुखायम**,,को काममा लगायौं भने कठिन र जटिल काम कुरामा पनि सफलता हासिल गर्न सक्षम हुन सक्छौं भन्ने कुराको यकिन हुन जान्छ ।

देवतालाई असल र असुरहरुलाई खराब भनिन्छ तथा देवता-हरुलाई सद्‌विचार, सद्‌वुद्धि, अक्रोध, निरभिमान दया, करूणा, स्नेह, प्रेम, इमान्दारी, नैतिकता, सदाचार, परोपकार, परसेवा, त्याग, सुस्वास्थ्य, ज्ञान, शिक्षा, संपन्नता, सामुहिक स्वार्थ आदिका र असुरहरुलाई खराब विचार, कुवुद्धि, क्रोध, घमण्ड, निर्दयता, ईर्ष्या, दुष्मनी, वेरभाव, वेइमानी, अनैतिकता, भ्रष्टाचार, अपकार, परपीड़ा, स्वार्थता, रोग, अज्ञानता, अशिक्षा, गरीवी, व्यवितगत स्वार्थ आदिका प्रतीक मानिन्छ । यस दृष्टिबाट देवासुर-संग्रामलाई आजको परिप्रेक्ष्यमा विचार गर्दा आजकल पनि वेइमानी; भ्रष्टाचार, दुराचार, गरीबी, अज्ञानता र व्यवितगत स्वार्थ जस्ता आसुरी शक्तिसंग इमान्दार, नैतिकता, सदाचार, त्याग, संपन्नता, ज्ञान र सामुहिक स्वार्थ जस्ता दैवी शक्तिको द्वन्द र संघर्ष भै रहेको पाइन्छ । त्यसैले देवताहरूले संगठित भै आराधनाबाट दैवी शक्ति प्रकट गराई त्यसद्वारा असुर अर्थात् आसुरी शक्तिलाई नाश गरे झैं हामीले पनि देवींको आराधनाबाट सद्‌विचार, सद्‌वुद्धि, इमान्दारी, नैतिकता, सदाचार, परोपकार ,प्रेम, स्नेह, संपन्नता, शिक्षा र सामुहिक स्वार्थ जस्ता दैवी शक्ति आर्जन गरी तीद्वारा वेइमानी, दुराचार, गरीबी र अज्ञानता जस्ता आसुरी शक्तिलाई नाश गर्नु नितान्त जरूरी छ ।

यस विश्व (ब्रम्हाण्ड) का संपूर्ण जीव एक दिन अवश्य न नाश हुन्छन् । प्राणी जन्मन्छ, रोगी हुन्छ, बुढो हुन्छ र नाना कष्ट भोगी अन्त्यमा मर्छ । उ दु:खले जन्मन्छ, दु:खले बाँच्छ र दु:खले नै मर्छ । कहाँबाट कसरी आउँछ ?, कसरी कहाँ जान्छ ?, आजसम्म कसैले वताउन सकेको छैन । यो भै राखेको, भोगिइ राखेको र देखिइ राखेको शाश्वत र अवश्यंभावी कुरा हो । यसलाई अन्यथा गर्न आजसम्म कसैले पनि सकेको छैन । आधुनिक विज्ञानले अनेकौं रोग पत्तालगाउने साधन (यन्त्र), रोग निवारणका अनेकौं औषधी र त्यसको प्रयोग विधीको आविष्कार गरे पनि जीवलाई अजर (कहिल्यै बुढो नहुने) र अमर (कहिल्यै नमर्ने) वनाउँने साधनको आविष्कार गर्न सकेको छैन । त्यसैले छिटो या ढिलो होस् एक दिन मर्नु पर्ने यस शाश्वत, अपरिवर्तिनीय, अकाट्य कुरालाई मनमा सधै लिई मानिसले भौतिक सुख, आनन्द र सुविधाको मोहमा मात्र नअल्मलिई देव, देवीको आराधना, पूजा, स्तुति, कीर्तन, भजन, कथा–पठन, श्रवण तथा देव देवीकै अंशमय अनाथ, असहाय, वालक, स्त्री, वृद्ध र गरीबको सहयोग, अनाथालय, वाल-आश्रम, वृद्धाश्रम स्थापना, संचालन जस्ता धार्मिक, पुण्यात्मक, पारमार्थिक र आध्यात्मिक काम कुरामा पनि प्रवृत्त र संलग्न रही शान्तिसंग जीवन विताई शान्तिसंग मरी मुक्त (मोक्ष) अर्थात् महापरिनिर्वाण प्राप्त गरी बरावर कष्टले जन्मनु, वरावर कष्टले मर्नु, वरावर कष्टले आमाका पेटमा सुत्नु (**पुनरपि जननं पुनरपि मरणं पुनरपि जननी जठराग्निशयनम्**) वरावर दु:ख पाउनु, वरावर रोगीं हुनु र वरावर बुढो हुनु जस्ता असाध्यै पीडादायी प्रक्रियाबाट संधैका लागि मुक्त (मोक्ष) हुन प्रयत्नशील रहनु अतीव आवश्यक छ । अस्तु ।

१३००

(समाप्त)

विजयादशमी/९६

लेखक

जन्म मिति :– १९९४

जन्म स्थान :– तेह्रथुम खाम्लालुङ्ग गा. पं. पाकतिन ।

वसोवास :– कुरिया गाउँ, ववरमहल, काठमाडौं ।

कृति :– साहित्यिक (कविता संग्रह २, कथासंग्रह १, उपन्यास ४ समेत) ७, धार्मिक तथा सांस्कृतिक (पूजा–दर्पण, विजया – दशमी र प्रेममा पर्वमाला समेत) ३ ।

अनुरोध :–

वैशाख १ देखि चैत्र ससान्त सम्मका ५० पर्वहरूका महत्व, शास्त्रीय आधार, ती पर्वहरूमा लिईने व्रत र पूजिने देव, देवीहरूका विशेषता, पूजा-विधी र उपलब्धी जस्ता काम कुराको यथार्थ र विस्तृत जानकारीले भरपूर, यसका लेखकद्वारा लिखित, वेद, पुराणहरूमा आधारित प्रामाणिक, धार्मिक तथा सास्कृतिक पुस्तक, "पर्व-माला" धर्म र संस्कृतिको प्रेमी तथा अनुरागी एवं विद्यार्थीहरूका लागि ज्यादै उपयोगी छ । त्यसैले यो पुस्तक एक प्रति अनिवार्यरूपले घरमा राख्न र पठन – पाठनद्वारा यथार्थ जानकारी लि मानिआएका चाडहरू शास्त्रीय विधिले मनाउन समस्त दाजु, दिदी भाई र बैनीहरूसँग हार्दिक निवेदन गर्दछ ।

प्रकाशिका